# संघीय संसद

# राष्ट्रिय सभा

# पन्ध्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# १४ फागुन २०८०

# सोमवार

# बैठक सङ्ख्या- ७

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको ११:०१ बजे प्रारम्भ भयो ।

(११:०३ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू राष्ट्रिय सभाको आजको बैठकको कार्यबाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरू विशेष समयमा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। अब म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु। माननीय माया प्रसाद शर्मा।समय १५ मिनेट। यसपछि माननीय दिल कुमारी थापा रावल "पार्वती" ।

(११:०४ बजे) **माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभाको पन्ध्रौं अधिवेशन चलिराखेको छ । र पहिलो अवधि ६ वर्ष केही दिनपछि पूरा गर्दै छौं । र यसका विभिन्न अनुभवहरू अनुभूतिहरू र विभिन्न राष्ट्रिय सभाले गरेका कामहरू छन् । यो अवधिले पूरा गरेका कामहरूका विषयहरू छन् । र यो परिवर्तनपछि यो अवसर प्रदान गर्नुहुने एउटा आज संयोग देखापरेको छ । नेपालमा गणतन्त्र स्थापनाका लागि नेपाली जनताको जनयुद्ध सुरु भएको थियो आजकै दिन, गोर्खाको दिलबहादुर रम्तेल, मानबहादुर ओली जाजरकोट, मानबहादुर रावल जाजरकोटले आफ्नो उच्च बलिदान

गर्नुभएको थियो । उहाँहरूको २९ औं स्मृतिमा म उहाँहरूप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । र भर्खरै जाजरकोटमा गएको भूकम्प, विभिन्न दुर्घटनामा भएका घटनाहरूमा विभिन्न घटनाहरूमा दिवंगत हुनुहुने प्रति पनि हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । र घाइते, अपाङ्ग सबैको स्वास्थ्य लाभको कामना गर्न गर्दछु । र यो विशेष गरेर अहिले पन्ध्रौं अधिवेशनकै सिलसिलामा सहभागी हुने विजयी माननीयज्यूहरूलाई बधाई दिन चाहन्छु । र हामी फेरि यही मञ्चबाट बोलिँदैन होला, हामी बिदाइ हुने सबै माननीयज्यूहरू यो अन्तरालमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेर जाँदै हुनुहुन्छ । सकारात्मक स्मरण गर्न चाहन्छु अहिलेलाई । र म विशेष गरेर अलि आज भुकम्प केन्द्रित विषयहरू राखेछु। भर्खरै जाजरकोट, रुकुम, सल्यान र दैलेखका केही भूगोलहरू, भूभागहरूमा पनि भूकम्पले ठुलो क्षति पैदा गरेको छ । र हाम्रो देश विश्वमै ११ नम्वरमा पर्दो रहेछ भूकम्पका हिसाबले । र दक्षिण एसियामा पाँचौं नम्बरमा पर्दो रहेछ जोखिमपूर्ण छ भन्ने कुरा नै बुझ्नुपर्छ मैले प्राप्त गरेको रेकर्ड अनुसार २०८०, १२८०, १३१२, १४०१, १७७१, १८३४, १८६५, १८८२, १८९०, १८१४, १९२३, १९३८, १९९०, २०४५, २०७२, र २०८० गरेर ठुलठुला भूकम्पहरू देशमा जाने गएको इतिहास भेटिन्छ । र आज पनि जोखिमपूर्ण छ । यो अवस्थामा हामीले विशेष गरेर सजग रहने कुरा, सचेत रहने कुरा र त्यसमा विशेष राज्यले नै मेहनत गरेर ध्यान दिनुपर्ने अवसर देखिन्छ । र अहिले जाजरकोटको भूकम्प जाने बित्तिकै खोज, उद्धार, राहत, अस्थायी आवास र पुनर्निर्माणका विषयहरू अहिलेका आवश्यकताका विषय हुन् । र त्यहाँ पहिलो चरणमा सरकारले ऐतिहासिक भूमिका नै निर्वाह गरेको छ जस्तो लाग्छ खुसी नै छौं र छन् जनताको हिसाबले पनि। प्रधानमन्त्री सोही दिनमै भोलिपल्ट नै, सम्माननीय प्रधानमन्त्रीको उपस्थिति सहित त्यहाँ भूकम्प क्षेत्रहरूमा, जाजरकोट रुकुमका भूभागहरूमा जानुभयो क्रमशः सम्माननीय राष्ट्रपतिज्यू, माननीय मन्त्रीज्यूहरू, विभिन्न समितिका सभापतिज्यूहरूको नेतृत्वमा समितिहरूले पनि त्यहाँ सहभागिता जनाएर दुःखको क्षणमा ऐक्यबद्धता जाहेर गर्ने कुरामा, सहयोगमा एकताबद्ध हुने कुरामा महत्त्वपूर्ण भूमिका नै रहेको स्थिति देखिन्छ । खोज, उद्धार र राहत तीव्र गतिमै भएको हो त्यो २०७२ सालको भूकम्पजाँदा हामी धेरै समय लागेको थियो । असार साउनतिर हामी त्यहाँ सिन्धुपाल्चोकमा जाँदाखेरी त्यहाँ शव पनि कतिपय जमिनभित्रै थियो । क्षतविक्षत ठाउँहरू उद्धार गर्नुपर्ने स्थिति थियो त्यो रहेन । त्यो छिटो छरितो र जिम्मेवारीपूर्वक तरिकाको पहलकदमी रहेको स्थिति देखिन्छ । र यो स्थितिमा, अब तत्कालका दुई दिन भित्रै पाँच पाँच करोडका दरले रकम पठाएर त्यहाँको समस्याहरू हल गर्ने कुरा र भूकम्पबाट प्रभावित जुन प्रकारको क्षति भएका राहतको कुरा होइन जो दुवै जिल्लामा गरेर एक सय सन्ताउन्न, अन्ठाउन्न जनाहरूको अब ज्यान गएको थियो । र त्यसपछि गएर पुनर्निर्माणका हिसाबको कामहरू अझ बाँकी नै

रहेछ । अस्थायी आवासको हिसाबले, अस्थायी आवास निर्माणका निमित्त पनि धेरै राजनीतिक दलसँग सम्बद्ध, स्वयंसेवकहरू, युवा विद्यार्थी, युवाहरू सबैको उपस्थिति संघसंस्थाहरूबाट पनि महत्त्वपूर्ण भूमिका नै रहेको स्थिति देखिन्छ । तर केही ढिलाईहरू अवश्य पनि छन् । आवासहरू विशेष गरेर अहिलेसम्मको हिसाबले हेर्ने हो भने जाजरकोटमा ४३ हजार घर लाभग्राही भएको स्थितिमा २४-२५ हजार को रकम गएको स्थिति देखिन्छ । रुकुममा ३१ हजार भन्दा बढी लाभग्राहीहरूको उसमा २६,००० घरहरू बनेको, सल्यानमा ११७ बनेको स्थिति रिपोर्टहरू प्राप्त भएको छ । तर पनि आज केही बाँकी रहेको स्थिति छ । र जुन प्रकारको स्थिति रुकुम, जाजरकोट, सल्यान, र पहिले केही समय अगाडि २०८० असोज १६ र कार्तिक २२ मा डोटी र बझाङमा पनि भुकम्प गएको थियो । त्यो पुनर्निर्माणका कामहरू अहिलेसम्म पनि बाँकी छन् । ती सबै गर्ने पनि ९८ हजार वरपर घर पुनर्निर्माण गर्नुपर्ने जस्तो देखिन्छ । सबै ठाउँमा त्यतिबेला जाँदा घुम्दा म पनि एक महिना त्यही जिल्लामा त्यही जिल्लाको प्रभावित क्षेत्रका हिसाबले पनि सातवटै पालिकामा, जाजरकोटका सातवटा पालिकामा जनस्तरसम्म जाने स्थिति र आवश्यकता अवश्य पनि थियो । त्यहाँ जाँदा ढलेका घरहरू क्षतिग्रस्त छ र उभिएका घरहरू पनि बस्नलायक छैन । विशेष गरेर पश्चिम क्षेत्र भूगोलको पश्चिम भूगोल भूकम्प हिसाबले बढी प्रभावित हुने स्थिति देखिन्छ । त्यहाँ अहिले पनि उभिएका घर मात्र देखिएन पनि वस्नलायक छैन कुनै न कुनै ढङ्गले त्यहाँ क्षतिहुने स्थिति देखिन्छ । यस्तो स्थितिमा केही राज्यले अहिले नै सकारात्मक पहल गर्नुपर्छ । र यसलाई चुनौतिलाई अवसरको रूपमा बदल्न सरकार तयार हुनुपर्छ । फेरि पनि त्यही ठाउँमा अर्कोपटक पनि भूकम्प गएर क्षति भयो । मान्छेहरू मरे, घाइतेहरू भए फेरि पनि पुनर्निर्माण उसको पुनर्आवासको कुरा उठेको छ, राहतको कुरा उठेको छ भन्ने स्थिति आउन दिनुहुन्न । कुनै पनि समस्या आयो भने समाधान निकाल्न सक्नुपर्छ र त्यो सकारात्मक ढङ्गले बोध हुने किसिमले निकाल्दा उपयुक्त हुन्छ जस्तो लाग्छ । त्यहाँ जुन प्रकारको समस्याहरू देखा परेका छन्, यी समस्याहरू धेरै क्षतिहरू धनजनको क्षतिहरू पनि भएको छ । विद्यालयहरू क्षतविक्षत छन् अहिले पनि, पानी धाराहरू मूल सुकेका छन्, धुवाँ, धुलोहरू व्याप्त छ। विद्युत लाइनहरू जोड्न गाह्रो भइराखेको स्थिति, सबै ठाउँमा विद्युतलाईनको समस्या सञ्चारको पनि त्यहाँ हाम्रो सञ्चारमन्त्रीज्यू गएको होला । त्याहाँ उहाँ सञ्चारमन्त्रीज्यूसँग पनि त्यहाँ राख्या थिए। समुदायले पनि र केही जोडिएको छ केही बाँकी छ । यी सबै हिसाबले हेर्ने हो भने क्षतविक्षतको स्थितिलाई कसरी हामी पुनर्निर्माण गर्न सक्छौं । ढिलाई नगरिकन अब बर्खा पनि लाग्छ । अब हिउँद गयो, चिसो त जेनातेना कटायो अब फेरि यति ढिलो हुँदैगयो भने जनताले दुःख पाउने स्थिति छ । यसमा राज्यले विशेष गरेर

धेरै चतुर्याईं गर्नुपर्ने देखिन्छ । र अर्कोतिर केही अभावहरू अवश्य पनि छन् । माथिबाट रकम जाने तल स्थानीय तह, प्रदेशले पनि पहलकदमीको केही अभावहरू छन्  । त्यसलाई अलिकता पहलकदमी लिनेमा बेसी जोड गर्नुपर्ने । त्यहाँ छनौट गर्दागर्दै राहत लिएर राहत वितरण गर्ने प्रणाली त्यही देखिन्छ । त्यो मन्छेको, जनताको चेतना पनि त्यही काम हुन्छ  । एउटाले राहत लिने वुझेर आर्काको फेरि आफ्नै लिएको राहत वितरण गर्ने पनि सानातिना कुराहरू पनि भइराखेको स्थिति पनि हो । तर पनि के हो भन्दाखेरि केही कुराहरू सुल्झाउनु पर्ने विषयहरू छन् ।

अब कर्मचारीहरूमा नीतिगत व्यवस्था, वित्तीय र संगठनिक शुद्धिकरण गर्न जरुरी छ । नीतिगत कुराहरू पनि अहिले कार्यविधि बनेको छ या छैन ? अब बनेको भए छिटो पठाइदिन त्यहाँ गएको छैन भनेर बुझिन्छ । घर कसरी निर्मण गर्ने भन्ने केही उसका कुराहरू छन् । र त्यसको वित्तीय व्यवस्थापन गर्ने अब जसरी त्यहाँ पुनर्निर्माण गर्दाखेरि हिजोको भन्दा अलिकता केही समयका हिसाबले पनि समय, महङ्गीको समय रहेको स्थिति र भूबनोटका हिसाबले पनि सबैभन्दा पिछडिएको भूगोल त्यो ठाउँमा सामानहरू आदानप्रदान गर्दाखेरि पनि महँगो पर्ने र लिन हिजोकै उसमा ३ लाख कति छुट्याउने गरेको रहेछ राहतको हिसाबले अहिले ३ लाखले पुग्छ कि पुग्दैन? भन्दा त्यहाँ पुग्ने स्थिति देखिँदैन । कम्तिमा १० लाख एउटा लाभग्राहीलाई पुनर्निर्माणका निमित्त दिने हो भने सामान्य ऊ गर्न सकिन्छ र २५-३० लाखको कर्जा व्यवस्थापन गर्ने, गर्यो भने फेरि पुनर्निर्माणको फेरि झन्झटबाट मुक्त गराउन सकिन्छ जस्तो देखिन्छ । र यसको हिसाबले पनि त्यो वित्तीय उसको हिसाबले पनि त्यहाँ केही सोच्नुपर्ने। र अर्कोतिर प्राविधिक रूपले भूगोलको अध्ययन गर्नुपर्ने जरुरी छ । भूगोल खस्किएको छ, चिरा परेको छ, फाटेको छ । जस्तै नलगाड नगरपालिकाको वार्ड नं १ चिउरी र पाली पुरै भ्वाङ परेको छ । र माथिबाट माथि लेकबाट एउटा उसको जमिन छुट्टिएको स्थिति छ । यसलाई अब छुट्टिएको छ, मिल्छ अथवा भूकम्प नगएको भएरल्छ भनेर मात्र पुग्दैन । त्यसको भूगर्वहरूबाट अध्ययन गराउनुपर्छ। त्यहाँ भूगोलहरूमा कुन कुन ठाउँमा भूगोल बसोबास गर्नका निमित्त उपयुक्त छ या छैन भन्ने सोच्यौं भने अहिले पूर्ण निर्माणका निमित्त बस्ती व्यवस्थापनका हिसाबले, वस्तीको विकास गर्नका हिसाबले पनि केही मद्दत गर्छ जस्तो लाग्छ । त्यहाँ हामीले भूवनोटको बारेमा पनि हेर्नुपर्ने जस्तो देखिन्छ। राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट निर्माण गर्ने कुरा निजी आवास जस्तै कतिपय पाँच नाले, चार नाले घरहरू उहाँ थाप्लेमा रहेका छन्, तिनी भत्किएका छन्  । जाजरकोट दरबार ऐतिहासिक दरबार हो १७१३ देखि त्यहाँ निर्माण भएको त्यहाँ वि.सं. १४४५ देखि यतातिर बनेको दरवार भत्किएको छ । त्यसलाई एउटा

सङ्ग्रहालयको रूपमा विकास गर्नुपर्ने स्थिति देखिन्छ । र घरको बीमा व्यवस्थापन गरियो भने केही सहुलियत हुने स्थिति देखिन्छ । पूर्व प्राकृतिक सूचना प्रणालीलाई व्यवस्थित गर्न सक्यौं भनेपछि त्यसलाई अलिकता सजिलो हुन सक्ने स्थिति छ । बस्ती विकास चिउरी, पाली, कलपत लगायतका नयाँ ठाउँमा राख्नुपर्ने स्थिति संघ, प्रदेश र स्थानीय तहको एक साथ परिचालन गर्ने विधिको विकास गर्नुपर्ने र त्यसको व्यवस्थापन गर्नुपर्ने जरुरी छ । आपत्कालीन (....समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय रमेशजंग रायमाझी । समय १५ मिनेट । त्यसपछि माननीय सिंग वहादुर विश्वकर्मा ।

**(११:२७ बजे) <u>माननीय श्री रमेशजंग रायमाझी (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, संघीय संसद, हामीहरू यो संघीय संसदभित्र राष्ट्रिय सभा र प्रतिनिधि सभा पर्दछन् । राष्ट्रिय सभाबाट उत्पत्ति भएको एउटा विधेयक जुन मर्यादा विधेयक यहाँबाट सर्वसम्मत रूपमा गएर प्रतिनिधि सभामा गएको छ। त्यो प्रतिनिधि सभाबाट फर्केर आउने हो कि होइन? प्रतिनिधि सभाले त्यसलाई टेबुल त गरेको छ तर त्यो प्रतिनिधि सभाबाट मन्त्रीहरूको अभिव्यक्ति सुन्दाखेरि, मन्त्रीहरूसँग भेटघाट गर्दाखेरि, त्यो विधेयक बनाउँदै गर्दाखेरि सरोकारवालाहरू, व्यक्तिहरू, मन्त्रीहरूसँग भेट्दाखेरि हामीले त्यतिखेर पनि भनेको थियौं, यो विधेयकको विषयमा छलफल गर्दाखेरि र हामी सर्वदलीय रूपमा, सबै दलका नेताहरू र माननीयज्यूहरू सबैले भेट्दाखेरि पनि प्रतिनिधित्वको रूपमा भेट्दाखेरि यो विधेयक चाहिँ गृह मन्त्रालयको हक अधिकारभित्र पर्छ भन्ने खालका अभिव्यक्तिहरू पनि आएका थिए त्यतिखेर मन्त्रीहरूको । र त्यसमा लबिङ पनि भएको थियो । त्यसमा किनभने राष्ट्रिय सभा र प्रतिनिधि सभाको सभामुख र अध्यक्षलाई माथि राखेको, प्रधान न्यायाधीशलाई तल राखेको विषयमा एउटा ठुलो भूकम्प नै गएको थियो । र त्यो त्यतिखेर ठुलो delegation जाने, प्रधानमन्त्रीलाई पनि भन्ने, न्यायालयका मान्छेहरूको त्यस्तै थियो, अन्य क्षेत्रको त्यस्तै थियो । त्यसकारण आज त्यो एउटा विधेयक चाहिँ यहाँबाट सर्वसम्मत रूपमा पास भएर गएको छ । र राष्ट्रिय सभाले पास गरेको विधेयकलाई प्रतिनिधिसभाले तुहाउने काम गर्‍यो भने संसदको गरिमा, संघीय संसदको गरिमा के हुन्छ? त्यो पनि सरकारले त्यतातिर ध्यान दियोस् भन्न चाहन्छु ।

अब हाम्रो एउटा गीतामा श्लोक छ "कर्म गर्नु फलको आशा नगर्नु" भन्ने । आज नेपाली जनताले त्यही कुराको आशा गर्नुपर्ने हो कि? कर्म चाहिँ गरे नेपाली जनताले । सबै राजनीतिक

पार्टीहरूलाई आफ्नो आफ्नो निर्वाचन क्षेत्रमा मत हाले, राष्ट्रिय सभामा स्थानीय निकाय र प्रदेशका प्रतिनिधिहरूले भोट हाले र हामीलाई यहाँ जनप्रतिनिधि बनाएर पठाइदिए । अनि ती व्यक्तिहरू, ती जनताले सरकारबाट, राज्यबाट आशा गर्ने कि नगर्ने? त्यो आज हाम्रोबिचमा एउटा ज्वलन्त अवस्था छ । किनभने हामीले गरिरहेका छैनौं । हामी आफू यहाँ पुगेर पछि जनतापट्टि हामी फर्केर हेरिरहेको छ कि छैन? जनताले खोजेको कुराको हामी delivery दिन खोजिरहेका छौं कि छेनौं? जनताले चाहेको कुराप्रति हामीले ध्यान दिन खोजिरहेको छौं कि छैनौं? केवल संसदमा माननीयहरूले कुरा उठाउने, एउटा कानबाट सरकारले सुन्ने अर्को कानबाट उडाउने मात्रै काम हुन्छ भने "यो कर्म गर फलको आशा नगर" भने जस्तो देखिन्छ । त्यसैले म सरकारसँग आग्रह गर्न चाहन्छु, अनुरोध गर्न चाहन्छु, सरकारले जनताबाट उठेका कुराहरू, आज सडकमा हिजो मिटरब्याजीहरू आए । हामीले अध्यादेशहरूबाट कानुन बनायौं । फेरि ५ महिना, ६ महिना नहुँदा ती मान्छेहरू फेरि फर्किएर किन आए? हाम्रो दुरदर्शिता कति रह्यो त? हामीले गरेको निर्णय, संसदले गरेको निर्णय, राज्यले गरेको निर्णय ६ महिनामा उल्टिराखेको छ भने हामीले ५० वर्ष पछाडिलाई सोचेर कानुन बनाउनुपर्ने हो कि होइन? अहिले फेरि मैले यहीं रोस्टमबाट भनें गृह मन्त्री र प्रधानमन्त्रीको उपस्थितिमा मिटरब्याजीहरू दुईतिरबाट पैदल यात्रामा आइरहेका छन्, काठमाडौंमा । फेरि पनि जुलुस, नारा हुन सक्छ, धर्ना हुन सक्छ । समयमै राजमार्गमै यहाँ प्रशासन छ, सरकारका प्रतिनिधिहरू गएर त्यही त्यसको व्यवस्थापन गर्ने काम गरियोस् भन्ने छ । अहिले काठमाडौंमा मिटरब्याजी आएका छन् । खान नपाएर कता कता भौंतारिएर हिंडिरहेका छन्, कता कता बास बसिरहेको छ । यातायातको असुविधा भइसक्यो काठमाडौंमै, हिंड्न नसक्ने अवस्था सिर्जना भइसक्यो । समयमा ध्यान नदिने, समयमा माननीयले उठाएको कुरालाई वास्ता नगर्ने, अनि अहिले फेरि हिजो मात्रै गृह मन्त्रालयले सहसचिवको नेतृत्वमा वार्ता टोली ..... गठन गर्ने, यो के खालको परिस्थिति हो हाम्रो? हामी चाहिँ कुन बाटोमा जान खोजिरा' छौं? केवल सुन्ने र भन्ने मात्र हो यो संसद भनेको? यहाँ कुरा उठाउन र चर्चा र परिचर्चा गर्ने मात्र थलो हो यो? यसको कार्यान्वयन गर्नुपर्छ कि पर्दैन? मलाई अचम्म लाग्छ । यसकारण पनि यो खालको हिसाबले यो मैले अघि भनें यो गीताको श्लोक गलत छ भने अब कि गलत प्रमाणित गर्नुपर्‍यो, गलत प्रमाणित गर्नुपर्‍यो सरकारले । कर्म गर फलको आशा हैन, कर्म गर फलको आशा हुन्छ । तिमीहरूले हामीलाई मत हालेका हौं, तिमीहरूको जनप्रतिनिधि हामी हौं, त्यसकारण हामीले कर्मको फल दिन्छौं भन्ने खालको सन्देश दिनु जरुरी छ भन्ने मलाई लाग्छ ।

अब संघीय कानुनहरू नबनाइदिने, संघीय कानुनहरू नबनाइदिने, अनि त्यहाँबाट संघको र प्रदेश, प्रदेशमा पनि हामीले हाम्रै मान्छेहरू सरकारमा छन्, जनताका प्रतिनिधिहरू सरकारमा छन् । प्रदेशको सरकारको र केन्द्रको सरकारको बिचको यो मुठभेडको स्थिति छ आज । हामीलाई कानुन छैन भनेर मुख्यमन्त्रीहरू कोही आन्दोलन गर्छौं भन्छन्, कोही हडताल गर्छु भन्छन्, कोही अनसनमा बस्छु भन्छन्, प्रधानमन्त्रीलाई भेट्छन्, delegation मा जान्छन्, समस्याको समाधान हुन्छ भन्छन्, दुई दिन समस्याको समाधान हुन्छ, फेरि अर्को बैठक बस्ने भनेर निर्णय हुन्छ । यस्तो खालको सरकारको संघीय सरकार र प्रदेश सरकारको बिचमा जुहारी खेलाइ छ । त्यसकारण यो अधिकार प्रत्यायोजन किन गाह्रो भएको? अधिकार दिनलाई किन गाह्रो भएको? यहाँको अधिकार दिएर चाहिँ गाह्रो हुने हो भने हिजो हामीले संविधान लेख्दाखेरि सोच्नुपर्थ्यो नि । यी यी कुराहरू हामीले दिन सक्दैनौं भनेर । अब आज एउटा कर्मचारी कसले कुन मन्त्रालयको कर्मचारीलाई के भन्दिन्छ, त्यसको भरमा हामी राजनीतिक पार्टीहरूले निर्णय गर्ने हो? सरकारले निर्णय गर्ने हो? होइन । त्यसकारण पनि यी कुरामा सरकारले ध्यान दिनुपर्छ भन्ने मलाई लाग्छ ।

यस वर्ष अबको बजेटको अहिले अब सिद्धान्त र प्राथमिकतामा छलफल गर्ने भनेर सरकारको तर्फबाट आज पेस गर्ने भन्ने आइरहेको छ । यसको लागि म स्वागत गर्न सक्छु । समयमै यो कुरा आएको छ, समयमै छलफल हुनुपर्छ । यसपालि आउने बजेट जनताको पक्षमा बनोस् । कुनै एउटा विशेष जिल्ला र कुनै एउटा विशेष नेताको क्षेत्रमा नबनोस् । जनताले सबैसँग सांसदहरूले प्रतिनिधित्व गरेको क्षेत्रमा पुगोस् बजेट । त्यो बजेट र त्यसलाई समयमा कार्यान्वयन गराउने पक्षमा सरकार जाओस् भन्ने पनि चाहन्छु ।

अब मिटरब्याजीहरू सडकमा आएर बसिरहेका छन् । अब यो मिटरब्याजी मात्रै होइन सहकारीको समस्या छ, लघुवित्तको समस्या छ, समस्यै समस्या छ । यो समस्याको समाधान सरकारले खोज्नुपर्‍यो । सरकारले सक्दैन भने संसदलाई जिम्मा दिनुपर्‍यो । संसदको टोलीहरू गठन गर्नुपर्‍यो । त्यो संसदीय टोलीले गएर त्यो व्यक्तिहरूसँग वार्ता गर्छ, छलफल गर्छ, निष्कर्ष ल्याएर दिन्छ, प्रतिवेदन तयार गर्छ, सरकारले त्यसलाई कार्यान्वयन गर्नुपर्‍यो । नत्र भए यो व्यवस्थाप्रति मान्छेको औंलो उठिसकेको छ, हामीप्रति औंलो उठिसकेको छ । यसलाई निराकरण गर्ने काम पनि हाम्रै हो । मैले पटक पटक यो सदनमा भनेको छु । हामीले सरकारलाई, मन्त्रीहरूलाई त छुच्चो भएजस्तो लाग्दो होला, उहाँहरूलाई । पटक पटक मन्त्री भएका छन् साथीहरू । अनुभव नभएको पनि होइन, अनुभव छ तर अनुभवलाई कार्यान्वयन किन गर्दैनन्? त्यसकारण अनुभवीबाट मात्र हुँदो रहेछ भन्ने पनि हामीलाई लाग्न छोड्यो ।

त्यसकारण नयाँ spirit, नयाँ जोस, जाँगर बोकेका मान्छेहरूले आएर काम गर्नुपर्‍यो भने हामीहरूले पटक पटक यहाँ हाउसमा कुरा उठाएको हो । अहिले अब मन्त्रीको राजीनामाको कुरो पनि आइराख्छ बेला बेलामा । अब यो मन्त्रीले कतिखेर राजीनामा गर्नुपर्ने हो कि होइन? यसको विययमा पनि सरकारले, यो संसदले सोचोस् भन्ने मलाई लाग्छ । अब कुनै मन्त्रीको बारेमा भ्रष्टाचारको आरोप लाग्यो भने त्यो मन्त्रीलाई निलम्बन गरौं, १५ दिनजति निलम्बन गरौं र १५ दिनभित्रमा ऊप्रति लागेको लाञ्छना सही हो कि होइन? १५ दिनभित्रमा निक्यौंल गरौं । १५ दिनभित्रमा उसले गरेको अपराध हो भने उसलाई दण्ड दिऊँ, होइन, उसले गरेको होइन भने उसलाई फेरी त्यही पदमा पुनर्बहाली गरेर अगाडि बढौं । अब एउटा प्रतिवेदन आएको छ, पढिसकेको छैन सरकारले, सरकार बाहिर out गरेको छैन, त्यहाँ के लेखेको छ एउटा मिडियाले भन्देको भरबाट, एउटा व्यक्तिले भन्देको भरबाट हामी सरकारका मन्त्रीहरूको राजीनामा माग्ने पनि यो पनि अभ्यास राम्रो होइन कि जस्तो लाग्छ । किनभने हामी संसद अवरोध गर्छौं । संसदमा हाम्रो स्कुलमा पढ्ने बच्चाहरू संसदमा आएर सिक्न आइरहेका, अभ्यास गर्न आइरहेका हुन्छन् । हाम्रो अभ्यास देखेर त्यो बच्चाहरूले के भन्छ हामीलाई? कानुनको विद्यार्थीहरू सिक्न आइरहेको हुन्छन्, संसदमा माथि बसेर हेरिरहेका हुन्छन् । तल माननीयहरू लाप्पा खेलिरहेका छन्, माननीयहरू । माननीयहरू मुक्कामुक्की गर्ने स्थिति सिर्जना भा' छ, कुर्सी हानाहानको स्थिति छ । एकथरी मान्छे रोस्टम घेरिरहेका छन्, अर्को थरी मान्छे रोस्टम जोगाउन परिरहेको छ, मर्यादा पालकहरू । यो हिसाबले हामी चल्यौं भने हामीलाई हामीले आफ्नो दायित्व र कर्तव्य पूरा नगरेको देखिन्छ ।

र एकजना माननीयज्यूले अस्ति नै यहीं संसदबाट भन्नुभयो, कति दिनसम्म अपमानित भएर यो संसदमा बोल्ने? मलाई त अलिकति अप्ठ्यारो पनि लाग्यो । उहाँ सरकारको सिफारिसमा राष्ट्रपतिबाट नियुक्ति भएर आउनुभएको । यो संसदमा जनताका मतबाट, जनताबाट निर्वाचित भएर आएका स्थानीय र प्रदेश र माननीयहरूबाट निर्वाचित भएर आएका सांसदहरू छन् । हामी त गौरव गर्छौं । म मात्रै होइन यो संसदमा आएका सबै माननीयहरू हामी गौरव गर्छौं । हामीले जनताका मुद्दाहरू यहाँ उठाउन पाएका छौं, जनताका कुराहरू उठाउन पाएका छौं, जनताले हामीलाई हाम्रो समस्या पर्‍यो भनेका छन्, ती मुद्दाहरूलाई हामीले यहाँ सम्बोधन गर्न पाइरहेका छौं, सरकारलाई सुनाउन पाइरहेका छौं । हामी त हीनताबोध गर्दैनौं, हामी गौरव गर्छौं र यो संसद हीनताबोध गर्ने थलो पनि होइन । त्यसकारण हिजोको दिनमा आफूले ठुल्ठुलो जिम्मेवारी बोकेको एउटा नेताले यो राष्ट्रिय सभामा आइसकेपछि त्यस्तो खालको अभिव्यक्ति दिनु त्यति सान्दर्भिक, राम्रो होइन जस्तो मलाई लाग्छ । किनभने आज जुन स्थिति देखिँदै छ, यो

स्थिति एउटा आफूले गरेका कुराहरूले त्यसको प्रभाव के पर्छ? त्यसको प्रभाव यो संसदप्रति के पर्छ? राज्यप्रति के पर्छ? भनेर कुरा पनि एउटा माननीय भइसकेको मान्छे, पटक पटक मन्त्रीको जिम्मेवारीसम्म सम्हालिसकेको मान्छेले त्यस्तो खालको अभिव्यक्ति दिनुहुँदैन । र उहाँहरूले संसदमा, यहीं रोस्टममा जसरी बोल्नुभयो, यो रोस्टममा आएर क्षमा याचना गर्नुपर्छ भन्ने मलाई लाग्छ ।

र अब जहाँसम्म अहिले दुध थियो, किसानहरूले दुध उत्पादन गरिरहेका छन्, ऋण लिएर गाई, भैंसी पालेका छन्, ७ अर्बभन्दा बढी किसानको पैसा दिन बाँकी छ रे । किसानले सरकारलाई अथवा डेरीलाई उधारो दियो? र त्यो डेरीले हामी कुन चाहिँ माननीय र मन्त्रीलाई कुन चाहिँ डेरीले हामीलाई पनि उधारो दियो? हामीले कता उधारो खा'को छौं? हामीलाई नाम list दियोस् न त । हामी तिनीसंग असुल गर्दिन्छौं । होइन भने किसानले दिएको दुधको पैसा तिर्ने, त्यो पैसा कहाँ गयो? त्यो पैसा गयो कहाँ? एउटा किसानले दिनको १० लिटर दुध बेचेर त्यसको आहारा चाहारा किन्नुपर्छ त्यो गाई भैंसीको । अनि त्यति मात्रै होइन आफ्नो परिवार पाल्नुपर्छ । त्यो किसानको महिनौं महिनौंदेखिको दुधको पैसा रोक्ने, अनि त्यस्ता मान्छेहरूलाई कारबाही नगर्ने, सरकार मूकदर्शक भएर बस्न मिल्छ कि मिल्दैन? सरकार केको लागि गठन भएको छ, सरकार? म बुझिराखेको छुइन । सरकार किन चाहियो हामीलाई? सरकार चाहिएको जनताको सुरक्षा गर्छ भनेर, जनतालाई परेको पिर मर्कामा आवाज उठाउँछ भनेर, त्यसलाई निराकरण गर्छ भनेर, संसदले उठाएको कुरालाई निराकरण गर्छ भनेर चाहिएको हो नि सरकार हामीलाई । केवल दुई ठाउँमा मान्छेलाई मन्त्री बनाउनलाई यो राज्य व्यवस्थामा हजारौं मान्छेले बलिदान दिएको होइन नि, हामी दुई/चार सय मान्छेलाई माननीय बनाउनलाई बलिदान दिएको होइन नि । तर हामी देखिरा' छौं हामी केवल सत्तामा पुग्दाखेरि खुसी हुने, सत्तामा रमाउने, सत्तामै रमाइलो गर्ने, यसरी राज्य चल्न सक्दैन । यो पनि यो सरकारले किसानको मर्का बुझोस् र समयमा किसानको भुक्तानी गरोस् भन्ने चाहन्छु ।

र हामीसँग अहिले परिवर्तन त हामीले गर्‍यौं, ठुलो राजनीतिक परिवर्तन गर्‍यौं हामीले । प्रजातन्त्र ल्यायौं, प्रजातन्त्रको नाम पछाडि हामीले लोकतन्त्र भन्यौं, लोकतन्त्र पछाडी गणतन्त्र ल्यायौं । यति भएसी त मलाई के लाग्थ्यो भने विद्यार्थी राजनीति गर्दै जाँदाखेरि अब त देशमा सबै मान्छेहरू खुसी हुन्छन्, नेपाली जनताले खुसी भन्ने दिन आयो, अब खुसीका साथ बाँच्न पाउँछन्, मलाई लाग्थ्यो । तर अहिले पनि कर्णालीका जनताहरू नुन किन्नलाई, एउटा नुन किन्नको लागि लाइनमा बस्नुपर्छ । हरिनाथ दर्जीले लाइन बसेर, घण्टौं लाइन बसेर ५ किलो नुन प्राप्त गरे । त्यो नुन किन्नलाई २ हजार रुपैयाँ खर्च भयो । कति रुपैयाँ किलो पर्‍यो?

चामल किन्नलाई बडिमालिका गाउँपालिकाका उपभोक्ताहरूले चामल किन्नलाई लाइनमा बसे । लाइनमा बस्नलाई चामल आउँछ, आउँछ भन्दा बल्ल चामल आयो, चामल किन्नलाई लाइनमा बसे । चामल घरमा ७ जना, ८ जनाको परिवार छ । जम्मा २५ किलो चामल दियो । त्यो चामलले कति दिन पुग्छ? त्यहाँ राज्य, सरकारको, प्रदेश सरकारको पनि उपस्थिति छ र स्थानीय सरकारको पनि उपस्थिति छ र संघीय सरकारको पनि राज्यमा उपस्थिति छ । एउटा नागरिकले आफूले पैसा तिरेर भात खान पाउँदैन, नुनको स्वाद लिन पाउँदैन, अनि हामी चाहिँ बडा बडा कुरा गर्छौं । राजनीतिक परिवर्तन भयो, सारा चिज हामीले परिवर्तन गरिसक्यौं, अब केही बाँकी छैन, अब सरररर खुसी भइसके, नेपाली खुसी भनेर हामी कल्पना गर्छौं । यसले यति कल्पना गरेर पुग्दैन । त्यसकारण मेरो सरकारसँग आग्रह हो यस्ता खालका नारा र slogan ले जनता बाँच्दैन । त्यसकारण समयमा, समयमा सरकारले यतातिर ध्यान पुर्‍याओस् भन्दै आफ्नो भनाइ यहीं अन्त्य गर्न चाहन्छु । धन्यवाद । जय नेपाल ।

**सम्माननीय अध्यक्षः**- माननीय सिंग वहादुर विश्वकर्मा । समय १२ मिनेट । त्यसपछि माननीय शेखर कुमार सिंह ।

(११:४२ बजे) **माननीय श्री सिंग वहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, आज हामी नेपाली जनताको चाहना संघीय लोकतान्त्रिक गणतन्त्र र नेपालको संविधान, २०७२ को मर्म, भावनाअनुरूप संघीय संसद राष्ट्रिय सभाको यो गरिमामय सदनको हैसियतमा निर्वाचित भई आज हामी हाम्रो संविधानमा हामीले उल्लेख गरेको व्यवस्थाअनुरूप हामी केही माननीय सदस्यज्यूहरू आफ्नो कार्यकाल पूरा गरेर फर्कँदै छौं । यो अवधिमा हामीले थुप्रै राज्य सञ्चालन तथा जनतालाई अधिकार सम्पन्न बनाउन र यो व्यवस्थालाई कार्यान्वयन गर्न ऐन, कानुन, नीति निर्माणको क्षेत्रमा उल्लेखनीय उपलब्धिहरू हासिल भएका छन् । तर पनि, तथापि, यति भनेर मात्र हामीले हाम्रो कार्यकाल सफलतापूर्वक सम्पन्न गर्‍यौं भनेर यो सदनले सार्थकता प्राप्त गर्ने छैन । अझै पनि मुलुक र जनतालाई समृद्धि बनाउने हाम्रो सपना ज्यूँका त्यूँ छन् ।

सम्माननीय अध्यक्षज्यू, जुन उत्साह र उमङ्गसँगै नयाँ नेपालको परिकल्पनासहित निर्माण भएको नेपालको संविधान, २०७२ का नियम, मौलिक हकका ऐन कानुन, नीति नियमहरू हामीले संवैधानिक बाध्यताअनुरूप तोकिएको समयमा बनाइसक्नुपर्ने थियो । तथापि केही ऐनहरू निर्माण भएका पनि छन् । तर ती ऐनहरू पर्याप्त मात्रामा बनाउन नसक्दा कार्यान्वयनमा

बाझिएका छन् । मुलुकलाई समृद्धि र सुखी जनता बनाउन सबैभन्दा हामीले जनताका मौलिक हकअन्तर्गतका शिक्षा, स्वास्थ्य र रोजगारलाई सर्वसुलभ र निःशुल्क प्रदान गर्नु हो । तर हामीले मौलिक हकका रूपमा स्थापित गरेको संविधानको धारा ३१ मा शिक्षासम्बन्धी हकअन्तर्गत शिक्षाको संरचना परिवर्तनसँगै कक्षा १ देखि १२ लाई माध्यमिक तहको रूपमा उल्लेख गर्दै निःशुल्क शिक्षा पाउने हकको रूपमा संविधानमा ग्यारेन्टी गरिए तापनि हालसम्म कक्षा ११, १२ का विद्यार्थीहरू शुल्क तिरेर पढ्न बाध्य छन् । कतिपय स्थानीय तहहरूका सरकारी विद्यालयमा निःशुल्क गरे तापनि सबै सरकारी विद्यालयहरूमा कार्यान्वयन हुन सकिरहेको छैन । तथापि सरकारले हालै संघीय शिक्षा विधेयक ल्याएको छ । विषयगत समितिमा घनीभूत छलफल भइरहेको छ भने यो विषय सम्बन्धित अदालतमासमेत बहस र पैरवीका लागि अहिले उठिरहेको छ । तसर्थ म सरकार र सम्बन्धित निकायको समेत ध्यान आकर्षण गराउन चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, मौलिक हकको रूपमा उत्पीडित, उपेक्षित दलित समुदायलाई अधिकार सम्पन्न बनाउने धारा ४० दलितको हकमा दलित विद्यार्थीहरूलाई उच्च शिक्षासम्म कानुनबमोजिम निःशुल्क शिक्षाको व्यवस्था, दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्ने कानुनबमोजिम विशेष व्यवस्था, भूमिहीन तथा आवासहीन दलित समुदायलाई एकपटक जमिन तथा आवास कानुनबमोजिम व्यवस्था उल्लेखित व्यवस्थामा उल्लेखित छन् । तर यी विषयहरू कानुनको अभावमा हालसम्म पनि कार्यान्वयनमा ल्याउन सकिरहेको छैन । दलित समुदायलाई अधिकार सम्पन्न बनाउन सामान्यका लागि संविधानको धारा २५५ मा राष्ट्रिय दलित आयोग रहने र धारा २५७ मा दलित आयोगले आवश्यकताबमोजिम प्रदेशहरूमा समेत आफ्नो कार्यालय स्थापना गर्न सक्ने व्यवस्था छ । तर यो विषयसमेत कार्यान्वयनमा आउन सकिरहेको छैन । जसले गर्दा मुलुक र जनताले व्यवस्थापिकासँग प्रश्न गर्ने परिस्थिति सिर्जना भइरहेको छ । तसर्थ म यो, यी विषयहरूमा सरकार, सम्बन्धित निकायको ध्यान आकर्षित गराउन चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, अब हामीले संविधानले ग्यारेन्टी गरेको मौलिक हकमा स्थापित भएका हक अधिकारका ऐन, कानुन निर्माण र कार्यान्वयन गर्नेतर्फ गम्भीर हुनुपर्ने परिस्थिति सिर्जना भएको छ । तथापि व्यवस्थापिकाको रूपमा हामीले निर्माण गर्नुपर्ने ऐन, कानुनहरू तोकिएको समयमा हामीले निर्माण गर्नु हाम्रो दायित्व हो । तथापि जनताहरू मौलिक हक, अधिकार प्राप्तिका लागि व्यवस्थापिकाको विरुद्धमा न्यायपालिका धाउनुपर्ने परिस्थिति सिर्जना भएको छ । हामी र हाम्रो संसदले सार्थकता प्राप्त गर्ने छैन । तसर्थ सरकार र सम्बन्धित निकायको ध्यान आकर्षित गराउन चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, यतिखेर हिउँदे याम चलिरहेको छ । योसँगै सरकारले नयाँ बजेटका लागि खाका तयारीमा जुटिरहेको छ भने मुलुकभर गत वर्षका बजेटका योजनाहरूका काम तीव्र गतिमा कार्य भइरहेको छन् । सडक विस्तारसँगै भौतिक संरचना निर्माण जस्ता कार्यहरूका न्यूनतम सुरक्षा मापदण्ड व्यवस्थित र अनियन्त्रित रूपमा छिटो काम सम्पन्न गर्ने होडबाजी चलिरहेको छ । यसले सडक दुर्घटना दिनप्रतिदिन तीव्र गतिमा बढिरहेको छ भने नियमविपरीत एउटै ठेकेदारले धेरै ठेक्का लिने र काम अधुरो र अलपत्र छोड्ने, परिपाटीको अन्त्य हुन सकिरहेको छैन । जसले गर्दा तोकिएको समयमा काम सम्पन्न नहुँदा हिउँदमा धुलाम्ये र बर्खामा हिलाम्ये र निर्माणाधीन सडक प्राकृतिक प्रकोपको सिकार बन्ने सम्भावना मुलुकभर बढ्दो छ भने सडक दुर्घटनाका कारण वर्षे नै पिच्छे राज्यले ठुलो मात्रामा जनधनको क्षति बेहोरिरहेको छ । यो विषयमा सरकार र सम्बन्धित निकायको ध्यान आकर्षित होस् भन्न चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, यता भक्तपुर सूर्यविनायकदेखि काभ्रेको धुलिखेल पाँचखाल सडक खण्ड तीव्र गतिमा काम भइरहे तापनि सुरक्षाका न्यूनतम मापदण्ड पालना नगरिएको पाइएको छ । वर्षौंदेखि अलपत्र यो सडक खण्ड अहिले तीव्र गतिमा काम सुरु भइरहे तापनि सुरक्षा तथा सडक बिस्तारको न्यूनतम मापदण्ड ठेकेदार र सम्बन्धित निकायले पालना नगरिएको पाइएको छ । जसले गर्दा दैनिक सवारी साधन र यात्रुहरूले सास्ती खेप्नुपरिरहेको छ भने दैनिक सडक दुर्घटना बढिरहेको छ । त्यस्तै यता सिन्धुपाल्चोक, साँखु, मेलम्ची सडक खण्डअन्तर्गतको तल्लो नाङ्लेभारेदेखि मेलम्चीसम्मको करिब ६ किलोमिटर सडक खण्ड यो वर्ष पनि कालोपत्र नहुँदा दैनिक सवारी साधन र यात्रुहरूले सास्ती खेप्नु परिरहेको छ भने धुलोको कारण यी क्षेत्रहरूमा वायु प्रदूषणसँगै जनताको दैनिक कष्टकर बनिरहेको छ भने दम रुघा, खोकी, जरो जस्ता बिरामीको सिकार जनताहरू बनिरहेका छन् । तसर्थ म यस सदनमार्फत सम्बन्धित निकाय र ठेकेदारहरूको गम्भीर ध्यान आकर्षण गराउन चाहन्छु । र गम्भीर ध्यान आकर्षित गराउँदै सुरक्षा र जनताको स्वास्थ्यलाई असर नपुग्ने गरी सवारी साधन र यातायातको आवतजावतलाई सहज हुने गरी सडक दुर्घटना न्यूनीकरण मापदण्ड परिपालना गर्न र तोकिएको समयमा सीमाभित्रै काम सम्पन्न गर्न समेत सरकार र सम्बन्धित निकायको ध्यान आकर्षित गराउँदै म आफ्नो भनाइ यहीँ अन्त्य गर्छु । धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u> :- माननीय शेखर कुमार सिंह समय पाँच मिनेट । त्यसपछि माननीय नारायण प्रसाद दाहाल ।

(११:५२ बजे) **माननीय श्री शेखर कुमार सिंह (लोकतान्त्रिक समाजवादी पार्टी नेपाल)**:- सम्माननीय अध्यक्षज्यू, सर्वप्रथम त म रामराजा प्रसाद सिंह स्वास्थ विज्ञान प्रतिष्ठानको काम सुरुवात भएकोमा व्यवस्थापन समिति मार्फत सम्माननीय प्रधानमन्त्रीज्यूलाई म धन्यवाद दिन चाहन्छु । सम्माननीयज्यू, मैले यही रोस्टमबाट पटकपटक उठाउँदै आएका कुरो हो । खोलाले जग्गा काट्न बित्तिकै खोलाको नाउँमा जग्गा रजिष्टर हुँदैन । त्यो जग्गा त साविके धनीको हुनुपर्‍यों नि । त्यसमा नेपाल सरकारले ध्यान पुर्‍याउनु पर्‍यों । देशभरिमा अरू खोलाहरूले जति जे गर्‍या छ, कोशीमा कटान भएका जग्गाहरू अहिले पनि त्यहाँका पुराना जग्गाधनीहरूले स्वामित्वमा नरहदा खेरि त्यहाँ सामाजिक अवस्था पनि बिगर्दै गएको छ । त्यहाँ कुन देश हो? कुन देश हो? मैले यो तेस्रो पटक भन्दैछु, एकिन छैन । त्यो बगरमा तरकारी खेतीको नाउँमा आएर बसोबास गर्‍यो । यही फागुन २ गते सरस्वती पुजाको दिन यस्तो पवित्र दिनमा हनुमाननगर कंकालीको जोगनिया बस्ती बस्ने तेजु सेफलीयाको एउटा बाछो दुई वर्षको बाछो हराउँछ । त्यो बाछो गएर त्यहाँ एउटा मुलटेको घरमा गएर काटेर त्यसको मासु खाइन्छ । त्यसको सहभागी त्यो बगरमा बस्ने मान्छेहरू पनि छ । तर मैले धन्यवाद दिन चाहन्छु। सप्तरीका स्थानीय प्रशासन प्रमुख सिडियो साहब लगायत नेपाल प्रमुखलाई । उहाँहरूले थाहा पाउन बित्तिकै यथाशीघ्र कानुनी उपचार सुरु गरी त्यहाँ समाजिक वातावरण बिगार्न दिनुभएन । र सामाजिक वातावरण नबिग्रिकन अपराधीहरू कानुन भित्रै आएर कारबाही हुँदैछ तर आज पनि हामी त्यो बगरमा बस्तीमा बस्ने आएका मान्छेहरूले किन सचेत भइराख्या छैन । २०२५ सालमा हामी यस्तै सुनसरीमा ठुलो भूभाग ओग्टयाछ बेलकादेखि तल जसलाई एउटा देशकै नाउँमा फलानो टप्पु भनिन्छ, म तर भन्दिन म गरिए त पो भन्छु त्यसलाई । त्यहाँ चाइ भनेर एउटा वर्ग आयो ५-७ हजारका बस्ती आएर त्यहाँ बस्यो । उनीहरू के अधीनमा त्यो पुरै भूभाग हामी नेपालीको भूभाग परिरहेको छ । ... यो पनि जाने होइन हाम्रो । नेपाल सरकारले यसलाई व्यवस्थापन गरिदिएदेखि त किसानहरू त जान्थ्यो नि त्यो बगर उब्जाएर आफ्नो जीविकोपार्जन त गर्थ्योनि । त्यसमा सरकारले ध्यान पुगोस्, साथै भौतिक राजमन्त्रीज्यू पनि हुनुहुन्छ । इनर्वा देखि बिरही भन्सारसम्मको सडक खण्ड जो कि सप्तरीको दुई नम्बर क्षेत्रको एउटा आधार सडक हो । अहिले पनि त्यो उसले केही योजनाहरू गाएको छैन । त्यहाँ बस्ने मान्छेहरूको वर्षायाममा त अलिकति पनिको दहाव भएको एरिया हो । हामी कोशीपुरी क्षेत्रको मान्छे छौं । त्यसमा आवतजावत समेत बन्द भइहाल्छ । त्यसमा यथाशीघ्र ध्यानजाओस् । र मैले जन्डोल-कुशहा खण्डको कुसाहा ब्रिजको बारेमा सम्माननीय मन्त्रीज्यूलाई पनि ध्यान आकृष्ट गराएका थिए । त्यो पनि निश्चितै पाउला भनेर सप्तरीवासीले यति आश राख्दै म आफ्नो दुई शब्द यही अन्त्य गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष** :- माननीय नारायण प्रसाद दाहाल । समय १२ मिनेट । त्यसपछि माननीय इन्दु कडरिया ।

(११:५६ बजे) **माननीय श्री नारायण प्रसाद दाहाल (मनोनीत)**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम त म अब बिदाइ हुने माननीयज्यूहरू बिदाइ गर्ने बेलामा म हुन्न कि जस्तो भए छ मलाई । परिवारको उपचारको निम्ति केही समय जानुपर्ने छ बाहिर मलाई । त्यसले गर्दा यहिले नै मैले ती बिदाइ हुने सबै माननीयज्यूहरूलाई हार्दिक धन्यवाद र यो सदनमा ६ वर्ष पूरा गरेर सकारात्मक ढङ्गले काम गरेर जानुभयो त्यसको लागि हार्दिक धन्यवाद पनि दिन चाहन्छु । हामी दिनप्रतिदिन कुराकानी गर्दैछौं। राजनीतिक रूपमा देशको राजनीतिलाई सङ्ल्याउने, देशको राजनीतिलाई सही ढङ्गले लैजाने भन्ने कुरा पनि हामीले भनिराखेकै छौं । तर यसो हेर्दै गयौं, त्यो राजनीतिक परिस्थितिलाई सङ्ल्याउने भन्दा पनि एउटा जिम्मेवार हामी चाहिँ जनताका प्रतिनिधिहरूले सोच्ने भन्दा पनि एकदम अराजक ढङ्गले स्थिति बिग्रँदै गएको हो कि भन्ने एउटा ठुलो एउटा अनुभूति र एउटा चिन्ताको विषय बन्दै गएको देखिन्छ । संविधान एकातिर छ, नियम मतलब, संघीय संसदका नियमावलीहरू एकातिर छन् । माननीयज्यूहरू आफूलाई मैले समग्र संघीय माननीयहरूको कुरा गर्दैछु मैले, यहाँको कुरा धेरै गरिरहेको छैन । आफूलाई असाध्यै रूपान्तरण गर्ने जनताका चाहिँ मसिहाको रूपमा चाहिँ आफूलाई प्रस्तुत गर्ने कोसिस पनि गरिरहेको देखिन्छ । तर बोल्दा के शब्द बोल्ने हो? के गर्ने हो? यो परिस्थिति देशको चाहि बिग्रने परिस्थितिलाई कसरी अगाडि बढ्ने हो? भन्नेतिर चिन्ताभाव भनेर पटक्कै देखिंदैन । यसले चाहिँ यो देशको राजनीति अहिले चाहिँ यदि साँच्चै हामी गणतन्त्रवादीहरू, संघीयताका पक्षधरहरू, लोकतन्त्रवादीहरू यदि हामी हो भने यदि यसलाई ठिक ढङ्गले हामीले आफूलाई त्यो ठाउँमा उभ्याउने नै हो भने मलाई लाग्छ हाम्रो अगाडि ठुलै चुनौति खडा हुँदैछ । यसलाई हामी कसरी सोच्ने भन्ने कुरा हो भन्ने लाग्छ मलाई। म यसो हेर्छु यहाँ दुईटा प्रवृत्ति देख्छु क्या हाम्रो संसद भित्र अथवा राष्ट्रिय सभा होस् अथवा प्रतिनिधि सभा होस् । एउटा जिम्मेवार नागरिक भएको हुनाले उताका कुरा गर्दा पनि त्यति अन्यथा हुन्न होला । एकथरी प्रवृत्ति छ, हामी सत्तामा छौं, प्रतिपक्षमा छौं, सत्तामा हुँदा एउटा कुरा गर्छौं प्रतिपक्षमा हुँदा हामी सबैले गर्छौं सत्ताको सरकारको सामान्यता आलोचना गर्ने, विरोध गर्ने यो नैतिक अधिकारको कुरा पनि हो, कर्तव्य पनि हो, ड्युटी पनि हो भन्ने लाग्छ, त्यही एउटा प्रवृत्ति छ । अर्को एउटा प्रवृत्ति यस्तो देखिन थाल्यो त्यो सङ्ख्याको हिसाबले न्यून छ तर सिङ्गो सिस्टम माथि नै धावा बोल्न खोजेको, हजारौं जनताको बलिदानबाट प्राप्त गरेको गणतन्त्र, संघीयता, धर्म निरपेक्षता, समानुपातिक समावेशिता लगायतका यी उपलब्धिहरू देखि लड्यौं । हामी सबै लड्यौं भन्छु म

यहाँ हामी हुने जति । जसलाई त्यो लडाई कस्तो थियो, कसरी लडे, के भयो भन्ने कुरासम्म सामान्य ज्ञान छैन । ती मान्छेहरू त्यो प्रवृत्ति भनौ, त्यो प्रवृत्तिले अहिले निकै खैलाबैला गर्न खोजे जस्तो । पूरै सिङ्गै राजनीतिलाई अस्तव्यस्त बनाउन खोजे जस्तो । असफल भयो भनेर भन्न आउन खोजेजस्तो । जुन ढङ्गले आइराखेको छ, यो नेपालको राजनीतिमा हामी गणतन्त्रवादीहरूलाई, हामी संघीयताका पक्षधरहरूलाई एउटा त ठाडो चुनौती पनि हो, अर्कोतिर हामी गम्भीर भएर सोच्नुपर्ने स्थिति पैदा भएको हो कि भन्ने एउटा खालको अनुभूति हुन्छ । अब त्यो प्रवृत्तिले गर्दा मैले अघिल्लो पटक यहाँ उभिएर भन्दा नि भन्या थिए । हाम्रो राष्ट्रिय सभा अथवा अहिलेको सिङ्गो राजनीतिक सिस्टमप्रति सञ्चार क्षेत्रबाट अथवा जनस्तरवाट अथवा वौद्धिक स्तरवाट पनि धेरै सकारात्मक ढङ्गले हामीले बुझाउन सकेनौं कि अथवा हामीले कहीं गल्ती गरेको हो कि भन्ने कुरातिर पनि हामी आफैं अलिकति सचेत भएर अगाडि बढ्ने र अब हामीले गर्दाखेरि कमसेकम देश जनतालाई केन्द्रमा राखेर हाम्रा हर्कत, हाम्रा गतिविधिहरू, हाम्रा काम कारबाहीहरूलाई सोच्न जरुरी छ भन्ने लाग्छ । त्यो अनुसार हामी अगाडि बढौं । र त्यसलाई नै यो चाहिँ राष्ट्रिय सभालाई एउटा सार्थकतातिर लैजाउँ भने मैले चाहिँ हार्दिक अपिल गर्न नि चाहन्छु । सँगै अघि एकजना माननीयले राख्नुभयो भरतपुरको चितवनको चाहिँ समग्र उसको बारेमा विशेष सबै ठिक छन्, राम्रा छन् । तर थोरै त्यहाँ उहाँ त १६ नम्बर सायद भरतपुर महानगरपालिका १६ हो जस्तो लाग्छ मलाई सोह्र, सत्र, त्यस्तै सोह्र नै होला । तर भन्दै जाने क्रममा त अलिअलि हामी थोरै कन्जुस्याई किन गर्छौं भन्ने पनि फिलिङ हुन्छ क्या । त्यति राम्रो भरतपुरमा त्यति राम्रो विकास भएको छ । राम्रा काम भएका छन् । गर्नपर्छ भन्ने कुरामा १००% म सहमत छु, भनिएका कुरामा मेरो असहमत छैन, पटक्कै छैन । बोलिएका कुराप्रति मेरो असहमति पटक्कै होइन । तर त्यहाँ त्यत्रो विकास भएको छ । कमसेकम भरतपुरमा भएको विकास, माडीमा भएको विकास र त्यो सम्भावना, त्यसैको बिचमा भ्रमण वर्ष, २०२४ भनेर अहिले जुन खालको महानगरपालिकाले एउटा गम्भीर ढङ्गले योजना ल्याएको छ । पर्सि १८ गते उद्घाटन हुँदैछ । यो सबै हेर्दा त्यो भएको कामलाई भयो भन्न सकौं भन्ने अनुरोध मात्रै हो । यो अरू धेरै, त्यसमध्ये मेरो धेरै गुनासो होइन कमसेकम राम्रा कामलाई राम्रा भन्न सकियो भने भोलि विहान आफुलाई पनि त्यो अपेक्षा गर्न सकिने भयो नि त । गर्‍यौं नि हामीले सकिने, नसकिने, राम्रा, नराम्र कामहरू गरी पनि आइरहेका छौं । त्यतातिर पनि अलिकति सोच्न पर्छ र गलत काम छन् भने त्यसलाई निर्भिकताका साथ हामीले विरोध गर्नुपर्‍यो, सक्नुपर्‍यो भन्ने मलाई लाग्छ । अब अहिले त्यस्तै अब यो विधेयकहरू आउने क्रम जारी छ, अथवा अहिले धेरै बितेको र हामीले पास गर्नुपर्ने छ, बाध्यतामा छौं र आवश्यकतामा नि छौं । हैन निजामतीदेखि, शिक्षादेखि, तपाईंको केरे प्रहरी समायोजनदेखि र मुख्य गरेर हामीले यो संघीयता गणतन्त्र प्राप्त

गर्दा लडिएको १० वर्षको त्यो महान् जनयुद्ध, त्यो जनयुद्धबाट पैदा भएका केही असहजता र अझै पनि छन् जुन खालको एउटा .... जो वनिरहेको छ । त्यो सत्य निरूपण आयोग जो बनेको छ, मेलमिलापका कुराहरू जो आएका छन् , त्यो TRC जो छ त्यसको बारेमा अलि गम्भीर बनेर सोच्नुपर्ने हामीले यदि TRC ठिक ढङ्गले चाहिँ हामीले लान सकेनौं भने त्यसबाट सायद माओवादीहरूलाई मात्रै समस्या हुन्छ भने मलाई लाग्दैन । राष्ट्रिय चाहिँ समस्या हो। राष्ट्रिय अप्ठ्यारो हो । हामी सबै कति भयो त्यसमा के कति छलफल गर्न सकिन्छ गरौं त्यो आफ्नो ठाउँमा छ । तर मुख्य चाहिँ सत्यनिरूपन आयोग जो बनेको छ । र यो देशमा चाहिँ शान्ति प्रक्रियालाई अन्तिम निशकर्षमा पुर्‍याउने जो एउटा माध्यम हो । त्यसलाई पुर्‍याउन सक्यो भने माध्यम हो त्यसलाई पुर्‍याउन देशै आप्ठ्यारोमा पर्ने । माओवादीका पनि केही पर्ने कुरो भयो । अरू पनि संलग्न छौं हामी । कुनै न कुनै रूपले युद्धमा संलग्न नै छौं । हामी सबैलाई अप्ठ्यारो पर्छ भन्ने कुरालाई मनन नगरीकन अहिले चाहिँ कहिलेकैबाट चाहिँ विरोध मात्रै हुने कुराले त्यति राम्रो पार्दैन । बरु त्यसलाई अलि द्वन्दात्मक ढङ्गले छलफल गरेर त्यसलाई टुंग्याउने तिर जाउ भन्ने लाग्छ । र साथै मेरो यो विधायन समितिमा काम गरे हाम्रा माननीय सदस्यहरू लाई मेरो एउटा सानो सुझाव पनि छ । छलफल हुन्छ, अहिले नेपालका कतिपय ऐन, कानुनहरू पढ्दै जाँदा, बुझ्दै जाँदा र ठाउँपिछे चाहिँ त्यसलाई दोहोरो अर्थ लाउन सक्ने खालका चाहिँ ऐन, कानुन बन्छ । जस्तो भनौं वन मन्त्रालय, सडक मन्त्रालय, यातायात भौतिक मन्त्रालयलगायत हेर्‍यौं भने त्यो अलग अलग अर्थ लाग्छ के त्यहाँ । बाटो निर्माण गर्नुपर्छ जस्तो अहिले चाहिँ माडैकै कुरो छौं माडीको त्यो हुलाकी राजमार्गको कुरा गर्दैछौं । सडकको एउटा कुरा हुन्छ, बजेट ठ्याकै दिहाल्छ । वनमा गयो वनले रोकिदिन्छ । अर्को ठाउँमा गयो पुल निर्माण गर्नुपर्‍यो वातावरणले रोकिदिन्छ । अनि त्यो ऐन बन्दाखेरि दोहोरो अर्थ लाग्ने खालका जो बनेको छन् नि । सहज सरल ढङ्गले नेपाली जनताले बुझ्ने खालको ऐन कानुन नै बनाउन नसक्या हो कि हामीले कि? परम्परा त्यही हो कि? स्थिति के हो? त्यसमा नि अलिकति मेरो विधायन समितिमा म त छैन । एउटा चाहिँ सांसदको हैसियतले त्यतातिर अलि गम्भीरताका साथ, अलि सहज ढङ्गले आउने विधेयक जो भटाभट आउदै छ नि, हामी जाँदै छौं । त्युसमा अलिकति गम्भीरताका साथ लागन् म चाहिँ विशेष अनुरोध गर्न चाहन्छु । र अर्को अहिले सरकारले अब यो हुन त हामी सबैले माग गरि राख्या छौं यहाँ उभिएर भ्रष्टाचारका कुराहरू, भ्रष्टाचार विरुद्धका कुराहरू , भ्रष्टाचारलाई अन्त्य गर्ने कुराहरू तुलनात्मक रूपमा जुन अहिले सरकारले भ्रष्टाचारका कामहरू अगाडि बढाएको छ । त्यसमा मैले दुईटा अवरोध देख्छु । एउटा त जाने नि, नजाने नि, भए नि, नभएप नि विरोध गर्दिहाल्ने प्रवृत्ति मैले अघि नै भने त्यो खालको एउटा प्रवृत्ति नै छ । कता कता अब भन्दा यहाँ उभिएर बोल्दाखेरि फेरि मानानी भयो

भन्ने खालको पनि हुनसक्छ । न्यायालयबाट पनि ती चिजहरू अवरोध भइराखेका छन् । त्यो चिजलाई पनि अलि बुझ्नुपर्छ, सोच्नुपर्ने हामीले गर्न खोज्यो, न्यायालयले चाहिँ फ्याट्ट चाहिँ तपाईंको चाहिँ अर्को निर्णय गर्दिन्छ । कामलाई अगाडि बढाउने गाह्रो भइरहेको छ । र अन्तिममा मैले धेरै कुरा नगरिकन मैले चितवनकै बारेमा बोल्दाखेरि अहिले चितवनका किसानहरू दुग्ध विकासहरू उत्पादन गर्ने किसानहरूले दैनिक रूपमा दुध पोख्नु पर्ने स्थिति आइराखेको छ । चितवन एक ढङ्गले दूधमा, केरामा, पोल्ट्रीमा आत्मनिर्भर बन्न खोज्दा जाँदै गर्दा अहिलेसम्म भन्दा पीडा पोल्ट्रीमा त्यहीका जनता छ, केरामा त्यही परीरहेका छ, दुधमा नि त्यही स्थिति छ । सरकारले गम्भीरतासाथ ध्यान दियोस् भन्ने एउटा कुरा । अर्को कुरा बारम्बार उठेको छ, ठोरी हुलाकी कि राजमार्ग जो छ, यदि ठोरीमा हिजो हामीले पढ्दाखेरी मलाई आधा मिनेट सम्माननीय अध्यक्षज्यू, ठोरीमा दुईटा, नेपालमा दुईटा इन्सपेक्टर कार्यालय भएको जिल्ला कुन भने चितवन भने पर्थ्यो, त्यो ठोरीमा थियो । त्यो ठोरी नाकालाई ठिक ढङ्गले व्यवस्थित गर्न सकियो भने नेपालको आर्थिक क्षेत्रमा राम्रै चाहिँ विकास हुन्छ भन्ने पनि मैले देखेको छु । त्यतातिर पनि सोचोस् भन्ने मलाई लाग्छ । र यी नै कुराहरू राख्दै मेरा आफ्ना भनाइ अन्त्य गर्छु । हवस् त धन्यवाद ।

**सम्माननीय अध्यक्ष** :- माननीय ईन्दु कडरिया समय ६ मिनेट । त्यसपछि माननीय नरपति लुवार ।

(१२:०९ बजे) **माननीय श्री ईन्दु कडरिया (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:-सम्माननीय अध्यक्ष महोदय, पन्ध्रौं अधिवेशनको सातौं बैठकमा भाग लिइरहँदा आज मैले समसामयिक विषयमा आफ्ना केही भनाइहरू राख्ने अनुमति चाहन्छु । देशको अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान गरेको डेरी उद्योग तथा पशुपालन कृषक अहिले मारमा परेका छन् । देशभर करिब ६ लाख दुध किसान छन् । त्यसमध्ये पनि ५ लाख साना किसान हुन् । ७७ जिल्लामध्ये ६५ जिल्लाका किसानले दुध बिक्री गरेको रकम अहिलेसम्म पाउन सकेका छैनन् । दूध उत्पादन हुने सबै जिल्लामा अहिले डिडिसी र निजी क्षेत्रका उद्योग मिलेर किसानको शोषण गरिरहेका छन् । डिडिसीले ७ महिना र निजीले पाँच महिनादेखि बक्यौता रकम भुक्तानी गरेका छैनन् । कहिले दिने भन्ने पनि टुङ्गो छैन । देशभरका किसानले दुध बिक्री गरेको ७ अर्ब भन्दा धेरै रकम पाएका छैनन् । सरकारी स्वामित्वमा रहेको डिडिसीले २ अर्ब भन्दा धेरै रकम, धेरै बक्यौता राखेको छ । सरकारी निकायले नै किसानको शोषण गरिरहँदा सरकार के हेरेर

बसिरहेको छ? कृषि मन्त्रीज्यूले कसको हितमा काम गरिरहनुभएको छ? दुध बिक्रीको ठुलो रकम रहँदा साना किसानलाई जो दुई एक दुई गाई भैंसी पालेर आफ्नो निजी खर्च चलाउँछन्, घर खर्च धान्न गाह्रो भएको छ भने जो व्यावसायिक पशुपालन गर्ने किसान बैंकको किस्ता तिर्न, पशु आहार किन्न, खरिद गर्नसमेत नसक्ने अवस्थामा पुगेका छन् । पेशाबाटै पलायन हुने अवस्था पुगेको छ । सहरका उपभोक्ताले दुध तथा दुधजन्य पदार्थ खपत गरेर पैसा गाउँ गाउँमा पुर्‍याउने र ग्रामीण अर्थतन्त्र चलायमान बनाउने, गाउँको बसाइँ सराइ रोक्ने, रोजगारी सिर्जना गरी युवा पलायन हुनबाट रोक्न सक्ने गरी डेरी उद्योग जोगाउन अनिवार्य छ । डेरी किसानको बक्यौता तत्काल भुक्तानी दिन र डेरी उद्योग व्यवसाय धराशायी हुनबाट बचाउन म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । सम्माननीय अध्यक्ष महोदय, नामको मात्र खुला प्रतिस्पर्धा तर कमजोर क्षमताको छनौट तथा सिफारिस समितिले कमजोर मापदण्ड राखेर त्रिभुवन विश्वविद्यालयमा उपकुलपतिको चयन भएको छ । त्रिविको शैक्षिक अवस्था दिनहुँ खस्किदो अवस्थामा छ । र त्यहाँका प्रध्यापकहरू र विद्यार्थी पलायन भइरहेका छन् । समयमा पढाइ हुन नसक्ने, नतिजा प्रकाशन हुन दुई वर्ष सम्म लाग्ने, समयानुकूल पाठ्यक्रम परिमार्जन हुन नसक्ने, उत्पादित जनशक्ति उद्यमशीलता भन्दा जागिरमुखी हुने हुँदा उच्च शिक्षालाई पुनः संरचनाको खाँचो छ । विश्वविद्यालयमा समयको माग अनुसार नयाँ पाठ्यक्रम, नयाँ विषय र कार्यक्रम सुरु गर्ने, श्रम बजारमा जोड्ने पाठ्यक्रम, कार्यक्रम कार्यान्वयनमा ढिलाइ भइसकेको छ । तसर्थ म अध्यक्ष महोदय मार्फत नेपालमा सम्पूर्ण विश्वविद्यालयमा अनिवार्य एकीकृत शैक्षिक calendar अनुसार पठनपाठन गराउन र तीन महिना भित्र नतिजा प्रकाशन गर्न, दलीय राजनीतिको प्रभाव शून्य बनाएर नेपालमा उच्च शिक्षाको पुनर्संरचनाको लागि सरकारको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु । सम्मानीय अध्यक्ष महोदय, धेरै पटक यहाँ आइरहेको मिटर ब्याजीको समस्या मैले पनि त्यही विषयलाई अर्को विषय बनाएर यहाँ प्रस्तुत गर्न लागिरहेको छु । पूर्व मेचीदेखि पश्चिम महाकालीबाट २३ दिन पैदल हिँडेर न्याय माग्न मिटर ब्याज पीडित राजधानी काठमाडौं आइपुगेका छन् । सरकारले मिटर ब्याज पीडितको समस्या समाधानका लागि कानुन संशोधन गर्नुका साथै जाँचबुझ आयोग समेत गठन गरे पनि आफूहरूको समस्या समाधान नभएको भन्दै मिटर ब्याज पीडितहरू पुनः न्याय खोज्दै राजधानी काठमाडौं आइपुगेका हुन् । पीडितहरूले सरकारसँग राखेको सबैभन्दा ठुलो माग जाली तमसुक खारेजी गर्ने, सरकारले बनाएको कानुन लागु नहुँदा साहुले थप पीडा दिएका छन् । र गरिब किसान गाउँ, गाउँमा बस्न समेत सक्ने अवस्था नरहेकोले विस्थापित हुने अवस्थामा छन् र जीर्ण शरीर लिएर न्याय माग्न काठमाडौंमा छन् । म सम्पूर्ण मिटर ब्याज पीडितहरूको समस्या समाधान छिटो भन्दा छिटो होस् भन्ने अध्यक्षमार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । सम्माननीय

अध्यक्ष महोदय, राष्ट्रिय गौरवको आयोजना हुलाकी राजमार्ग अन्तर्गत कञ्चनपुरको, कञ्चनपुर जिल्लामा पर्ने ६५ किलोमिटर सडक २ लाख भन्दा बढी जनताले प्रयोग गर्दछन् । सो सडक २०७३ सालमा ठेक्का गरेकोमा अहिलेसम्म पनि निर्माण कम्पनीले काम सम्पन्न गरेको छैन । तीन भागमध्ये दुई भाग पूर्व नगरप्रमुख एवं डडेल्धुराका कांग्रेस सांसद, कांग्रेस सांसदले ठेक्का रहेको उक्त सडक सत्ताको आडमा काम नगरी पटकपटक म्याद थप गरी अलपत्र पारिएको छ । उक्त काम सोही निर्माण कम्पनीले गर्ने हो भने तत्काल सम्पन्न गर्न र अर्को कम्पनीले गर्ने हो पनि त्यो ठेक्कालाई तोडेर अर्को कम्पनीलाई ठेक्का दिई काम सुचारु गर्न म अध्यक्ष मार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । सम्माननीय अध्यक्ष महोदय, कञ्चनपुरको पुनर्वास नगरपालिका वार्ड ५ सिमरी क्षेत्रमा हरेक वर्ष दोधा नदीको बाढी गाउँमा पछि डुबान हुने र घरभित्रका अन्नपात सबै बगाउने गरेको छ । यस वर्ष पनि यो क्रम रोकिएन, आदिवासी राणा थारुहरूको बस्ती रहेको उक्त क्षेत्रमा यसै आर्थिक वर्षभित्र सम्पन्न हुने गरी सिम्रीनालामा बाढी पस्ने स्थान दोधा नदीमा पक्की तटबन्ध निर्माण गरी सधैंका लागि समस्या समाधान गर्न पनि म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। सम्माननीय अध्यक्ष महोदय, धनगढीमा रहेको त्रिनगर भन्सार कार्यालयले कञ्चनपुर जिल्लाको दक्षिणी क्षेत्रमा ४ पालिका पुनर्वास, लालझाडी, बेलौरी र बेलडाँडीमा जनताको एकमात्र बाटो रहेको हुलाकी सडकमा अवरोध राखिएको छ, अवरोध पुर्‍याएको छ । राति १० बजेदेखि बिहान ५ बजेसम्म ताला लगाएर आवतजावत बन्द गरिएको छ । त्यो हुलाकी सडकभन्दा बाहिर गौरीफन्टा नाकामा बेरियर राख्ने ठाउँ हुँदाहुँदै पनि राति आवतजावतमा बन्द गराउने गरीएको छ । र ambulance समेत आवतजावत गर्न घन्टौं कुर्ने अवस्था छ, अवस्था सिर्जना गरिएको छ । आफ्नो देशभित्र एक जिल्लाबाट अर्को जिल्लामा जान प्रवेश निषेध गर्न पाइन्छ कि पाइँदैन? तत्काल उक्त बेरियर होला कि सडकबाट हटाउन (..... समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्य नरपति लुवार । समय ६ मिनेट । त्यसपछि माननीय दिपा गुरुङ ।

**(१२:१६ बजे) <u>माननीय श्री नरपति लुवार (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, यो पन्ध्रौं अधिवेशनको ..... उभिँदै गर्दा कर्णालीको समस्याको समाधान नीतिगत रूपमा कर्णालीलाई सम्बोधन गर्न गरिमामय सदनमा प्रतिनिधिको रूपमा थुप्रै खालका आशा र भरोसा बन्न सकियोस् भन्ने लागिरहेको छ । विडम्बनाका साथ भन्नुपर्दछ, हामीले व्यवस्था

बदल्यौं तर आम मान्छेको व्यवस्था बदल्नतर्फ अग्रसरता लिन सकेनौं । परिवर्तनपछिका झन्डै १७ वर्षसम्म आइपुग्दा पनि सर्वसाधारण, दलित, गरिब र पिछडिएका वर्गले परिवर्तनको अनुभूति गर्न सकिरहेका छैनन् । सामान्य मान्छेको जीवनमा व्यवस्था र परिवर्तनको अनुभूतिले छुँदै छुँदैन भने यो व्यवस्थाप्रति भरोसा कायम गर्न सकिएको छैन भन्ने बुझ्न वाञ्छनीय हुन्छ । हिजो सशस्त्र द्वन्द्वको प्रत्यक्ष प्रभावमा परेको कर्णाली आज भौतिक विकासको कुरा मात्रै होइन । मानवीय र समुदायमासमेत मानव विकासको सूचकाङ्कमा पछाडि परेको छ ।

माननीय अध्यक्षज्यू, संविधानमा हामीले लेख्यौं । कसैलाई पनि जातपातको आधारमा भेदभाव गर्नुहुँदैन । तर आज पनि गैरदलित जातिको केटीसँग दलित केटाको माया प्रेम भएको कारणले अर्थात् प्रेम गरेको कारणले विभत्स हत्यासम्म पनि गरेको छ । हामीले आज पनि विभेद र अपमानको लडाइ लडिरहेका छौं । हाम्रो समुदायको सामाजिक कमजोर अवस्थाको कारण यस्ता समस्या झेल्नुपरेको तथ्य सार्वजनिक भएका छन् ।

सम्माननीय अध्यक्षज्यू, सरकारले दलित समुदायको अवस्था बदल्नको लागि नीति तथा कार्यक्रममा के नयाँ विषय लिएर आएको थियो । के कति कार्यान्वयन भयो ? त्यसतर्फ सरकार मौन छ । सम्माननीय अध्यक्षज्यू, शासकीय सुरुमा राज्यको पुनर्संरचनाको मूल मक्सद भनेको सामानजिक न्याय, सन्तुलन विकास प्रभावकारी सभाको माध्यमबाट बृहत्तर नागरिकको हितका विषयमा होलान् । तर मेरो कर्णालीका सबै जिल्ला राष्ट्रिय सडक सञ्जालमा जोडिन सकेको छैन । राष्ट्रिय विद्युत् प्रसारण लाइनमा जोडिन सकिरहेका छैनन् । यति मात्रै होइन अध्यक्ष महोदय देशमा झन्डै दुई दर्जन राष्ट्रिय गौरवका योजना सञ्चालन भइरहँदा कर्णालीमा एउटा पनि राष्ट्रिय गौरवको योजनाले छुन सकेन । यस प्रकारका विकास नीतिले कसरी समृद्धि हासिल गर्न सकिन्छ? कसरी विकासको अवरोधलाई चिर्न सकिन्छ? तसर्थ यो सरकारले कर्णालीमा पनि राष्ट्रिय गौरवको योजना आवश्यक छ । कर्णालीको अपार सम्भावनालाई आवश्यकता बोध गरोस् समन्यायिक विकासमा ध्यान देओस् मेरो अनुरोध छ । हुनत यो सरकार सुन तस्करको उद्यममा लागेको छ । युवाहरूलाई गोली हानी हत्या गर्नतर्फ उद्यत छ । जनजीविका, राष्ट्रियता र विकास निर्माणको सवालमा कसैले ध्यान दिन सकोस् आज नागरिकमा यही कारणले वितण्डा पैदा भएको छ । व्यवस्थामाथि प्रश्न उठिरहेको छ । तसर्थ सरकारको गम्भीर ध्यानाकर्षण होस् भन्न चाहन्छु । त्यसैले म अन्त्यमा गएर कालीकोट जिल्लाको मात्रै नभएर कर्णालीको हकमा भनिरहनु पर्दा दिन प्रतिदिन त्यो कर्णालीको बाटोले गाडीको चाहिँ गयो भने जनतालाई एउटा आशा र भरोसा त भयो । धेरै गरी यहाँहरूले सुन्नुभ'को छ । दिनौं प्रतिदिन ज्यान गुमाइरहनुभएको छ, परेको छ । बच्चाहरू टुहुरा भएका छन् । नागरिकहरूको सिन्दुर

पुछिएको छ । यो बाटो अहिलेसम्म हिजो पञ्चायत कालमा पनि कर्णाली पछाडि, सौतेनी व्यवहारले हेरियो । अहिले गणतन्त्र भइसक्दा पनि कर्णालीलाई पछाडि पारिएको र त्यहाँका जनताको जुन विकास योजना हो ।

**(१२:२० बजे)** **पुनःपीठासीन**:- सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिना ।

**माननीय श्री नरपति लुवार (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- त्यो विकासमा अझै यो सरकारले ध्यान दिएको छैन । यो सरकारले कर्णालीको बाटो अवश्यले पनि निश्चित रूपले कालोपत्रे गराओस् भन्ने म माग गर्दै मेरो भनाइ यहीँ अन्त्य गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य दीपा गुरुङ । समय ६ मिनेट ।

**(१२:२१ बजे)** **माननीय श्री दीपा गुरुङ (नेपाल कम्युनिष्ट पार्टी, एमाले):**- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम अब आउनुहुने १९ जना राष्ट्रिय सभाका माननीय ज्यूहरूलाई बधाई सहित सफल कार्यकालको शुभकामना दिन चाहन्छु । साथै महासचिवज्यूलाई पनि सफल कार्यकालको शुभकामना दिन चाहन्छु । अध्यक्ष महोदय, देशमा महङ्गीले सिमाना नाघ्यो, भ्रष्टाचारको घटना दिनहुँजसो छापामा आइरहेको छ । सुन तस्कर जति कडा र पारदर्शी गर्छु भने पनि दिनहुँजसो किलोका किलो सुन airport बाट भित्र भित्रिएका छन् । तीन वर्ष अगाडिबाट मिटर ब्याजीका समस्या अझै समाधान हुन सकेको छैन । पटकपटक वार्तामा बसे पनि समस्या ज्यूँका त्यूँ छन् । कुनै जनता पैदल यात्रा गर्दै राजधानी भित्रिएका छन् । समस्या सुनुवाइ कागजमा सीमित छ । कानुनी रूपमा हुन सकेको छैन, सडक दुर्घटनामा पनि कमी आएको छैन। महङ्गीले जनताको ढाड सेकिएको छ । किसानहरू सडकमा दुध फाल्न बाध्य भएका छन् । गरिब, मजदुर, ज्यामी, किसान परिवारलाई बाँच्न धौ धौ छ । आम्दानीबाट दैनिकी खर्च चलाउन गाह्रो भइरहेको छ । यी सबै देशको अवस्था जनताका समस्या अन्तर्गत पर्ने विषय हुन् । अध्यक्ष महोदय, देशमा लोकतन्त्र आयो आफूलाई सक्षम सरकार भन्ठान्ने गठबन्धनको शक्तिशाली सरकार खडा छ । लोकतान्त्रिक गणतन्त्र सुदृढीकरणको चरणमा छौँ भन्छ तर देशको अवस्था दिनहुँ ओरालो लाग्दै गइरहेको छ । व्यवस्था परिवर्तन भएपनि जनताको अवस्था परिवर्तन हुन सकेन । जसले गर्दा युवाहरू भविष्यको खोजीमा विदेश पलायन भइरहेका छन् । सरकार कानमा तेल हालेर कुर्सी समातेर बसिराखेको छ । विदेशी युवाहरूको लास बन्द

बाकसमा आउन पनि रोकेको छैन । देशमा सुशासन हराउँदै गइरहेको छ । राज्य कमजोर भइरहेको छ, व्यापार व्यवसाय कमजोर छ, उद्योग धन्दामा मन्द गति छ, आम्दानीको स्रोत ठप्प जस्तै छ । तर सरकार लम्पसार सुतिराखेको छ, शक्तिशाली छु भनिराखेको छ ।

अध्यक्ष महोदय, थुप्रै काण्डहरूको फाइल खोलेजस्तो गर्छ सरकार, तर कताकता सेटिङ मिल्दैन फेरि बन्द गर्छ सरकार । यसरी जनता र राष्ट्रको ढाड सेकी सेकी अन्तर्राष्ट्रिय मुलुकसामु नेपालको बेइज्जत हुन गइरहेको छ । तर पनि सरकार मौन छ सरकार, जनताप्रति उत्तरदायी नभएको भेटिन्छ । राष्ट्रियता जोगाउन सकेको छैन, सामाजिक न्याय दिन सकेको छैन । यो गठबन्धनको सरकारबाट राम्रो कामको सुरुवात भएको छैन । भ्रम बाहेक केही देखिँदैन, सुनिँदैन तर काम गर्छु भन्न थाक्दैन सरकार । अध्यक्ष महोदय, जब सरकार बलियो हुन्न, राष्ट्र बलियो हुन्न । सरकार कमजोर भयो भने विदेशीको चलखेलको सुरुवात हुन्छ र राष्ट्रियतामाथिको खतरा बढ्छ । तर वर्तमान सरकारलाई यस्ता विषयको केही प्रभाव पारेको, परेको देखिँदैन । त्यसैले अहिले गठबन्धनभित्रैबाट असक्षम सरकार, असक्षम मन्त्रीहरू, मन्त्रीहरूबाट आफ्नो जिम्मेवारीमा निपूणता नभएको, मन्त्रीहरूबाट जनताको समस्या समाधान हुन नसकेको टिकाटिप्पणीहरू छताछुल्ल बाहिर पोखिएको छ । आखिर किन? सबैभन्दा उत्कृष्ट गठबन्धनको सरकार भन्नेहरूले अब बालकुमारी घटनाको कति निष्पक्ष ढङ्गबाट कारबाही सुरु गर्छ? प्रश्न छ । प्रधानमन्त्रीज्यू जहिले पनि सुशासनको वकालत दिन थाक्नु हुन्न, अब बालकुमारी घटनाको छानबिन प्रतिवेदन शीघ्र भएर आउन पर्छ यो मेरो पनि माग हो । सरकारसामु प्रश्न खडा छ, निष्पक्ष तरिकाबाट कारबाही हुन्छ कि हुँदैन ? अध्यक्ष महोदय, अरू सरकारले भन्दा हामीले सुशासन ल्याउँछौं भन्ने हाँक दिने सरकार असफल भएको देखियो। जनताको समस्यामा ध्यान गर्न चाहे त्यो भूकम्प पीडित होस्, चाहे मिटर ब्याजीका जनताका समस्या हुन्, चाहे महिला हिंसाका समस्या हुन्, चाहे उद्योग व्यवसायका समस्या हुन्, चाहे पशुबाट हिंस्रक घटना जनतामा परेको होस्, यस्ता थुप्रै समस्याहरू देश विदेशमा घटिरहेका छन् साना— साना विषयबाट ठुला ठुला जघन्य अपराध देशभित्र भएका छन् । तर सरकार किन मौन देखिन्छ? किन सरकारसँग मानवताको सोच देखिँदैन? पीडित जनताको बीचमा सरकार किन उभिन डराउँछ? यस्ता प्रश्नहरू बाहिर छताछुल्ल भएर सुन्नमा आउँछ, किन? किनभने सरकार असक्षम र लाचारी छ तर पनि आफूलाई बलियो भन्न छोड्दैन । अध्यक्ष महोदय, देश भ्रष्टाचारको बाटो बाटोतिर धकेलिएको छ सरकार, आर्थिक रूपमा कमजोर देखिएको छ, जनताका समस्या जटिलतातिर छ । हिजो भएका निर्माणाधीन कामको संरक्षण, सम्बर्धन र अधुरा कामलाई पूर्णता र स्थापित गर्न यो सरकारबाट पालना हुन सकेको छैन । संविधान बनेको ८ वर्ष बितिसक्दा

पनि शान्ति प्रक्रियालाई टुङ्गमा पु¥याउन सकेको छैन । नारा र इच्छाशक्तिले मात्र नभई जनताको बीचमा प्रत्यक्ष काम गर्ने विश्वास दिलाउन जरुरी देखिन्छ तर विश्वास कता छ? थाहा छैन सरकारलाई । अध्यक्ष महोदय, अर्थतन्त्रलाई मजबुत बनाउन कृषि आयआर्जनलाई मजबुत, शुद्धीकरण बनाउन बिउबिजन लगायत पर्याप्त मात्रामा बजेटको आवश्यकता रहन्छ । कृषक र उत्पादनको मेल खाएमा देश आर्थिक रूपमा आत्मनिर्भर भई अगाडि बढ्न सक्छ । तर सरकार नारामा मात्र सिमित देखिन्छ आखिर सरकार कता चुकिरहेको छ? त्यसैले सरकारको हरेक काममा निराशा देखिन्छ, त्यसैले पनि होला विश्वासको कमीले असफल सरकार हुन पुगेको । सरकार जिम्मेवारी हिन देखेको, पिडित नागरिकको घाउमा मलहम लगाउन सरकार असक्षम देखिन्छ । यो पनि अहिलेको वर्तमान चुनौतीको विषय पनि रहेको छ । सम्माननीय अध्यक्ष महोदय, रुसमा नेपाली युवाहरू भर्ती हुनु र अकालमा मृत्युको घटना बढिरहनु दुखदायी हो । अर्को दुखदायी घटना विपीन जोसीले अरूको ज्यान बचाएर तर आफु कहाँ छ? कुन अवस्थामा छन् अवगत हुन सकेको छैन । परिवारमा रुवाबासी छ, पीडाबोध छ यस्ता समस्या प्रत्यक्ष अप्रत्यक्ष थुप्रै छन् । त्यसैले देशभित्र बाहिर विभिन्न समयमा घटिरहेका समस्या घटनाहरूलाई सरकारले कुटनीतिक पहलको माध्यमबाट शीघ्र समस्या समाधान गर्नुपर्छ भन्ने माग राख्दै बिदा हुन्छु । धन्यवाद ।

**(१२:२६ बजे)** **<u>सम्माननीय अध्यक्षः</u>-** माननीय सदस्यहरू, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएको सम्बन्धी पत्रहरू प्राप्त हुन आएका छन्, अब म, उक्त पत्रहरूको व्यहोरा क्रमशः जानकारी गराउँछु।

(क) “**माननीय वन तथा वातावरण मन्त्री वीरेन्द्र प्रसाद महतो** नैरोबी, केन्यामा आयोजना हुने यूनाइटेड नेसन्स इन्भारोमेन्ट एसेम्बली (यू एन ई ए - सिक्स) कार्यक्रममा सहभागी हुन संवत् २०८० साल फागुन १२ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको वन तथा वातावरण मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट **माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोककुमार राई**ले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु।

(बैकुण्ठ अर्याल)
मुख्यसचिव
२०८० फागुन ११

(ख) “**माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजाल** संयुक्त अरब इमिरेट्सको

आबुधावीमा सञ्चालन हुने विश्व व्यापार संगठनको तेह्रौं सम्मेलनमा सहभागी हुन संवत् २०८० साल फागुन ११ गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट **माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहनबहादुर बस्नेत**ले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु।

(बैकुण्ठ अर्याल)

मुख्यसचिव

२०८० फागुन १३

माननीय सदस्यहरू, अब म विधायन व्यवस्थापन समितिका माननीय सभापति जयन्ती देवी राईलाई **"विधायन व्यवस्थापन समितिको वार्षिक प्रतिवेदन, २०७९/८०"** सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु।

**(१२:२८ बजे) माननीय जयन्ती देवी राई (ने.क.पा. एकिकृत समाजवादी):-** सम्माननीय अध्यक्ष महोदय राष्ट्रिय सभा नियमावली, २०७५ बमोजिम विधायन व्यवस्थापन समितिको कार्यक्षेत्र अन्तर्गत सभामा प्राप्त विधेयकमाथि छलफल तथा विधेयक व्यवस्थापन ऐन कार्यान्वयन मापन तथा अध्ययन र अनुसन्धान सम्बन्धी विषयहरू रहेका छन्। समितिले नेपालको संविधान, प्रचलित कानुन, राष्ट्रिय सभा नियमावली, २०७५ र संसदीय परम्पराभित्र रही आफ्नो कर्तव्य र जिम्मेवारी निर्वाह गर्दै आइरहेको छ। समितिमा दफावार छलफल गरी सभामा प्रतिवेदन पेस गर्नका लागि राष्ट्रिय सभाबाट पठाइएका विधेयकमाथिको छलफलको क्रममा विभिन्न चरणमा सम्बद्ध विभागीय मन्त्री, संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरू, कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय र सम्बन्धित मन्त्रालयका सचिवसम्बद्ध पदाधिकारी विषयविज्ञ नागरिक समाज सरोकारवाला लगायतलाई बैठकमा आमन्त्रण गरी छलफल गर्दै सबैको सहमतिमा विधेयकलाई समृद्ध बनाउने कार्य गर्दै आएको छ। यस्तै ऐन कार्यान्वयनको मापन तथा अध्ययन, अनुसन्धानको कार्यलाई व्यवस्थित गर्न समितिले सुरुवाती चरणमा नै ऐन कार्यान्वयन मापन तथा अध्ययन र अनुसन्धानका लागि एक कार्यविधि बनाई सोही अनुरूप कार्य गर्दै आएको छ। कतिपय समस्याहरूको समाधान र जनइच्छाको सम्बोधनका लागि सरकारलाई सुझाव निर्देशनसमेत दिएको छ। सम्माननीय अध्यक्ष महोदय, यस प्रतिवेदनमा २०७९ श्रावण १ गतेदेखि २०८० असार मसान्तसम्म समितिबाट भएका गरेका काम कारबाही विधेयकहरूको अवस्था सदस्यहरूको उपस्थिति निर्णय र प्रतिवेदनहरू समावेश गरिएको छ। यस अवधिमा

औपचारिक रूपमा जम्मा ५४ वटा बैठकहरू सम्पन्न भएका छन्। ती बैठकहरूमध्ये ३६ वटा बैठक विधेयक व्यवस्थापनको कार्यमा पाँचवटा बैठक अध्ययन, अनुसन्धानको कार्यमा र १३ बैठकमा अन्य विषयमा छलफल भएको थियो। त्यसबाहेक समितिद्वारा गठित उपसमितिहरूको जम्मा ३९ बैठक बसेकोमा ३५ बैठक अध्ययन, अनुसन्धानसँग सम्बन्धित रहेका थिए। समितिमा प्राप्त विधेयकमा दफावार छलफल गर्नु पूर्व विषयविज्ञ कानुनविद् सरोकारवालाहरूसँग अवधारणात्मक तथा सैद्धान्तिक छलफल गर्ने अभ्यास रहेको छ यस आर्थिक वर्षमा समितिमा ९ वटा विधेयक प्राप्त भएकोमा ३६ बैठकमा ७ वटा विधेयक उपर छलफल गरी विधेयकसम्बन्धी समितिका प्रतिवेदनहरू सभामा पेस गरिएका थिए। समिति गठन भए यता हालसम्म समितिले राष्ट्रिय सभामा उत्पत्ति भएका ४० वटा विधेयक र प्रतिनिधिसभाले पारित गरी राष्ट्रिय सभामा पठाएका विधेयकमध्ये समितिमा प्राप्त २७ वटा विधेयकको व्यवस्थापन गरेको छ । समितिले आफ्नो क्षेत्राधिकारका विषयमा दिएका निर्देशन सुझाव तथा सिफारिसको कार्यान्वयनको अवस्था सम्बन्धमा अध्ययन गरी यसअघि नै सभामा प्रतिवेदन पेस गरिसकेको छ। ऐन कार्यान्वयन मापन अध्ययन, अनुसन्धानको विषय समितिको क्षेत्राधिकारको विषय भएको हुँदा ऐन कार्यान्वयनमा आफ्ना मापन अध्ययनका आधारमा चारवटा निर्देशन तथा संसदीय अनुगमन विधेयकको संरचनागत प्रबन्ध लगायत विधायन व्यवस्थापनसम्बद्ध विषयमा, दुईवटा निर्देशनहरू गरी छ वटा निर्देशनको कार्यान्वयनको अवस्था अध्ययन गरेको थियो। समितिले संविधानको कार्यान्वयनका लागि बन्नुपर्ने अत्यावश्यक कानुन निर्माणको अवस्थाको अध्ययन गरी बनेका र बन्न बाँकी त्यस्ता कानुनहरूको सूचीकरण गरी अत्यावश्यक कानुन तत्काल निर्माजण हुने अवस्थाका लागि सम्बद्ध सरोकारवालाहरूको ध्यानाकर्षण एवं सिफारिस गर्ने उद्देश्यले संविधान अनुसार बन्न बाँकी कानुनहरूको अध्ययन गरेको यसअघि नै सभामा प्रतिवेदन पेस भइसकेको छ । प्रतिवेदन अनुसार अध्ययनबाट संवैधानिक प्रबन्धका आधारमा ती प्रावधानहरूलाई कार्यान्वयन गर्न आधारभूत रूपमा कम्तीमा १८१ वटा कानुनहरू तर्जुमा गर्नुपर्नेमा संघले १५१ प्रदेशले २४ र स्थानीय तहले ६ वटा कानुन बनाउनुपर्ने देखिएको छ। अध्ययनबाट सङ्घको क्षेत्राधिकारका १५१ मध्ये ४० वटा कानुनहरू तत्काल बनाउनुपर्ने देखिएका छन्। र प्रतिवेदनको छलफलमा सम्माननीय प्रधानमन्त्री उपस्थित भई सिफारिस कार्यान्वयन गर्ने प्रतिबद्धता जनाउनुभएकोमा धन्यवाद व्यक्त गर्दछु। सम्माननीय अध्यक्ष महोदय समिति गठन भएको पाँच वर्ष पूरा भइ छैटौं वर्षमा हामी छौं। यस अवधिमा समितिले राष्ट्रिय सभामा उत्पत्ति भएका र प्रतिनिधिसभाबाट सन्देश सहित राष्ट्रिय सभामा आइ सो सभाबाट यस समितिमा पठाइएका सबै विधेयकहरू माथि छलफल गरी सबै समयमै प्रतिवेदनहरू पेस गरिएको छ। राष्ट्रिय सभामा उत्पत्ति भएका केही विधेयकहरूका सम्बन्धमा प्रदेश र स्थानीय स्तरमा समेत गएर छलफल गरी राय सुझाव संकलन

गरिएको थियो भने केही नयाँ निकाय स्थापनासँग सम्बन्धित विधेयकमा स्थलगत अध्ययन समेत भएको छ । र विधेयक उपर छलफलमा समितिबाट केही नयाँ अभ्यासहरूलाई संस्थागत गरिएको पनि छ । ऐन प्रारम्भ हुने समयमा परिवर्तन ऐन कार्यान्वयन मापन सम्बन्धी प्रावधान थप, प्रत्यायोजित विधायनमा उपयुक्त अङ्कुश, तजबिजी अधिकारमा न्यूनीकरण, संघीयता र समावेशी सिद्धान्तमा जोड र समय पालना उपयुक्त तथा मर्यादित शब्दावली चयन आदि स्थापित गरेका विषय हुन् । अन्त्यमा समितिको कार्यमा सहयोग गर्ने समितिमाका सबै माननीय सदस्यहरू नेपाल सरकारका मन्त्रीहरू विभिन्न मन्त्रालय एवं निकायका सम्बद्ध पदाधिकारी विज्ञ तथा विद्वत्वर्ग सरोकारवाला सङ्घसंस्था र सञ्चार जगतका सबै संघीय संसद सचिवालय र समिति सचिवालयलाई धन्यवाद दिँदै भविष्यमा पनि निरन्तर सहयोगको प्राप्त हुने अपेक्षा गर्दछु। सम्माननीय अध्यक्ष महोदय सम्माननीय अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभा नियमावली २०७५ को नियम १५९ को उपनियम (४) बमोजिम सभा समक्ष समितिको आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन पेस गर्दछु । धन्यवाद ।

(१२:३५ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब म राष्ट्रिय सरोकार तथा समन्वय समितिका माननीय सभापति दिल कुमारी रावल थापा "पार्वती" राष्ट्रिय निकुञ्ज वन्यजन्तु आरक्ष र मध्यवर्ती क्षेत्रमा मानव र वन्यजन्तु बिचको द्वन्द्वको अवस्था अध्ययन प्रतिवेदन, २०८० सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु ।

(१२:३६ बजे) **<u>माननीय सभापति श्री दिल कुमारी रावल थापा “पार्वती”</u>**:- सम्माननीय अध्यक्ष महोदय ,सरकारलाई राष्ट्रिय सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन सरकारबाट भएगरेका कामकारबाहीको अनुगमन मूल्याङ्कन गरी आवश्यक निर्देशन राय सल्लाह दिन राष्ट्रिय सभा नियमावली ,२०७५ को नियम १४७ को उपनियम) १ (को व्यवस्थाबमोजिम राष्ट्रिय सभाअन्तर्गत ४ विषयगत समितिमध्ये राष्ट्रिय सरोकार तथा समन्वय समिति एक महत्त्वपूर्ण समिति हो । राष्ट्रिय सभा नियमावलीले तहगत राज्य संरचनाको विकासमा समन्वय ,राष्ट्रिय सम्पदा मानव अधिकार तथा परराष्ट्र सम्बन्ध ,सन्धि सम्झौताको कार्यान्वयनको अवस्था , समन्यायिक विकासको अवस्था ,पिछडिएको क्षेत्र ,समुदाय ,संस्कृति ,राष्ट्रिय गौरवका आयोजना , राष्ट्रिय सुरक्षा र संवैधानिक आयोगहरूसम्बन्धी विषय यस समितिको कार्यक्षेत्रमा समेटिएको छ । नियमावलीको उक्त आधारमा सरकारका कामकारबाहीमाथि निगरानी ,अनुगमन ,मूल्याङ्कन तथा निर्देशन गर्ने मुख्य जिम्मेवारी यसै समितिको देखिन्छ । सम्माननीय अध्यक्ष महोदय राष्ट्रिय सभा

नियमावली, २०७५ को नियम १५९ उपनियम (१) को व्यवस्थाबमोजिम आज म समितिको कार्यक्षेत्र विषय राष्ट्रिय सम्पदाअन्तर्गत राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष एवम् संरक्षित क्षेत्रहरूमा मानव र वन्यजन्तुको द्वन्द्वको अवस्थाबारे अध्ययन गरी सभामा प्रतिवेदन पेस गर्न समितिको मिति २०८० असोज १४ गतेको बैठकको निर्णय भएको थियो । सोहीबमोजिम समितिले कोशीटप्पु वन्यजन्तु आरक्ष चितवन राष्ट्रिय निकुञ्ज, सगरमाथा राष्ट्रिय निकुञ्ज र काठमाडौं उपत्यकाको लाइफलाइनको रूपमा रहेको शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको स्थलगत अवलोकन, सम्बन्धित निकुञ्ज कार्यालयको पदाधिकारी मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिको पदाधिकारी सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारी, स्थानीय पालिकाका जनप्रतिनिधिलगायत स्थानीय सरोकारवालासँग छलफल तथा अन्तरक्रिया गरेको थियो । सो छलफल तथा अन्तरक्रियामा उठान भएका विषय र सुझावहरू समितिका बैठकमा वन तथा वातावरण मन्त्रालयसँग भएका छलफलमा उठान भएका विषयहरू, सम्बन्धित विषयका विज्ञसँग भएका छलफल वन तथा वातावरण मन्त्रालयमार्फत देशभरका सबै संरक्षित क्षेत्रहरूमा प्रश्नावली तयार गरी माग गरेको विवरणको आधारमा राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र मध्यवर्ती क्षेत्र मानव र वन्यजन्तुबिचको द्वन्द्वको अवस्था अध्ययन विषयक यो प्रतिवेदन तयार गरिएको छ । नेपाल प्राकृतिक सौन्दर्यले भरिएको देश हो नेपालको भौगोलिक विविधताभित्र अद्भूत प्राकृतिक जैविक विविधता, औषधीजन्य अमूल्य वनस्पतिहरूको प्राचुर्यता विभिन्न दुर्लभ प्रजातिका जनावर तथा पन्छीहरू, अनेकौं नदी नाला तालहरू प्रकृतिको अलौकिक प्राकृतिक सौन्दर्य विविध प्रकारका हावा पानीलगायतका यो देश एक आकर्षक पर्यटक गन्तव्यको रूपमा परिचित पनि छ । यिनै प्राकृतिक सुन्दरता र विविधताको संरक्षण गर्ने उद्देश्यले राष्ट्रिय निकुञ्ज, संरक्षित क्षेत्र तथा वन्यजन्तु आरक्षको व्यवस्था गरिएको छ । प्रकृतिको संरक्षण गर्ने उद्देश्यले नेपालमा २२ ओटा संरक्षित क्षेत्र स्थापना भएका छन् । जसमध्ये १२ ओटा राष्ट्रिय निकुञ्ज, ६ ओटा संरक्षित क्षेत्र, २ ओटा आरक्ष, २ ओटा प्राणी उद्यान स्थापना छन् । त्यस संरक्षित क्षेत्रहरूको व्यवस्थापनबाट व्यवस्थापनमा बजेटको कमीले गर्दा पर्याप्त वासस्थानको व्यवस्थापन सुधार गर्न कठिनाइ भएको राजमार्ग सिँचाइका नहरहरू जस्ता रेखाङ्कन संरचनाले वन्यजन्तुको वासस्थानको खण्डीकरण भएको, बढ्दो मानव वन्यजन्तु द्वन्द्वका कारण मानव जीवन र बालीनालीमा क्षति भएको, राहतको लागि बजेट अपुग भएको, संरक्षित क्षेत्रमा स्थानीयको माग र आवश्यकताअनुसार ढुङ्गा, गिट्टी, बालुवा व्यवस्थापनमा चुनौती रहेको, संरक्षित क्षेत्रभित्र वातावरण अध्ययन नै नगरी भौतिक पूर्वाधार निर्माण हुने गरेको विकास र संरक्षणको बिचको तालमेल मिलाउने विषय पेचिलो बनेको संरक्षित क्षेत्रहरूमा भौतिक पूर्वाधारहरू कमी रहेको चोरी सिकारी नियन्त्रणको लागि आवश्यक प्रविधिहरूको कमी र अत्यावश्यक उपकरण कमी रहेको, मिचाहा प्रजातिको बढ्दो समस्या रहेको, कर्मचारीको क्षमता र सुरक्षा व्यवस्थापनमा

जटिल बन्ने गरेको, राजमार्गको फोहोरमैला व्यवस्थापन नहुनु, नगरभित्रको फोहोरमैलासमेत निकुञ्ज भित्र फालिने गरेको, छाडा गाई गोरु भुस्याहा कुकुरहरूको नियन्त्रण रोकथाम चुनौतीपूर्ण रहेको, उद्धार केन्द्र तथा चिडियाखाना सञ्चालनको विषय पेचिलो बनेको, पर्यटकीय पूर्वाधारहरूको कमी आधुनिक प्रविधियुक्त हुन नसकेको जस्तै E- ticketing system, E tracking, Integrated one door fee system हुन नसकेको निकुञ्ज क्षेत्रबाट उठेको राजस्वमध्ये ३० देखि ५० प्रतिशत उपलब्ध गराउनुपर्ने भनिए तापनि २० प्रतिशतभन्दा कम रकम मात्र दिइने गरेकोले निकुञ्ज प्रभावितहरूका समस्या समाधानमा वेवास्ता भएको साथै यस क्षेत्रको विकासमा समेत असर परेको UNESCO heritage site को सम्बन्धमा हुने गरेका अन्तर्राष्ट्रिय सभा बैठकहरूमा स्थानीय स्तरको संरक्षणको वस्तुगत अवस्था र स्थानीय, स्थानीयहरूका समस्या बुझेका व्यक्ति तथा संरक्षणकर्मीहरूको संलग्नता नगराई संरक्षणको विषय नै नबुझेका व्यक्तिहरूको सहभागिता हुने गरेकोले संरक्षणको कार्य र स्थानीयका समस्याहरूको सम्बोधनको विषय ओझेलमा परेको, वन्यजन्तुबाट हुने विनाश र क्षतिबापत हाल दिइरहेको क्षतिपूर्ति न्यून रहेकोलगायतका प्रमुख तथा साझा समस्याहरू रहेका छन् भने कतिपय संरक्षित क्षेत्रगत फरक प्रकृतिका समस्याहरू पनि रहेका छन् । यी सबै विषयहरू प्रतिवेदनमा समावेश गरिएको बेहोरा जानकारी गराउँछु । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को चौधौं संशोधनमार्फत घोषणा गरिएको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षको आसपासको भूभागलाई मध्यवर्ती क्षेत्र रहेका बासिन्दाहरूको वन्यजन्तु र पारिस्थितिकीय प्रणालीहरूलाई खतराबाट जोगाउन नेपालको प्राकृतिक सौन्दर्य र जैविक विविधताको संरक्षण गर्न मध्यवर्ती क्षेत्रहरूका बासिन्दाहरूको महत्त्वपूर्ण योगदान रहेको तथापि जीवन निर्वाहको क्रममा मध्यवर्ती क्षेत्रहरूमा रहेका स्थानीय आदिवासी समुदायहरूले पारस्परिक रूपमा वन्यजन्तुसँगको सामिप्यतामा जीवन निर्वाह गर्दै अनेकौं प्रकारका चुनौतीहरू जस्तैः वन्यजन्तुको आक्रमण, बालीनालीको विनाश तथा प्राकृतिक विपत्तिहरूको सामनालगायत आधारभूत विकासात्मक विषयहरूमा सम्झौता गरी सास्ती भोग्नुपरेको अवस्था छ । संरक्षित क्षेत्र र मध्यवर्ती क्षेत्रको वस्तुगत अवस्था र यी क्षेत्रमा मानव र वन्यजन्तुबीचको द्वन्दको अवस्थाका सम्बन्धमा केही संरक्षित क्षेत्रको स्थलगत अनुगमन तथा स्थानीय सरोकारवालाहरूसँग छलफल र अन्तरक्रिया गरी प्राप्त तथ्यगत विवरणको अध्ययन र विश्लेषण गरी यस प्रतिवेदनमा संघीयता अनुकूल नयाँ ऐनको निर्माण गर्नुपर्ने भोगाधिकारको सुनिश्चितता गर्नुपर्ने, व्यक्तिको जग्गा जमिन र निकुञ्ज भूभाग GPS का आधारमा वैज्ञानिक रूपमा सीमाङ्कन हुनुपर्ने, नक्साङ्कन हुनुपर्ने, परम्परागत पेसाको संरक्षण गर्नुपर्ने, राजस्व बाँडफाँटको सुनिश्चितता गर्नुपर्ने ढुङ्गा, गिट्टी, बालुवालगायत नदीजन्य तथा वन पैदावारको उपयोग गर्नुपर्ने, स्थानीय स्तरमा उद्यमलाई प्राथमिकता दिनुपर्ने, स्थानीय सहभागिता सुनिश्चित गर्नुपर्ने, असल अभ्यास अनुकरण गर्नुपर्ने, व्यवसाय सञ्चालनमा सहजीकरण र नियमन

गर्नुपर्ने, संरक्षित क्षेत्रको वरिपरि स्थायी प्रकृतिको वाल निर्माण गर्नुपर्ने, बाँकी मुआब्जा वितरण गर्न अध्ययन गर्नुपर्ने, यो कोशीटप्पुमा रहेको कोशी नदीपारी रहेको श्रीलंका टप्पुको बस्ती स्थानान्तरण गर्नुपर्ने, सगरमाथा प्रदूषण नियन्त्रण समितिको भूमिकालाई प्रवर्धन गर्नुपर्ने, सगरमाथाको सरसफाईमा ध्यान दिनुपर्ने, जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्नुपर्ने, मानव वन्यजन्तु द्वन्द्वका कारण सिर्जित समस्याहरूको दीर्घकालीन समाधान गर्नुपर्ने, चितवन राष्ट्रिय निकुञ्ज र माडी नगरपालिकाको सीमाना भएर बहने रिउ खोलामा संघीय सरकारकै बहुवर्षीय योजनामा समावेश गरी ठोरी नाकालाई स्तरोन्नति गरी ठोरी केरुङमार्गको माडी खण्डअन्तर्गत रिउ करिडोर निर्माण गरिनुपर्ने, माडी नगरपालिका वार्ड नं १ स्थित नारायणी नदीमा निर्माण सम्पन्न भइसकेको झोलुङ्गे पुललाई शीघ्र सञ्चालन गरी वाल्मीकि आश्रम जाने पैदल मार्ग निर्माण गरिनुपर्ने । साथै माडी १ गोद्धकदेखि वाल्मीकि आश्रम जाने fire line निर्माण गर्नुपर्ने, भुस्याहा सामाजिक छाडा कुकुरको व्यवस्थापन गर्नुपर्ने, एकीकृत सूचना प्रणाली लागु गर्नुपर्ने, सीमा निर्धारणसम्बन्धी, क्षतिपूर्तिसम्बन्धी, भौतिक पूर्वाधार निर्माणसम्बन्धी लगायतका समस्या समाधानका सुझावहरू समेटिएको बेहोरा सम्मानीय अध्यक्षज्यूमार्फत यस सम्मानित सभासमक्ष जानकारी गराउन चाहन्छु । अन्त्यमा समितिको कार्ययोजनामा उल्लिखित कार्यको प्रभावकारी रूपमा कार्यसम्पादन गर्न मार्गदर्शन प्रदान गर्नुहुने राष्ट्रिय सभाका सम्मानीय अध्यक्षज्यू, राष्ट्रिय सभाका माननीय उपाध्यक्षज्यूप्रति म हार्दिक आभारसहित धन्यवाद ज्ञापन गर्दछु । स्थलगत अवलोकन तथा अन्तरक्रिया कार्यक्रममा सहभागी भई महत्त्वपूर्ण सुझाव दिनुहुने समितिको कामकारबाहीमा सहयोग गर्नुहुने समितिका माननीय सदस्यज्यूहरू मन्त्रालयका मन्त्रीज्यू सचिवज्यू, विभाग तथा अन्य निकायका पदाधिकारीहरू समितिको काममा समन्वयात्मक सहयोग पुर्याउने संघीय संसदका महासचिव राष्ट्रिय सभाका सचिव, सचिवालयका सचिव, समितिका सचिवलगायत सचिवालयका कार्यरत कर्मचारीहरू, राजनीतिक दलका प्रतिनिधिहरू, समितिको प्रत्यक्ष रूपमा महत्त्वपूर्ण योगदान पुर्याउनुहुने सम्बन्धित क्षेत्रका विषयविज्ञ स्थलगत अवलोकन तथा अन्तरक्रिया कार्यक्रममा सहभागी भई सुझाव तथा जानकारी उपलब्ध गराउनुहुने सम्पूर्ण सहभागीज्यूहरू, प्रश्नावलीमार्फत जानकारी उपलब्ध गराउनुहुने सम्पूर्ण सरोकारवाला निकाय तथा व्यक्तिहरू, विभिन्न विषयका सरोकारवाला पक्षका पक्षहरू, सञ्चार माध्यमका पत्रकार साथीहरूलगायत यस समितिलाई सहयोग गर्नुहुने सबैप्रति आभारसहित हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

सम्माननीय अध्यक्ष महोदय, मिति २०८० साल फागुन १० गतेको समितिको बैठकबाट पारित राष्ट्रिय सरोकार तथा समन्वय समितिको यो राष्ट्रिय निकुञ्ज वन्यजन्तु आरक्षण संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रका मानव र वन्यजन्तुबिचको द्वन्द्वको अवस्था अध्ययन विषयक प्रतिवेदन,

२०८०, राष्ट्रिय सभा नियमावली २०७५ को नियम १५९ उपनियम (१) को व्यवस्थाबमोजिम यस सम्मानित सभामा पेस गर्दछु । धन्यवाद ।

(११:४७ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू नेपालको संविधानको धारा ११२ र राष्ट्रिय सभा नियमावली २०७५ को नियम ११६ बमोजिम अब म माननीय उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई राष्ट्रिय सभामा विचाराधीन अध्यागमन विधेयक २०७६ फिर्ता गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

(११:४७ बजे) **माननीय उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठः-** सम्माननीय अध्यक्ष महोदय, अध्यागमन विधेयक, २०७६ गत सरकारले प्रस्तुत गरेको थियो । र अध्यागमन ऐनको आवश्यकताको परिप्रेक्ष्यमा तथा सरकारले त्यतिबेला जुन विधेयक प्रस्तुत गर्‍यो त्यसका निम्ति म धन्यवाद दिन चाहन्छु। र अध्यागमन विधेयकमा जति पनि आजसम्मको लागि पनि आवश्यक सकारात्मक पक्षहरू छन्। तिनलाई आगामी अध्यागमन विधेयकमा पनि समावेश गर्ने प्रतिबद्धता व्यक्त गर्दै यो विधेयक पनि तत्काललाई फिर्ता गर्ने सरकारले निर्णय लगेको कुरा म संसदसँग अनुमोदनका लागि अनुरोध गर्दछु । विशेषतः अहिले राष्ट्रिय र मुख्यत अन्तर्राष्ट्रिय परिस्थितिमा आएका पछिल्ला फेरबदल र राष्ट्रिय सुरक्षामा अत्यन्तै सजग हुनुपर्ने परिस्थिति, दोस्रो प्रविधिको आधुनिकतम प्रयोगसहित अध्यागमनलाई अझ बढी व्यवस्थित आधुनिक बनाउनुपर्ने अहिलेको आवश्यकता, तेस्रो सरकारले अध्यागमन क्षेत्रमा चालेका केही सुधार र अगामी सुधारका योजनाहरूको खाकालाई पनि ध्यान दिएर अध्यागमन विधेयकलाई अपडेट गर्नुपर्ने आवश्यकता र अरू कतिपय ऐनहरूको समेत तादात्यता खुवाउनुपर्ने मिलाउनुपर्ने आवश्यकताको परिपेक्षमा अहिले यो अध्यागमन विधेयक सरकारले फिर्ता लिने निर्णय गरेको हो। म फेरि दोहोर्‍याउन चाहन्छु, अध्यागमन ऐन हामीलाई चाहिएकै छ। अध्यागमन विधेयकमा जे जति सकारात्मक विषयहरू प्रस्तुत भएका छन् तिनलाई निरन्तरता दिइनेछ। र आज अघि मैले भनेका परिप्रेक्षहरूलाई समेत जोडेर छिट्टै सरकारले नयाँ अध्यागमन विधेयक ल्याउने उद्देश्य सहित यो विधेयक फिर्ता लिने निर्णय गरेको हो। तसर्थ सम्माननीय अध्यक्ष महोदय अध्यक्ष महोदयको अनुमतिले अध्यागमन विधेयक २०७६ फिर्ता गरियोस् भन्ने प्रस्ताव सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

**सम्माननीय अध्यक्षः-** माननीय श्री भैरव सुन्दर श्रेठ समय ३ मिनेट ।

(११:५१ बजे) **माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, भर्खर अध्यागमन विधेयक २०७६ फिर्ता गरियोस् भनेर माननीय उपप्रधानमन्त्री तथा गृहमन्त्रीज्यूले जुन प्रस्ताव राखु चाहिँ भएको छ । म त्यो प्रस्तावको विरोध गर्न अनुमति चाहन्छु। म यो संसदमा समय धेरै चाहिँ छैन । २०७६ साल ११ महिना ८ गते दर्ता भएको विधेयक विधायन व्यवस्थापन समितिमा गएर हामीले संशोधन मार्फत यो विधेयकलाई पूर्णता दिने सवालमाथि सर्वसम्मत ढङ्गले सरकारमा भएका सबै घटक दलहरूका माननीयज्यूहरू, हामी प्रतिपक्षी वेन्चमा भएका माननीयज्यूहरू सबै बसेर यो विधेयकलाई पूर्णता दिएर हामीले राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले २०७९ साल असार ५ गते प्रतिवेदन मार्फत विधेयक सदनमा चाहिँ नल्याएको कुरा जानकारी नै छ। र यो विधेयकको सवालमाथि कुनै सर्वसम्मत ढङ्गले कुनै विरोध र असहमति प्रकट नभएको यो विधेयकलाई फेरी पनि सरकारले परिवर्तन भइसकेपछि आफ्ना विधेयकहरू, कुन मन्त्रालय अन्तर्गतका विधेयकहरू कुन समितिमा छन् । राष्ट्रिय सभामा छ कि, प्रतिनिधि सभामा छ कि, यो खोजी गर्ने कुरो सरकारको दायित्व चाहिँ थियो । सरकारले चाहिँ त्यो दायित्व पूरा चाहिँ गरेन । र धेरै पछि थाहा भयो कि गृहमन्त्रीज्यूले त्यो विधेयक चाहिँ यो २०७९ साल असार ५ गते दर्ता भएको विधेयकलाई अध्ययन गर्नका निम्ति भनेर जसरी गृहमन्त्रालयले फिर्ता लिने माग गरे, फिर्ता चाहिँ लियो । करिब एक वर्ष सात महिना चाहिँ त्यो के खालको अध्ययन चाहिँ गर्यो? ती अध्ययनबाट निकालेका निष्कर्षहरू के थिए भन्ने कुरा त्यो चाहिँ जानकारी हुनपर्छ भन्न चाहन्छु र यो विधेयक जुन फिर्ता भयो, जसरी सजिलैसँग लिन खोजिएको छ । यो विधेयकमा यदि त्रुटिपूर्ण छन् भनेपछि, विधेयक राष्ट्रिय सभामा उपस्थित भएर सबै प्रक्रिया पार गरेर उहाँ चाहिँ सभामा चाहिँ आएको छ । यो विधेयकलाई प्रतिनिधिसभामार्फत सरकारले ल्याउन खोजेको कुराहरू के हुन्? यो विधेयकमाथि अपुग भएको कुराहरू के हुन्? ती कुराहरूलाई पूर्ण गर्नका निम्ति प्रतिनिधि सभाको मार्फत जानु चाहिँ पर्थ्यो तर यो विधिको सवाल माथि सरकारले यो यति लामो अवधिसम्म करिब १ वर्ष ७ महिनासम्म कुनै जानकारी नगराएर सिङ्गो सदनलाई जुन अब यो अवरोध गर्ने काम गरेर यो विधेयक निर्माणप्रति देशको समय खर्च भएको छ, साधन खर्च भएको छ, स्रोत खर्च भएको छ, यो साधन स्रोत र समग्र जति खर्च भएको छ त्यसको क्षतिपूर्ति दिने कसले हो? गृहमन्त्रीज्यूले दिन सक्नुहुन्छ । त्यसो हुँदा चाहिने यो जनस्तरबाट उठिरहेको छ कि सदनले सरकारले बिजनेस दिन सकेको छैन, सदनले विधेयक जुन बनाएको छैन भने यावत् टिप्पणीहरू उठिरहेको वेला सर्वसम्मत ढङ्गले सदनमा आइसकेको विधेयकलाई फिर्ता लिने कुरा

कुनै पनि हालतमा राम्रो हुँदैन । त्यसकारणले हामीले विरोध गरेका छौं । र विधेयकको सवालमा के भन्दाखेरि यसमा केही विषयवस्तु परिवर्तन गर्न आवश्यक भएको, अमूर्त कुरा लेखेको त्यस्ता विषयवस्तुहरू के हुन्छ ती विषयहरू? यो सदनले थाहा पाउन चाहिँ पर्छ । यस्ता अमूर्त कुराहरूका विषयमा सदनमा जानकारी नगराएर एकैपल्ट चाहिँ सरकारले जसरी विधेयक फिर्ता लिनुपर्ने भयो यो चाहिने मात्र सकिने अवस्था छैन, म यही कुराहरू राख्दै आफ्ना भनाइ टुङ्ग्याउँछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य सुमित्रा बि.सी.। समय ३ मिनेट।

**(१२:५४ बजे) माननीय श्री सुमित्रा बि.सी. (नेपाल कम्युनिष्ट पार्टी एमाले)ः**- सम्माननीय अध्यक्ष महोदय, यो लामो समयसम्म राष्ट्रिय सभामा उत्पत्ति भएर सरकारले पेस गरेको विधेयकलाई आज लामो समयपछि फिर्ता गर्नुपर्ने कारण र यसमा भएका कमी कमजोरीहरू के हुन् सदनलाई जानकारी गराइयोस् । माननीय मन्त्रीले भन्नुभएको छ यसमा भएका राम्रा कुराहरू हामी लिनेछौं र यो आवश्यक पनि छ भन्नुभएको छ। सरकारले विधेयक ल्याउन आलटाल गर्ने, आएका विधेयकलाई पनि लामो समयपछि फेरि फिर्ता लिन अनुरोध गर्ने यो राम्रो कुरा होइन। यदि आवश्यक छ भने यसलाई छलफल गराएर विधेयक पास गराउन पट्टि नगएर फिर्ता लाने भनेको कुरो यो सरकारको कमजोरी हो । विगतका सरकारहरूले ल्याएका राम्रा कुराहरूलाई सपोर्ट गर्न नसक्नु समर्थन गर्न नसक्नु र यो आग्रह राखे जस्तो मलाई महसुस भयो। पूर्वाग्रह राखे जस्तो मलाई महसुस भयो। त्यसकारणले यसका नराम्रा कुराहरू के रहेछन्? सदनलाई जानकारी गराएर कि कन्भिन्स गर्नुपर्यो, महसुस गराउनु पर्यो। होइन भने यो आएका विधेयकलाई छलफल गराएर कानुन बनाउनका निम्ति सरकार अग्रसर रहोस् र यो आवश्यक भएको कानुनलाई आवश्यक छ पनि भन्ने फेरि फिर्ता गरियोस् पनि भन्ने यो अलिकति मिले जस्तो लागेन। त्यसो भएर यो यसको बारेमा प्रष्ट जवाफ चाहियो। धन्यवाद।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य अनिता देवकोटा।

**(१२:५६ बजे) माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)ः**- सम्माननीय अध्यक्षज्यू, अध्यागमन विधेयक, २०७६ फिर्ता गरियोस् भनेर गृहमन्त्रीज्यू, माननीय उपप्रधानमन्त्रीज्यू र गृहमन्त्रीज्यूले प्रस्ताव गर्नुभएको छ । म सत्तापक्षको सांसद भएको हुनाले म पक्षमै भोट हाल्ने

हो तर मलाई लाग्यो एउटा कुरा जिज्ञासा गर्न मन लाग्यो । लामो समयसम्म संसदको समितिमा छलफल भयो । छलफल भइसकेर पेस भएको विधेयकहरूलाई हामी राष्ट्रिय सभा र प्रतिनिधि फेरि प्रतिनिधि सभामै पनि जाने भएको हुनाले त्यहाँबाट पनि यसलाई अझ परिस्कृत, परिमार्जित गरेर, सुदृढ गर्न सकिन्थ्यो होला । यस तजचयगनज राज्यको स्रोत र साधनहरू खर्च भइरहेको बेलामा हामी फेरि यो फिर्ता लिने कुराले राज्यको स्रोत साधन र हाम्रो समय पनि बर्बाद भयो कि भन्ने मलाई लाग्छ । त्यसैले म सम्मानीत सभाका माध्यमबाट माननीय उपप्रधानमन्त्री एवं गृहमन्त्रीज्यूलाई आग्रह गर्न चाहन्छु । यस्ता संवेदनशील विषयहरू विधेयक चाहिएको छ । अध्यागमन सम्बन्धी कानुन निर्माण गर्नु छ, फेरि फिर्ता गरेर समयको ढिलो, स्रोत साधनको झन् खेर जस्ता कुराहरूलाई पनि ख्याल गरेर समयमै सम्बन्धित निकायबाट यो परिमार्जित र परिस्कृत गर्न सकिने । प्रतिनिधि सभा र राष्ट्रिय सभाबाट गर्न सकिने कुराहरूलाई यो स्रोत, साधन र समयको पनि पनि ख्याल गरेर गर्न पाए राम्रो हुन्थ्यो । र अबका दिनमा यसरी विधेयकहरू छलफल भएर आउने बेला समयमै हामीले सोच्न हुन म सम्बन्धित निकायको राष्ट्रिय सभाका माध्यमबाट ध्यानाकर्षित गर्न चाहन्छु । र म सत्तापक्षको सांसद भएको हुनाले माननीय उपप्रधानमन्त्रीज्यूले पेस गर्नुभएको प्रस्तावमा समर्थन जनाउँछु तर यस्ता कुराहरूमा विचार गरियोस् भन्ने आफ्नो राय राख्न चाहन्छु । धन्यवाद ।

<u>**सम्माननीय अध्यक्षः-**</u> माननीय सदस्य भगवती न्यौपाने।

**(१२:५६ बजे)<u>माननीय सदस्य भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले):-</u>** सम्माननीय अध्यक्ष ज्यू माननीय उपप्रधान तथा गृहमन्त्रीज्यूले जुन अध्यागमन विधेयक २०७६ फिर्ता गरियोस् भनेर जे प्रस्ताव गर्नुभएको छ यो बेठिक छ । वास्तवमा माननीयज्यूहरूले भनिसक्नुभएको छ उहाँले जे औचित्य पेस गर्नुभएको छ त्यो औचित्य पनि वास्तवमा हल्का ढङ्गले प्रस्तुत गर्नुभएको छ । १ वर्ष ७ महिनासम्म अध्ययन गर्ने समय लाग्छ । अनि विधेयकहरूको विषयमा अहिले जसरी बाहिर चर्चा चलिरहेको छ सरकार ऐनहरू जारी गर्ने विषयमा कानुन निर्माण गर्ने विषयमा उदासीन छ महत्त्व दिँदैन गम्भीर छैन भन्ने कुरालाई यसले पुष्टि गर्छ । समितिमा सर्वसम्मत रूपमा पारित गरेर त्यतिका समय लगाएर यति समय खर्च भयो । स्रोत र साधन रकम खर्चको कुरा पनि हिसाब गरौं अनि सरकारले चाहिँ आज आएर विधेयक फिर्ता लिनुपर्छ भन्ने कुरा यो वास्तवमा यो औचित्य छैन। त्यसैले म यो फिर्ता लिने होइन । यसलाई पास गरौं । अघि माननीयज्यू ज्यूले भन्नुभएको छ केही कमजोरीहरू छन् भने

केही परिवर्तन गर्नुपर्ने छ भने त्यो प्रतिनिधि सभाले परिवर्तन गर्न सक्छ तर फिर्ता लिनुको औचित्य के हो? यसको रहस्य के हो? यो विषयमा चाहिँ वास्तवमा सरकारले यो फिर्ता लिने जुन प्रस्ताव गर्या छ यो बेठिक छ मैले यही कुरा राख्न चाहन्छु। यो सर्वसम्मत रूपमा पारित भएको सबै प्रोसेस पारित गरेर अन्तिममा चाहिँ जुन पारित गर्ने बेलामा यसलाई हो कि र आज यतिको समय पछाडि फिर्ता लिने कुरा यो बेठिक छ सरकारले गरेको कमजोरी सबै माननीयहरूले चाहिँ सबै सांसदहरूले त्यसको आरोप खेप्नुपर्ने? विधेयक बनाउने विषयमा सांसदहरूले ध्यान दिँदैनन्, कानुन निर्माण विधेयक पारित गर्ने विषयमा कानुन निर्माण गर्ने विषयमा ऐन बनाउने विषयमा सांसदहरूले ध्यान दिँदैनन् भनेर बाहिर आरोप खेप्नु पर्ने अनि सांसद केरे सरकारी विधेयक पनि नल्याउने संसदमा विधेयक पेस पनि नगर्ने आवश्यक विधेयकहरू पेस नगर्ने ऐनहरू धेरै बनाउनुपर्ने छ। त्यो बारेमा ध्यान नदिने अनि त्यसको आरोप हामीले खेप्नु पर्ने अनि पेस भएको विधेयक पनि फिर्ता लिने यो बेठिक छ यसलाई फिर्ता होइन पारित गरेर जाउँ भन्न चाहन्छु। धन्यवाद।

**सम्माननीय अध्यक्षः-** माननीय सदस्य तुलसा कुमारी दाहाल। समय ३ मिनेट।

**(१३:०१ बजे) माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी एमाले):-** सम्माननीय अध्यक्ष महोदय यो अध्यागमन विधेयकलाई माननीय उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले फिर्ताको लागि प्रस्ताव सभामा पेस गर्नुभएको छ। किन फिर्ता गर्नुपर्यो? यो विधेयकलाई राष्ट्रिय सभामा छलफल गरिसकेको थियो । यो विधेयकलाई केही कमी कमजोरी भए प्रतिनिधि सभामा पनि छलफल गर्न सकिन्थ्यो । मन्त्री भएपछि र मन्त्रालय अन्तर्गत रहेका कतिवटा विधेयक छन् भन्ने कुरो हेर्नु पर्दैन? संशोधनको रूपमा यो प्रस्ताव गर्नु सभामा पेस गर्न सक्नुहुन्थ्यो । फिर्ता गर्नुपर्ने कारण के हो? यो एक वर्ष सात महिनासम्म यसलाई चाहिँ झुलाएर राखिएको छ । लामो समय राष्ट्रिय सभामा छलफल भयो। र राष्ट्रिय सभाको विधायन समितिले चाहिँ यसलाई पास पनि प्रतिवेदन सहितको सभामा ल्याएको छ। यो २०७९ असार ५ गते तर अहिले मन्त्रीज्यूले चाहिँ म अघिल्लो सरकारलाई धन्यवाद दिन्छु तर फिर्ता गर्छु, राष्ट्रिय अन्तराष्ट्रिय तहमा आएको फेरबदल अत्यावश्यक र आधुनिक वैज्ञानिक बनाउनुपर्ने सरकारले फिर्ता लिने निर्णय गरेको भनेर भन्नुभयो र छिटै ल्याउँछु भन्ने कुरो पनि गर्नुभयो । म गृहमन्त्रीज्यूलाई के सोध्न चाहन्छु भने उहाँले यो विधेयकको अवमूल्यन गर्नुभएको छ । सभाको गरिमालाई घटाउनुभएको छ र उहाँ र उहाँ लगायत उहाँको मन्त्रालय चाहिँ उदासीन भएको

छ । यो राष्ट्रिय सभाको गरिमा घटाउन मिल्छ? मिल्दैन। त्यसैले यो कस्तो खालको संस्कृतिको उहाँले विकास गर्न खोज्नुभएको हो । यदि यस्तै हो भने अरूलाई पनि असर पर्न सक्छ । यस्तो संस्कृतिको विकास नगरौं । यस्तो संस्कृतिको विकासले सभाको गरिमालाई चाहिँ घटाउने काम गर्छ र बरु समय सापेक्ष बनाउन चाँही प्रयत्न गर्नुपर्छ भन्ने कुरोमा म चाहिँ जवाफ माग्न चाहन्छु ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य खिमलाल देवकोटा । समय ३ मिनेट ।

**(१३:०२ बजे) <u>माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय सबभन्दा पहिले त अब क्यारे हाम्रो संविधानले सरकारलाई संसदमा विधेयक पेस गर्न अधिकार पनि छ, फिर्ता गर्ने अधिकार पनि छ । अब यो पाटोमा सँगसँगै यो विधेयक सरकारले पेस गर्‍यो, फिर्ता लियो । तर फिर्ता लिँदाखेरिका केही कारणहरू माननीय मन्त्रीज्यूले भन्नुभा' छ । तर मेरो अलिकति reservation कहाँनिर हो भने हामी घनीभूत छलफल गर्‍यौं, विधायन समितिमा गर्‍यौं । अब हाम्रो कस्तो छ भने म एउटा नजिर पनि हामीले बसालिसकेका छौं । अन्तरतहसम्बन्धी कानुनलाई सरकारले टेबल गरेको थियो, त्यो विधेयकमा धेरै अपरेसन भयो, धेरै दफाहरू change पनि गर्‍या छ समितिले । यो राष्ट्रिय सभाको विधायन समितिले धेरै change पनि गरेको छ । त्यसकारण यसमा हामी धेरै change गर्न सक्थ्यौं । अब त्यसले गर्दाखेरि म त्यो पाटोमा गइनँ । अब सरकारले फिर्ता लियो । तर एउटा म सरकारले फिर्ता लिएको अर्को एउटा विधेयकको विषयमा यही विधेयकसँग जोडेर अर्को एउटा विधेयकको विषयमा त्यो महत्त्वपूर्ण विधेयक, संघीय जुन निजामती सेवा विधेयक तत्कालीन ओली सरकारको पालामा २०७५ साल माघ २७ गते संसद, प्रतिनिधि सभामा त्यो छलफल भएर विशेष गरी त्यहाँको तत्कालीन राज्य व्यवस्था समितिमा २ वर्ष १ महिना १४ दिन त्यो राज्य व्यवस्था समितिमा छलफल भयो । ६१ दिन लगातार छलफल भ'को छ । त्यो समितिले प्रतिवेदन सभामा पेस गर्‍यो त्यो अझ अनि तत्कालीन ओली सरकारको बेलामा त्यो विधेयक पेस भो' । फेरि देउवा सरकारको पालामा त्यो विधेयक फिर्ता लिइयो । विधेयक फिर्ता लिँदाखेरि के भनियो भने हामी तुरुन्तै यो विधेयक लिएर आउछौं भनियो तर आजसम्म अढाई वर्ष भइसक्यो, विधेयक आ'को छैन । यो प्रश्न मैले सम्माननीय अध्यक्षज्यूमार्फत मन्त्रीज्यूलाई मेरो प्रश्न तपाईंले यो भन्नुपर्‍यो, यो विधेयक कहिलेसम्म ल्याउनुहुन्छ । यो किनभने यो निजामतीसँग जोडें । अर्को सँगसँगै अर्को कुराहरू अब त्यही मन्त्रिपरिषद् क्याबिनेटले यही निजामती विधेयकै पास

गरिसकेको छ । ०८० भाद्र २१ को क्याबिनेटले पास गरिसकेको छ । तपाईँले संसदमा टेबल पनि गर्नुहुन्न । यो पाटो, सिङ्गो निजामती सेवा विधेयक नहुँदाखेरि नेपालको सिङ्गो प्रशासन संयन्त्र लथालिङ्ग भद्रगोल छ । स्थानीय तह हेर्नुस्, प्रदेशहरू हेर्नुस् लथालिङ्ग भद्रगोल यो, यो पाटोमा पनि अलिकति गम्भीर हुनुपर्‍यो । यो पाटोमा पनि अलि माननीय मन्त्रीज्यूको ध्यानाकर्षण गराउँछु । अर्को finally अब यो माननीय मन्त्रीज्यू, गृहमन्त्रीज्यू, अब प्रदेशमा प्रहरी समायोजन तपाईँले कहिले गर्दिनुहुन्छ? विशेष गरी मैले हेरेको सम्माननीय अध्यक्ष महोदय किन स्वीट्जरल्यान्ड, जर्मनी, क्यानडाको संघीयता किन सबल भ'को छ भन्दाखेरि त्यहाँ प्रहरी, कानुन अनि विकासको वाहक सबै प्रदेशलाई बना'का रहेछन् । तब न उनीहरूको संघीयता राम्रो छ सबल छ । तर यहाँ संविधानले प्रहरीको अधिकार तल दिएको रहेछ । तपाईँले प्रहरीको समायोजनको पनि गर्दिनुहुन्न । निजामती कानुन पनि ल्याउनुहुन्न । किन यो किन यो सरकारले किन यो तपाईँहरू संवेदनशील हुनुहुन्न? यो प्रश्न पनि मैले माननीय मन्त्रीज्यूलाई गर्न चाहे हस् त, धन्यवाद ।

**सम्माननीय अध्यक्षः-** माननीय सदस्य बिमला घिमिरे। समय ३ मिनेट।

**(१३:०५ बजे) माननीय श्री बिमला घिमिरे (नेपाल कम्युनिष्ट पार्टी एमाले)ः-** सम्माननीय अध्यक्षज्यू, यो अध्यागमन विधेयक २०७६ फिर्ता गर्ने प्रस्ताव जुन आज यो गरिमामय सदनमा पेस भयो। यो सरकार किन उल्टो हिँड्दैछ? भन्ने कुराप्रश्न उठिरहेको छ । हिँड्नुपर्ने त सुल्टो हो । सुल्टो हिँडे मात्रै गन्तव्यमा पुगिन्छ, उल्टो हिँड्दाखेरि त गन्तव्यमा पुगिँदैन । अब यहाँ प्रस्तुत भएको विधेयक किन यो अध्यागमन विधेयक किन फिर्ता गर्नुपर्‍यो? भन्ने कुराको जवाफ एकदमै त्यो मन्त्रीज्यूले दिएको जवाफ चित्त बुझ्दो छैन । उहाँले किन फिर्ता गर्नुभयो? राम्रो पनि छ भनेर पनि भन्दै गर्ने अनि फिर्ता पनि गर्छु भन्दै गर्ने कुराहरू यो राष्ट्रिय सभाको एउटा गरिमालाई पनि यसले चाहिँ आँच पुर्‍याएको छ भने सरकारले आफूले कतिपय विधेयकहरू ल्याउन नसक्ने, ल्याएका विधेयकहरू फिर्ता गर्दै जाने, ती विधेयकहरू सच्याउने, सुधार्ने, संशोधन हाल्ने प्रक्रिया त्यो प्रक्रियामाथि किन यो सरकारलाई विश्वास लागेन? यो भन्दा अगाडि कतिपय विधेयकहरू छिटो बाटोबाट ल्याउनुपर्छ भनेर एकाएक बहुमतको बलमा कतिपय विधेयकहरू पनि पास गरेको देखिन्छ । तर फेरि अहिले फेरि बहुमतकै भरमा हामीले यसलाई फिर्ता गर्छौं भन्ने पनि सरकारलाई लागेको होला । यसले सन्देश बाहिर के दिन्छ भने यो भन्दा अघिल्लो सदनमा पनि विधेयक जम्मा एउटा मात्रै पास गरेर यो संसद अन्त्य भयो भनेर जुन चर्चा परिचर्चा छ र

अहिले यो संसद सुरु हुने बित्तिकै सरकारबाट हामीले सुनेको कुरा धेरै विधेयकहरू यो सदनमा पास हुन्छन् भन्ने कुराको जुन खालको एउटा मिडियाबाजी पनि गरियो । तर भइरहेको र अगाडि बढाउन सकिने यो दुई दिनमा यहाँबाट पास गरेर अगाडि बढाउन विधेयकलाई फिर्ता गरेर अनि कति वर्ष लगाएर यो विधेयक ल्याउने हो यो कुराको सुनिश्चितता कसरी हुन्छ? यसका नराम्रा पक्षहरू के थिए? त्यसमा, त्यो विषयमा चाहिँ यो गरिमामय सदनलाई जवाफ दिनुपर्छ । म यो सम्माननीय अध्यक्षज्यूमार्फत मन्त्रीज्यूलाई आग्रह गर्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य दिल कुमारी रावल थापा "पार्वती" । समय ३ मिनेट ।

**(१३:०७ बजे) <u>माननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, अध्यागमन विधेयक, २०७६ फिर्ता गरियोस् भनेर माननीय उपप्रधान तथा गृहमन्त्रीज्यूले यो प्रस्ताव गर्नुभा'को छ । म यसको विरोध गर्न चाहन्छु । किनभने कानुन निर्माणमा प्रतिनिधि सभा र राष्ट्रिय सभाको समान भूमिका हो । यो दुइटा सदनको जोड नै संघीय संसद हो । तर दुःखका साथ भन्नुपर्छ । राष्ट्रिय सभामा दर्ता भएका विधेयकहरू वर्तमान सरकारले धमाधम फिर्ता गर्दै छ । योभन्दा अगाडि पनि फिर्ता गर्‍यो, अब पनि फिर्ता गर्दै छ । हामीलाई थाहा छ, राष्ट्रिय सभामा उत्पत्ति भएको अन्तरसमन्वय ऐन, २०७७ पूर्ववर्ती ओली सरकारको पालामा आ'को हामी त्यति बेला सत्तापक्ष थियौं । त्यो बेलामा प्रस्तुत भएको विधेयकमा सत्तापक्षले संशोधन हालेर विधेयकको ६० प्रतिशतभन्दा बढी अंश परिवर्तित गरेर व्यवस्थित कानुन हामीले बनाएका थियौं । आज वर्तमान गठबन्धन सरकार राष्ट्रिय सभाको औचित्यमाथि प्रश्न उठाउने गरेर यो अवस्था सिर्जना किन भइरहेको छ ? अझ म माननीय उपप्रधान तथा गृहमन्त्री राष्ट्रिय सभाकै सदस्य हुनुहुन्छ । राष्ट्रिय सभाकै सदस्यको नाताले वहाँ सरकारको उपप्रधान तथा गृहमन्त्री हुनुहुन्छ । र यति राष्ट्रिय सभाको विधायन समितिमा व्यवस्थित ढङ्गले लामो छलफल बहस विज्ञहरूको सुझावसहित पारित भएर सभामा आइसकेको १ वर्ष ७ महिना माननीय उपप्रधानमन्त्रीज्यूको अध्ययनको लागि पर्खाउनुभएको तर आज आएर के कारणले फिर्ता गर्नुभएको? वहाँको जवाफ सुनिरहँदा चित्त बुझ्दो जवाफ छैन । म शालीनताका साथ माननीय उपप्रधान तथा गृहमन्त्रीलाई भन्न चाहन्छु । जनताको प्रतिनिधिमूलक संसद यो सभालाई यो विधेयक फिर्ता गर्नुको औचित्यपूर्ण कारण चाहिँ दिनुपर्छ किनभने जनताको प्रतिनिधिहरूले थाहा पाउनुपर्छ के कारणले आज वर्तमान गठबन्धन

सरकारलाई यो विधेयक फिर्ता गर्न के आवश्यक पर्‍यो? कहाँबाट दबाब आयो? यो हामीले यसलाई अझै समृद्ध बनाउन प्रतिनिधि सभा थियो । किन त्यो बाटो नअपनाएर अगाडि बढ्नुपर्ने सरकार पछाडि किन हिँड्दै छ? म प्रश्न गर्न चाहन्छु । यो विधेयक फिर्ताको विरोध गर्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य डाक्टर विमला राई पौडयाल । समय ३ मिनेट ।

**(१३:०९ बजे) <u>माननीय डा. विमला राई पौडयाल (मनोनीत)</u>**:- सम्माननीय अध्यक्षज्यू, माननीय गृहमन्त्रीज्यूले आज प्रस्ताव गर्नुभा'को यो । विधेयकको फिर्ताको कुरा म विरोधैभन्दा पनि मलाई चिन्ता लागेको छ । र मेरो चिन्ता मैले यहाँ व्यक्त गर्न चाहन्छु । विधेयक बनाउँदा लामो समय खर्च हुन्छ । पहिला कुरा त मन्त्रालयमा consultant हरू, मन्त्रालयको कर्मचारीहरूको समय, consultant हरूलाई hire गर्ने समय, पैसा, त्यसपछि मन्त्रिपरिषद्मा, मन्त्रिपरिषद्मा पनि त्यति नै हुन्छ । कानुन मन्त्रालय, अर्थ मन्त्रालय, गृहमन्त्रालय हुँदै यो मन्त्रिपरिषद्मा गएको होला । मन्त्रिपरिषद्बाट राष्ट्रिय सभामा आएको हो । राष्ट्रिय सभामा आउँदाखेरि ०७६ साल चैत ६ गते आयो म सम्झिन्छु । विधायन व्यवस्थापन समितिको सदस्यको हैसियतमा धेरै बैठकहरू यो विधेयकमा खर्च भएको छ । मेरो आफ्नै समय पनि र सबै सांसदहरूको समयहरू पनि खर्च भएको छ । पैसा त्यतिकै खर्च भएको होला त्यो बैठकमा, यति ठुलो धनराशी खर्च गरेर हामी विधेयकहरू बनाउछौं । अनि mature हुन्छ । त्यसपछि प्रतिवेदन आउँछ । सबै चिज ready भइसकेपछि हामी फिर्ता लिन्छौं । म agree गर्छु । धेरै परिवर्तन भा'को छ । अहिले राष्ट्रिय सुरक्षाको कुरा होला । अथवा अन्तर्राष्ट्रिय परिस्थिति होला परिवर्तन भा'को होला तर हुनुपर्ने के थियो भने ०७६ सालमा दर्ता भएको विधेयक ०७७ सालमा पास हुनुपर्थ्यो । यसले जनतालाई सेवा दिनुपर्थ्यो । अनि अहिले परिवर्तित अवस्थामा सरकारले फेरि यसलाई संशोधन गर्न पर्थ्यो । तर त्यसो नभएर ३ वर्ष ११ महिनासम्म अड्काएर राखे, अनि यो मन्त्रिपरिषद्मा हुनुभा'का मन्त्रीज्यूहरूको तलब पनि tax payer कै पैसा हो । यहाँ हामी बसिरहेका सांसदहरूको तलब पनि tax payer कै पैसा हो, tax payer लाई हामीले के जवाफ दिने? कति स्रोत खर्च भा'को छ? यो एकचोटि अनुसन्धान गरौं । माननीय मन्त्रीज्यूलाई मैले अनुरोध गर्छु । एकदमै विद्वत् मन्त्रीज्यू हुनुहुन्छ । फिर्ता लिँदाखेरि विधेयक फिर्ता लिँदाखेरि कति पैसा खर्च हुन्छ? कति जनशक्ति खर्च हुन्छ? कति पैसा खर्च हुन्छ? र त्यसको परिपूर्ति कसरी हुन्छ? taxpayer लाई हामीले के जवाफ दिन्छौं? हामीले त विधेयकहरू rewrite गर्ने

अवस्थामा पनि देखेका छौं र कति विधेयकहरू almost rewritten पनि भएका छन् राष्ट्रिय सभामा भनेपछि अहिले यो परिवर्तित जुन अवस्थाहरू छ । यो अवस्थाहरूमा यो यो कुरा चाहिँ परिवर्तन गर्नुपर्‍यो भनेर ल्याउनुभ'को भएदेखि हामील यसमा परिवर्तन गर्न नसक्ने अवस्था थियो र? फेरि हामी zero देखि नै यो विधेयकलाई सुरु गर्न गइराखेका छौं? यो राम्रो भएन । यो मात्रै होइन हामीले राष्ट्रिय सभामा अरू पनि विधेयकहरू फिर्ता गरेका छौं । सारै चित्त दुखेको छ । यो taxpayer लाई हामीले जवाफ दिनुपर्छ । मन्त्रीज्यूले हामी सांसदलाई जवाफ दिनुहोला । अब मन्त्रिपरिषद्ले पनि जवाफ देला । यो मेरो अधिकारको कुरा हो लान्छु भन्नुहोला । तर taxpayer लाई हामीले के भन्छौं? कर दाताहरूलाई हामीले के भन्छौं? त्यसमा विचार गरौं भनेर मेरो अनुरोध हो ।

र दोस्रो चाहिँ यो अध्यागमन विधेयक नहुँदाखेरि, यो ऐन नबन्दाखेरि धेरैले दुःख पाइराखेका छन् । हामीले थुप्रै सरोकारवालाहरूसँग थुप्रैचोटि भेट्घाट गरेका छौं ।..... (समय सकिएको) ।

**(१३:१३ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>:-** माननीय सदस्यहरू अब म राष्ट्रिय सभामा विचारधीन "अध्यागमन विधेयक, २०७६ फिर्ता गरियोस्" भन्ने प्रस्तावका प्रस्तावक माननीय उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई विधेयक फिर्ता गरियोस भन्ने प्रस्तावको विरोधमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु।

**(१३:१३ बजे)** **<u>माननीय उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ</u>:-** सम्माननीय सभामुख महोदय, अध्यागमन विधेयक, २०७६ फिर्ता गर्ने प्रस्तावका सन्दर्भमा, छलफलका क्रममा माननीय सदस्यहरूले चिन्तापूर्वक राख्नुभएको चासोलाई मैले ध्यानपूर्वक सुनें । सरकारले त्यत्तिकै फिर्ता लिन खोजेको होइन । र एउटा विकल्प तपाईहरूले भन्या जस्तो विधेयकहरूमा छलफल गरिसकेपछि संशोधनको प्रकृया प्रतिनिधिसभा गएर पनि हुनसक्छ भन्ने कुरा पनि हो। तर जब होलिस्टिक रूपले सरकारले सोच्नुपर्छ त्यतिखेर सरकारले विधेयकलाई समग्रतामा फिर्ता लिने स्थिति पनि आउन सक्छ । त्यस अर्थमा मैले यसको कारणहरू बताइसकेको छु । धेरै मैले चर्चा गर्नुपर्छ जस्तो मलाई लाग्दैन । अब हामीले चाहिँ सही नै कुरा हो। विधेयक ल्याइसकेपछि त्यसमा छलफल भइसकेपछि समितिमा पनि छलफल भइसकेपछि त्यो प्रक्रिया सहज ढङ्गले अगाडि बढ्दा नै राम्रो हुने हो । तर कहिलेकाहीं यस प्रकारको स्थिति आउँछ कि २०७६ सालमा पेस भएको विधेयक यो समितिले पनि २०७९ मा पेस गरेको न हो। त्यसो

गर्दा त उल्टै हामीमाथि प्रश्न आउँछ । तीन वर्ष के हेरेर बसियो त? त्यसकारण सबै माथि प्रश्न छ । त्यसकारण यो सहज त म मान्दिन तर अहिले हामी अलि नयाँ ढङ्गले जान खोजिराख्या छौं । अध्यागमनलाई प्रणाली पनि अध्यागमनसँग जोडेका अरू संयन्त्रहरूमा पनि यो ढङ्गले हुँदैन भनेर अलि नयाँ पहलकदमी हामीले गर्न खोजि राखेका छौं। तपाईंले पनि देखुभएको छ कि अध्यागमनका समस्याहरू पनि देखुभएको छ हैन त्यसको चिन्ता पनि व्यक्त गर्नुभएको छ अहिले अध्यागमनलाई हामीले नयाँ चाहिँ राष्ट्रिय सुरक्षालाई केन्द्रबिन्दुमा राखेर नयाँ प्रविधिसहित international standard को नबनाइकन भएको छैन । त्यसमा थुप्रै कुराहरू विकास भएका छन् । त्यसकारणले हामीले त्यत्तिकै ख्यालठट्टा गर्या जस्तो गरेर लिइदेउन विधेयक भन्या कुरो होइन । सुविचारित ढङ्गले अहिले हामीले छिटोभन्दा छिटो नयाँ विधेयक ल्याउँ तर २०७६ सालको पेस गरेको विधेयकलाई हामीले समग्रतामा नै हेरौं। अहिलेसम्म जति छलफल भएर एउटा त अन्तरवस्तुको हिसाबले जति विधेयकमा सकारात्मक छन् त्यसलाई ग्रहण गर्नु हाम्रो दायित्व रहन्छ। दोस्रो तपाईंहरूले उसमा पनि छलफल गर्नुभयो समितिमा पनि त्यसको पनि सकारात्मक पक्षलाई ग्रहण गर्नुपर्ने हुन्छ। अब आउँदा त्यो सहज ढङ्गले अगाडि बढ्न सक्ने सम्भावना पनि हुन्छ। पहिला भएको कुराहरू चाहिँ अनि त्यसपछाडि त्यो खेर जान्छ भन्ने कुरा चाहिँ होइन। जिरोमा जान्छ भन्ने कुरा चाहिँ सत्य होइन। त्यसको अर्थ र महत्त्व हुन्छ, त्यसले योगदान गर्छ निश्चय पनि म तपाईहरूको सहमत छु कि यो सरासर अगाडि बढेको भए प्रक्रिया त त्यहि हुन्थ्यो नि राम्रो त त्यही हुन्थ्यो नि । तर त्यसको अर्थ यो विधेयक प्रस्तुत भयो त्यसमा भएको कन्टेन्टको काम छैन । हाम्रो छलफल जो भयो त्यसको अर्थ छैन महत्त्व छैन भन्ने हुँदैन। त्यसको महत्त्व हुन्छ हामी समग्रमा होलिस्टिक एप्रोचको साथ छिटै विधेयक ल्याउँछौं र अहिलेसम्म भएको विधेयकका सकारात्मक पक्ष र विधेयकमा समितिमा पनि भएको छलफलबाट जो समझदारी बनेको छ तिनीहरूले हामीलाई नयाँ विधेयक तर्जुमा गर्दा पनि मार्ग निर्देशन नै गर्नेछन् त्यसले चाहिँ हामीलाई योगदान नै गर्नेछन् भन्ने कुरा म विश्वास गर्न चाहन्छु। अब यहाँ अरू केही प्रश्नहरू पनि उठेका छन् अरू ऐन खै ल्याको भन्नुभएको छ। सही नै हो। सही कुरालाई त सही भन्नुपर्यो नि। विधेयक आउनुपर्यो भन्ने कुरा ठिक छ। विधेयक आउँदैछ यसपटक। मेरै मन्त्रालयको कुरा गर्ने हो भने नेपाल प्रहरी ऐन सम्बन्धी विधेयक आउँदैछ। समायोजन ऐन २०७६ मै जारी भएको थियो। त्यसमा केही संशोधन विधेयक आउँदैछ। त्यसपछि नेपाल प्रहरी र प्रदेश प्रहरीको कार्यसञ्चालन सुपरिवेक्षण र समन्वय ऐनमा केही संशोधन गर्नुपर्ने गरी विधेयक आउँदैछ। त्यसैगरी हामीले अरू पनि निर्वाचन सम्बन्धी विधेयक यही सदनमा आउँदैछ। प्रतिनिधिसभामा यहाँ हामी छलफललाई पर्याप्त चाहिँ विधेयकहरू हुनेगरी त्यो क्रम मिलाएर प्रस्तुत गर्दैछौं। त्यसपछि हामी स्थानीय प्रशासन विधेयक पनि ल्याउँदैछौं। यहीमा

संघीय निजामती सेवा ऐन विधेयक पनि आउँदैछ। त्यसपछाडि संघीय शिक्षा ऐन पनि यहाँ छँदैछ त्यो छलफलको प्रक्रियामा अगाडि बढ्नेनैछ। त्यसैले गर्दाखेरि अरू पनि विधेयकहरूको तयारी विभिन्न मन्त्रालय अन्तर्गत सरकारले गरिरहेको छ । र हामी त्यो विधेयकहरूलाई प्रस्तुत गर्ने नै छौं । देशको आवश्यकता अनुसारको विधेयकहरू ल्याएर सदनलाई हामीले एउटा विधेयकको विषयवस्तुमा छलफल गर्ने कुराबाट कुनै पनि हालतमा अब छलफलको विषय छैन भन्ने स्थिति गरिने छैन त्यो म विश्वास पनि दिलाउन चाहन्छु । जहाँसम्म प्रहरी समायोजनको पनि विषय उठेको छ। हामी प्रष्ट छौं, यद्यपि संघीयताका बारेमा हाम्रो देशमा धेरथोर बहस विवाद छँदैछ। त्यति हुँदा हुँदै पनि हामीले संघीयतालाई आत्मसात् गरेको छ यो देशको आवश्यकताका रूपमा। संविधानमा त्यसलाई व्यवस्था गरेका छौं। यद्यपि संविधान संघीयता कार्यान्वयनको क्रममा यो परिमार्जन हुँदै जान्छ। त्यो कुरालाई हामीले स्वीकार गर्नुपर्छ। संघीयताको अभ्यास भएका दशकौं दशौं संघीयताको अभ्यास भएका मुलुकहरूमा पनि संघीयतामा अलिअलि छलफल बहस भइरहन्छ अलिअलि परिमार्जनको विषय भइरहन्छ त्यो कुरालाई हामीले बुझ्नुपर्छ र संघीयता चाहिँ हामीले परिमार्जन गर्दै जान्छौं तर संघीयता क्रियान्वयनबाट यता उता हुने स्थिति छैन हामी संघीयतालाई प्रभावकारी कार्यान्वयनको प्रक्रियामा जान्छौं । त्यसो गर्दाखेरि प्रहरी समायोजनको प्रक्रिया पनि अगाडि बढ्छ। तपाईंले थाहा पाइसक्नु भएको हुनुपर्ने हो यस बीचमा हामीले पहिलोपटक संविधान जारी गरेको यति भयो पहिलोपटक सातवटै प्रदेशको आन्तरिक मामला र गृहमन्त्रीहरूको बैठक बस्यो ऐले मात्रै बस्यो । विषयगत समितिको बैठक बस्यो। त्यहाँ हामीले यो नेपाल प्रहरी ऐन पनि कतिपय विषयमा प्रहरी समायोजन ऐनसँग जोडिएको कारणले प्रहरी समायोजन प्रक्रियासँग जोडिएको कारणले हामीले त्यहाँ एउटा समझदारी बनाएका छौं नेपाल प्रहरी ऐनको अन्तरवस्तुमा प्रदेशहरूको पनि एउटा सहमति हामीले लिने प्रयत्न अगाडि बढायौ र त्यसमा पनि एउटा समझदारी बनेको छ । त्यसै गरेर समायोजन ऐन त पारित भयो।लागु गर्दे भइहाल्छ नि भन्ने कुरा छ । गल्ती छ भने त सच्याउनु पर्यो नि त। टेक्निकल गल्ती समेत छ। पारित गर्नुपर्ने र लेखेर वा लेख्या छ समायोजन हुँदैन। समायोजन चाहिँ प्रहरी नायब उपरीक्षक वा त्यसभन्दा तलकालाई समायोजनमा पठाइने भन्या छ। त्यो भन्या त हैन। डीएसपी देखि तलकालाई पठाउने भन्या हो वा भनेर लेखिदिएको छ अब समायोजन नै हुँदैन। त्यसलाई संशोधन गर्नु त पर्यो नि । त्यसै गरेर तपाईंको अरू पनि थुप्रै यस्ता छन् जहाँ हामीले छलफल गर्नु छ। जस्तो भन्नुस्। अहिले नेपाल प्रहरीमा आएको भर्ना भएको भ्याएसम्म मेरो योग्यताले क्षमताले भ्याएसम्म आइजीपीसम्म हुन्छु भनेर आएको छ । उनीहरूलाई हामीले समायोजनमा तल पठाउनु छ । तर हामीले यो भन्ने कि अब तिम्रो भविष्य एसएसपीसम्म हो मात्रै भनेर बलात गरेर हुन्छ कि कुनै ढोका पनि खोल्दिनुपर्छ? तिमी नेपाल प्रहरीमा त्यो ख्वाब

सहित आएका छौं । प्रहरी समायोजन भएर प्रदेश प्रहरीमा गएपनि त्यसको सम्भावकिन अर्काले नाको ढोका चाहिँ हामी खोल्छौं भने कुनै व्यवस्था गर्नुपर्ने कि नपर्ने? अनि संघीयतामा गएपछि निश्चित रूपमा प्रहरीलाई प्रहरी प्रदेशलाई पनि दिनुपर्छ। तर अनि प्रदेश प्रहरीले नै प्रदेशमा शान्ति सुरक्षा कायम गर्छ । तर प्रदेशले नै शान्ति सुरक्षा कायम गर्न आफ्नो असफल भयो वा समस्या आयो भने संघीय सरकारलाई अनुरोध गरेर त्यतिखेर संघीय सरकारले प्रहरी परिचालनमा सुरक्षा निकाय परिचालन गर्नुपर्ने स्थिति आउनसक्छ । त्यो पनि सही हो । सामान्यतया यही हुन्छ । तर कुनै परिस्थितिमा के संघीय सरकारले प्रदेशको निर्णय संस्थागत भएर आउन सकेन पाउन भ्याएन भने त्यतिखेर हामीले केही परिचालन गर्नुपर्दैन? त्यस्तो व्यवस्था छैन । त्यसकारणले गर्दाखेरि हामीले प्रहरी समायोजन गर्छौं तर प्रहरी समायोजनसँग जोडिएका नेपाल प्रहरी ऐनलाई विधेयकको रूपमा यहाँ प्रस्तुत गरेर प्रहरी समायोजन ऐनलाई पनि संशोधन गर्ने विषयहरू राखेर र नेपाल प्रहरी र प्रदेश प्रहरी कार्यसञ्चालन समन्वय ऐनकोलाई पनि संशोधन विधेयक पनि प्रस्तुत गर्छौं। तर त्यो सबै पारित भइसकेपछि मात्रै समायोजनको प्रक्रिया अगाडि बढ्छ भन्ने होइन। समायोजन समिति हामीले घोषणा गरिसकेका छौं। माननीयज्यूहरूलाई थाहा भइसक्यो होला। माननीय अध्यक्षज्यू मार्फत म फेरि प्रष्ट पार्न चाहन्छु। नेपाल सरकारले गृहमन्त्रालयले समायोजन समिति घोषणा गरिसकेको छ प्रहरीको त्यो समायोजन समितिले अहिले गृहकार्य गरिरहेको छ कति प्रक्रियालाई कति दिन लाग्छ कति समय लाग्छ हामीले प्रक्रियागत रूपमा अनिवार्य लाग्ने समयबाहेक एकदिन पनि बढी लिन चाहन्नौं हामी समायोजनमा त। यसमा धेरै बहस छ । धेरै मानिसहरूले अहिलेको सरकारले त्यसमाथि पनि गृह मन्त्रीले यो समायोजनको प्रक्रिया किन अगाडि बढाउन लागेको होला? भन्नेहरू पनि छन्। नभएको होइन तर मेरो प्रष्ट उत्तर छ कि त संघीयता फिर्ता गर्नुपर्छ कि त संघीयताको व्यवस्थालाई संविधानमा कायम राख्ने संघीयता कार्यान्वयनको प्रक्रिया अगाडि बढाउने हो भने प्रहरी समायोजन नगरी त हुँदैन । त्यसकारणले अनि यो पनि गर्ने त्यो पनि गर्ने भनेर  अलमलमा राख्नुहुँदैन भन्नेमा हामी सरकार दृढ छ । संघीयता यो देशको आवश्यकता हो भनेर संविधानमा व्यवस्था गरेका छौं। त्यसलाई कार्यान्वयन गर्दै परिमार्जन गर्दै जान्छौं त्यसको अनिवार्य अङ्गको रूपमा हामीले प्रहरी समायोजन पनि गर्छौं ।  र त्यो प्रकृया छिटै अगाडि बढ्छ । त्यसैले गर्दाखेरि यस सन्दर्भमा म के भन्न चाहन्छु भने यो सबै विषयवस्तुको सन्दर्भमा   नियतमाथि शङ्का गर्ने गरेर छलफल, बहस गरेर पनि हाम्रो त्यती धेरै पछाडी गएको हो। भने यो संसदीय व्यवस्थाको सम्माननीय अध्यक्ष महोदय सुन्दर पक्ष पनि हो। सरकारले गल्ती गर्यो भने प्रतिपक्षले चाहिँ औंला ठड्याउँछ र चाहिँ अलि करेक्सन गर्ने बाटोमा जान्छ। त्यसकारण यस प्रकारको डेमोक्रेसीको औचित्य भएको हो तर यसको केही कमजोर पक्ष यसको केही सीमा पनि छन्। मतलब क्रिटिकल हुने नाममा

विरोध, वादको शिकार हुनु त्यसो पनि हामीले गर्नुहुन्न । अहिलेको प्रतिपक्षलाइ मात्र म भन्दिनँ, जो प्रतिपक्ष भएपनि हाम्रो समस्या त्यही छ । प्रतिपक्षले अलि बढी आलोचना गर्नुपर्ने एकदम सही छ । सरकार चाहिँ काम गर्दै जाँदा अलि बढी अथोरिटेरियन हुने खतरा हुन्छ । त्यो पनि सही छ । त्यसकारण सरकार आफैं सचेत हुनुपर्छ मसँग सत्ता छ त्यसकारणले गर्दाखेरि अलि अनडेमोक्रेटिक हुने नोकरशाही हुने निरङ्कुश हुने खतराबाट आफैं बस्नुपर्छ तर त्यसो भन्दैमा उसले बचन नसकेको अवस्था प्रतिपक्षले बताउनुपर्छ र सही ट्याकमा लैजानुपर्छ। तर प्रतिपक्षले पनि राष्ट्रिय आवश्यकताका सन्दर्भमा सहमति कायम गरेर हामी अगाडि बढ्नुपर्ने विषयहरूलाई सहमतिको विषय पनि बनाउनुपर्छ जस्तो अहिले हामीले तपाइँ हामी सबै बोल्नुपर्यो। TRC बिल किन पारित भैरहेको छैन? किन अड्किराख्या छ भन्नु पर्यो त। त्यो राष्ट्रिय सहमतिको विषय हुनुपर्दैन त्यो? सत्य निरूपण तथा मेलमिलाप आयोग सम्बन्धी विधेयक हामीले पारित गर्नैपर्छ। त्यो ऐन बनेर हामीले चाहिँ यो सत्यनिरूपण तथा मेललाप आयोग र बेपत्ता छानबिन आयोगको गठनलाई फेरि नयाँ ढङ्गले पूर्णता दिनैपर्छ । र हामीले सङ्क्रमणकालीन न्यायसँग सम्बन्धीत बाँकी कामलाइ जो शान्ति प्रक्रियाको बाँकी काम हो त्यसलाई पूरा गर्नैपर्छ । त्यसमा पीडितहरूलाई न्याय दिने गरी राष्ट्रलाई मेलमिलाप कायम गर्ने गरी र दिगो शान्ति स्थापित गर्दै अगाडि बढ्नुपर्छ। यसमा एउटा राष्ट्रिय सहमति त बन्नुपर्यो नि त । त्यसकारण यसमा पनि मेरो अपिल छ। त्यसैले म माननीय सदस्यहरूको जो चिन्ता हामीले सरकारले विधेयक ल्यायो चार वर्ष भयो हामीले पनि समितिमा पनि छलफल गर्यौं धेरै मेहनत पनि गरेका छौं। यो चाहिँ संशोधन गरे पो हुन्थ्यो कि भन्नेलाई मैले सकारात्मक रूपमा ग्रहण गर्छु। तर त्यसो मात्रै गरेर नपुग्ने भएर तर अहिले भएको विधेयकका सबै र तपाईंहरूले छलफल गर्दा निकाल्नुभएको निष्कर्षको सबै सकारात्मक पक्षहरूलाई, सबै सकारात्मक पक्षहरू आत्मसात् गर्ने र ती सबैलाई चाहिँ पनि ग्रहण गर्ने प्रतिबद्धतासहित हामी होलिस्टिक रूपमा नयाँ विधेयक छिट्टै ल्याउने प्रयत्न गरेर यो विधेयक फिर्ता लिने निर्णय गरेको कारणले गर्दाखेरि सम्माननीय अध्यक्षज्यू मार्फत सबै माननीयज्यूहरूलाई म विशेष अनुरोध गर्न चाहन्छु । यसको मर्मलाई बुझिदिनुस् हामी छिट्टै यो अध्यागमन ल्याउछौं । धन्यवाद ।

**(१३:२७ बजे)** **<u>सम्माननीय अध्यक्षः</u>-** माननीय सदस्यहरू, अब म राष्ट्रिय सभामा विचाराधीन “अध्यागमन विधेयक २०७६ फिर्ता गरियोस्” भन्ने माननीय उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले पेस गर्नुभएको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला।

यो प्रस्तावको पक्ष हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोस्।

-“हुन्छ”

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस्।

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले राष्ट्रिय सभामा विचाराधीन अध्यागमन विधेयक, २०७६ फिर्ता गरिसक्ने प्रस्ताव बहुमतले स्वीकृत भई सभाबाट उक्त अध्यागमन विधेयक, २०७६ फिर्ता भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू यो बैठक २१ मिनेटपछि पुनः बस्ने गरी स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक आजै २१ मिनेटपछि पुनः बस्ने गरी स्थगित भयो) ।

**स्थगितः- १३:२७ बजे ।**

(१३:५२ बजे) **<u>सम्माननीय अध्यक्ष</u>:-** माननीय सदस्यहरू २१ मिनेटका लागि स्थगित गरिएको बैठकको कारवाही अब प्रारम्भ हुन्छ। माननीय सदस्यहरू अब म माननीय अर्थमन्त्री डाक्टर प्रकाशशरण महतलाई आगामी आर्थिक वर्ष २०८१/८२ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथि सभामा छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

(१३:५३ बजे) **<u>माननीय अर्थमन्त्री प्रकाश शरण महत</u>:-** सम्माननीय अध्यक्ष महोदय नेपाल सरकारको चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा उठेको प्रश्नहरूको जवाफ दिने क्रममा सम्माननीय प्रधानमन्त्रीज्यूले आगामी वर्षदेखि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता एवं बजेट तथा कार्यक्रमका बारेमा छलफल गर्न सम्मानित सदनलाई यथेष्ट समय उपलब्ध गराउने प्रतिबद्धता जनाउनु भएको थियो। यसै अनुरूप मैले आगामी आर्थिक वर्षको बजेटमा सम्मानित सदनको अपनत्व सुनिश्चित गर्न बजेटको कार्यतालिकामा परिवर्तन गर्ने सङ्कल्प आर्थिक वर्ष २०८०/८१ बजेट वक्तव्य मार्फत गरेको थिए। सोही अनुरूप विद्यमान कानुनमा संशोधन गरी आर्थिक वर्ष २०८१/८२ को बजेट पेस गर्न ३ महिना पूर्व नै नेपाल सरकारको अर्थमन्त्रीको हैसियतले विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्न यस सम्मानित सदनमा उपस्थित भएको छु। विनियोजन विधेयक २०८१ को सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्नुअघि वर्तमान आर्थिक परिवेशको संक्षिप्त चित्रण गर्ने अनुमति चाहन्छु।

लगानीको अनुकूल वातावरण सिर्जना गर्न गरिएको प्रक्रियागत सरलीकरण, निजी क्षेत्रसँगको निरन्तर संवाद, पुँजीगत खर्चको प्रभावकारिता वृद्धि गर्न गरिएको निरन्तर पहल, मौद्रिक नीतिमा पछिल्लो समय अपनाएको केही लचकता एवं वित्त नीति र मौद्रिक नीति बीचमा तालमेल गर्न गरिएको प्रयासबाट अर्थतन्त्र क्रमशः सकारात्मक दिशातर्फ अघि बढेको छ। त्यसैगरी विद्युत उत्पादनमा र पर्यटक आगमनमा आगमन संख्यामा वृद्धि हुनुका साथै विदेशी लगानी बढ्नुले अर्थतन्त्रमा सकारात्मक योगदान पुगेको छ। बैंकिङ्ग क्षेत्रतर्फ पर्याप्त तरलता, ब्याजदर एकल बिन्दुतर्फ झर्ने क्रममा रहेको तथा निक्षेप र कर्जा प्रवाहमा क्रमशः वृद्धि भएको छ । घरजग्गा कारोबार र पुँजीबजार सुधार उन्मुख छ। बाह्य क्षेत्रतर्फ चालु खाता र शोधनान्तर बचतको अवस्था र विदेशी विनिमयको पर्याप्त सञ्चितिले आर्थिक क्रियाकलापका लागि अनुकूल वातावरण सिर्जना गरेको छ। राजश्व सङ्कलन लक्ष्य अनुरूप नभएपनि वृद्धिदर करिब १०% रहेको र आउने दिनमा थप वृद्धि हुने अनुमान रहेको छ। चालु आर्थिक वर्षको प्रथम त्रैमासिक अवधिमा अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वृद्धिदर बढ्ने अनुमान गरिएको छ

। मुलुकको अर्थतन्त्र लयमा फर्किन थालेपनि बाह्य र आन्तरिक समस्याका कारण चुनौतीमुक्त भने भइसकेको छैन। औद्योगिक उत्पादन र वित्तीय क्षेत्र अन्तर्गत सहकारी तथा लघु वित्तीय संस्थामा समस्या देखिएका छन्। आर्थिक क्रियाकलापको संरचना र प्रविधिमा आएको परिवर्तनका कारण राजस्व संकलनमा चुनौती थपिएको छ। सार्वजनिक खर्चलाई विवेकशील र मितव्ययी ढङ्गले राष्ट्रिय प्राथमिकताका क्षेत्रमा परिचालन गर्न थप सुधारको आवश्यकता छ। विगतमा लिएको सार्वजनिक ऋणको दायित्व भुक्तानी गर्न वर्षेनी ठूलो रकम छुट्याउनुपर्ने भएको छ। आगामी आर्थिक वर्षमा थप एक खर्ब रुपैयाँभन्दा बढी रकम सार्वजनिक ऋणको भुक्तानीमा विनियोजन गर्नुपर्ने अवस्था छ। यस्तै सामाजिक सुरक्षा लगायतका क्षेत्रमा दायित्व क्रमशः बढ्दै गएको छ । रुकुम र जाजरकोटमा आएको भूकम्प पश्चात खास गरेर अस्थायी आवास तथा पुनर्निर्माणमा ठूलो स्रोतको आवश्यकता रहेको छ। स्रोत सहमति दिइएको आयोजना तथा कार्यक्रममा देखिएको न्यून विनियोजनका कारण गत वर्षहरूमा ठेक्काबाट सिर्जित दायित्व भुक्तानी गर्नु चुनौतीपूर्ण बनेको छ। सरकारको खर्चतर्फ सिर्जित दायित्व भुक्तानी तथा स्रोत सुनिश्चितता भएका आयोजनामा आवश्यक बजेट प्रस्ताव नगर्ने प्रवृत्ति, आयोजना तथा कार्यक्रममा देखिएको दोहोरोपना, निर्धारित समयमा आयोजना सम्पन्न नहुने अवस्था आयोजना कार्यान्वयनमा देखिएका व्यवस्थापकीय कमजोरी र वैदेशिक सहायताका आयोजनामा व्यवस्थापनमा अपनत्वको कमी हुँदा कार्यान्वयन पक्ष अझै कमजोर रहेको छ। संकलित राजस्वले अनिवार्य दायित्व धान्न कठिन भइरहेको अवस्थामा थप आयोजना तथा कार्यक्रम, संरचना एवं दरबन्दीका लागि बजेट मागले गर्दा खर्च व्यवस्थापन अझै चुनौतीपूर्ण रहेको छ। मुलुकले भोग्दै आएको न्यून उत्पादन र उत्पादकत्व उच्च व्यापार घाटा कमजोर निर्यात आर्थिक दृष्टिले सक्रिय उमेर समूहको जनशक्ति पलायन जस्ता समस्या समाधान गर्नु प्राथमिकताको विषय बनेको छ। उच्च र दिगो आर्थिक वृद्धि हासिल गरी उत्पादन वृद्धिसँगै रोजगारीका अवसर सिर्जनामार्फत गरिबी न्यूनीकरण गर्ने, आर्थिक असमानता कम गर्दै वित्तीय स्थायित्व कायम गर्न अर्थतन्त्रलाई दिशानिर्देश गर्नु अपरिहार्य ठानेको छु। यस सन्दर्भमा मुलुकको अर्थतन्त्रलाई विश्व अर्थतन्त्रको गतिसँगै अघि बढाउने र आधारभूत आवश्यकता पूरा गर्न कठिन अवस्थामा रहेका नेपाली नागरिकहरूको जीवनस्तरमा सुधारका मार्ग पहिल्याउने महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्ने गरी आगामी वर्षको बजेट तर्जुमा गर्नुपर्ने आवश्यकता महसुस गरेको छु। सम्माननीय अध्यक्ष महोदय, अब म विनियोजन विधेयक २०८१ का सिद्धान्त प्रस्तुत गर्ने अनुमति चाहन्छु। आगामी आर्थिक वर्षको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता तय गर्दा नेपालको संविधानले प्रत्याभुत गरेको मौलिक हक, संविधानमा निर्दिष्ट राज्यका निर्देशक सिद्धान्त नीति तथा दायित्वलाई प्रमुख मार्गदर्शनको रूपमा लिएको छु। साथै १६ औं योजनामा प्रस्ताव गरिएका नीति, २०२६ मा विकासशील राष्ट्रमा

स्तरोन्नतिका लागि लिनुपर्ने रणनीति, सन् २०३० सम्म हासिल गर्नुपर्ने दिगो विकास लक्ष्य तथा दिगो र फराकिलो आर्थिक वृद्धिका आधार तयार गर्नुपर्ने विषयलाई महत्त्वपूर्ण सन्दर्भको रूपमा लिएको छु।

**दिगो एवं समावेशी आर्थिक वृद्धिः** दिगो एवं समावेशी आर्थिक वृद्धिका लागि ऊर्जा, कृषि, पर्यटन तथा सूचना प्रविधि लगायतका आर्थिक वृद्धिमा उच्च योगदान दिन सक्ने क्षेत्रका लागि आवश्यक सार्वजनिक पूर्वाधार निर्माण गर्ने गरी सरकारी स्रोतको परिचालन गरिनेछ। देशभित्रै उत्पादन र रोजगारीका अवसर बढाउन निजी क्षेत्रको लगानीलाई सहज वातावरण बनाउने तथा सार्वजनिक खर्च को प्रभावकारिता वृद्धि गर्ने तर्फ बजेट उन्मुख हुनेछ। आन्तरिक मागमा वृद्धि गर्ने गरी सार्वजनिक खर्च परिचालन गरिनेछ। सीमान्तकृत वर्ग र पछाडि परेका क्षेत्रका लागि लक्षित कार्यक्रम सञ्चालन गरी उत्पादन र रोजगारीमा पहुँच बढाइनेछ। अर्थतन्त्रका बाह्य र आन्तरिक सुचकांकहरूलाई प्रभावित पार्ने वित्त रमौद्रिक नीतिहरूलाई एकै लयमा सबल र सुदृढ बनाई समष्टिगत आर्थिक स्थायित्व कायम गरिनेछ। सरकारको आम्दानी र खर्च बीच सन्तुलन कायम गरी सार्वजनिक वित्तलाई सुदृढ र दबावमुक्त बनाउने तर्फ बजेट उन्मुख हुनेछ। आयात प्रतिस्थापन र निर्यात प्रवर्धन गरी व्यापार घाटा क्रमशः घटाउँदै लगिनेछ।

**सार्वजनिक वित्त सन्तुलन र विनियोजन कुशलता अभिवृद्धिः** सार्वजनिक खर्चको विनियोजनमा कुशलता वृद्धि गरिनेछ। सार्वजनिक खर्चलाई औचित्यपूर्ण बनाउने गरी थप प्राथमिकीकरण गर्ने, पूर्व तयारी भएका आयोजनाको मात्र निर्माण कार्य अगाडि बढाउने र प्राथमिकता प्राप्त आयोजनामा स्रोतको अभाव हुन नदिने व्यवस्था गरिनेछ। सार्वजनिक खर्चलाई गुणात्मक रूपमा बढाउँदै निजी लगानी उत्प्रेरित हुने गरी परिचालन गरिनेछ। सार्वजनिक स्रोतलाई सेवा प्रवाह, आर्थिक सामाजिक पूर्वाधार विकास र मानव पुँजी निर्माणमा लगानी गरिनेछ। वैदेशिक अनुदान तथा सहुलियतपूर्ण ऋणलाई राष्ट्रिय प्राथमिकता र प्रतिफल प्राप्त हुने क्षेत्रमा परिचालन गरिनेछ। निजी लगानी संकुचित नहुने गरी सार्वजनिक ऋण परिचालन गरिनेछ। जलवायुसँग सम्बन्धित कोषहरूको परिचालन गर्न सम्बन्धित पक्षसँग वार्ता र संवादलाई घनीभूत बनाइनेछ। वित्तिय अनुशासन सुदृढ गर्ने नीतिगत व्यवस्था गरी सञ्चित कोषलाई सहज अवस्थामा कायम राखिनेछ।

**सामाजिक क्षेत्रको विकास र सामाजिक न्यायः** संविधानको मर्म अनुरूप समतामूलक समाज निर्माणका लागि स्रोत-साधन र अवसरको न्यायोचित वितरण गरिनेछ। सामाजिक क्षेत्रमा लगानी र साधनको पुनर्वितरणका कार्यक्रममा स्रोतको उपलब्धताका आधारमा आवश्यक रकम विनियोजन गरिनेछ। शिक्षा र स्वास्थ्य क्षेत्रमा सबैको पहुँच र गुणस्तर सुधार गर्न रकम

विनियोजन गरिनेछ। लगानीको प्रतिफलबाट सबै वर्ग समुदाय लाभान्वित हुने गरी अवसरको सिर्जना र समन्यायिक वितरण प्रणाली विकास गरिनेछ। राज्यबाट प्रदान गरिने सबै प्रकारका अनुदान र सुविधाहरूमा दोहोरोपना हटाई क्रमशः लक्षित वर्ग केन्द्रित हुने व्यवस्था मिलाइनेछ।

**निजी क्षेत्र र लगानी प्रवर्धनः** उत्पादन, उत्पादकत्व र आर्थिक वृद्धिमा निजी क्षेत्रको नेतृत्वदायी भूमिका स्थापित गरिनेछ। सम्वत् २०८१ वैशाखमा हुने लगानी सम्मेलन मार्फत स्वदेशी तथा विदेशी लगानीकर्ताहरूलाई लगानी बढाउन अनुकूल वातावरण सिर्जना गर्न आवश्यक नीतिगत, कानुनी तथा संस्थागत सुधार गरिनेछ।

**सङ्घीयता र सुशासन प्रवर्धनः** संविधान बमोजिम प्रदेश तथा स्थानीय तहमा जिम्मेवारीहरू हस्तान्तरण गर्न आवश्यक कानुन तर्जुमाका साथै संस्थागत व्यवस्था गरिनेछ। दक्ष पारदर्शी एवं उत्तरदायी वित्तीय प्रणाली सम्बर्धन गर्दै वित्तीय सङ्घीयतालाई थप प्रभावकारी बनाइनेछ। समावेशी र सन्तुलित आर्थिक विकासका लागि आवश्यक नीतिहरू निर्माण गर्न प्रदेश र स्थानीय तहसँग थप समन्वय र सहकार्य गरिनेछ । सङ्घ, प्रदेश र स्थानीय तहको खर्च संरचनामा मितव्ययिता, सुशासन र पारदर्शिताको माध्यमबाट खर्चको प्रभावकारिता सुनिश्चित गरिनेछ। सरकारले प्रदान गर्ने सबै प्रकारका अनुदान आयोजना तथा कार्यक्रममा हुने दोहोरोपना हटाउन प्रदेश र स्थानीय तहसँग आवश्यक समन्वय गरिनेछ। सार्वजनिक सेवा प्रवाहलाई सङ्घीय शासन प्रणालीका मूल्य र मान्यता अनुरूप थप नागरिक मैत्री र सरल बनाइनेछ। सार्वजनिक सेवामा सूचना प्रविधिको अधिकतम उपयोग गरिनेछ।

**दिगो विकास र जलवायु परिवर्तनः** जलवायु परिवर्तनका सवालहरूलाई क्षेत्रगत नीति र कार्यक्रममा आन्तरिकीकरण गरिनेछ। दिगो विकास लक्ष्य हासिल गर्न बजेट केन्द्रित गरिनेछ। आर्थिक सामाजिक विकासलाई दिगो बनाउन विकास प्रक्रियाका हरेक चरणमा दिगो विकासको अवधारणालाई आन्तरिककरण गर्दै लगिनेछ। हरित अर्थतन्त्रको विकास र प्रवर्धनका लागि नीतिगत कानुनी र संस्थागत प्रबन्ध गरिनेछ। जलवायु परिवर्तनबाट नेपालमाथि परेको प्रतिकुल प्रभाव न्यूनीकरण गर्न क्षतिपूर्ति दिने विषयलाई अधिकारको रूपमा स्थापित गर्न अन्तर्राष्ट्रिय मञ्चमा प्रभावकारी ढंगले प्रस्तुत गरिनेछ। जलवायु परिवर्तनबाट नेपाललाई परेको प्रभावलाई मध्यनजर राखी अनुकूलन र न्यूनीकरणका कार्यक्रममा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्न पहल गरिनेछ।

सम्माननीय अध्यक्ष महोदय, अब म विनियोजन विधेयक २०८१ का प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**जलविद्युत विकासः** जलविद्युतमा आन्तरिक र बाह्य लगानी प्रवर्द्धन गरी उत्पादन वृद्धि गरिनेछ। जलविद्युतको आन्तरिक खपतमा वृद्धि गरी मुलुकमा हरित अर्थतन्त्र विकासमा जोड दिइनेछ। जलविद्युतलाई अर्थतन्त्रको महत्त्वपूर्ण मेरुदण्डको रूपमा विकास गरी आन्तरिक आवश्यकता पूर्तिका साथै निर्यातमा जोड दिइनेछ। निर्माणाधीन विद्युत आयोजनाहरू र प्रसारण लाइनको लागत मूल्य बढ्न नदिन निर्धारित समयमा नै सम्पन्न गर्न जोड दिइनेछ। हिउँद याममा हुने ऊर्जा आपूर्तिको कमी पूरा गर्न ठूला तथा जलाशययुक्त आयोजनाहरूको निर्माण प्रारम्भ गरिनेछ। विद्युत सेवाको पहुँच नपुगेका क्षेत्रमा विद्युत सेवा उपलब्ध गराउन सौर्य ऊर्जा र अन्य नवीकरणीय ऊर्जाको विकासमा जोड दिइनेछ। अन्तर्देशीय विद्युत प्रसारण लाइनको निर्माण गरी विद्युत निर्यातको लागि आवश्यक पूर्वाधार तयार गरिनेछ। ग्रीन हाइड्रोजनको विकास र लगानीको सम्भावना अध्ययन अगाडि बढाइनेछ।

**कृषिको आधुनिककरण तथा व्यावसायिकरणः** कृषि उपजमा आत्मनिर्भरता हासिल गर्न अन्न, फलफुल, तरकारी, दुध, अण्डा र मासुको उत्पादन भण्डारण, प्रशोधन एवं वितरण प्रणालीमा सुधार गर्दै व्यवसायीकरणमा जोड दिइनेछ। कृषिमा रहेको उच्च उत्पादन लागत कम गर्न व्यवसायीकरण र आधुनिक प्रविधि प्रयोगमा जोड दिइनेछ। आन्तरिक उत्पादनलाई प्रतिस्पर्धी बनाउन संरक्षण र उत्पादनमा आधारित अनुदान दिने नीतिलाई कार्यान्वयन गरिनेछ। रासायनिक मलको दिगो आपूर्ति व्यवस्था मिलाइनेछ। मुलुकमा नै रासायनिक मल कारखाना खोल्ने प्रक्रियालाई अगाडि बढाइनेछ। प्राकृतिक र प्राङ्गरिक मलमा आधारित खेतीलाई प्रोत्साहन गरिनेछ । पहाडका टार र तराई मधेसका थप क्षेत्रमा सिंचाई सुविधा विस्तार गर्न जोड दिइनेछ। सहुलियतपूर्ण कर्जा, उन्नत प्रविधि तथा तालिम, सिंचाई सुविधा, मल-बीउको उपलब्धता सुनिश्चित गरी कृषि उपजको उत्पादकत्व अभिवृद्धि गरिनेछ। सङ्घ, प्रदेश र स्थानीय तहको समन्वयमा कृषि उत्पादन बजारीकरण र वितरण व्यवस्था मिलाइनेछ। जमिनको चक्लाबन्दी तथा बाँझो जमिनको उपयोग गरी व्यवसायिक खेतीलाई प्रोत्साहन गरिनेछ। कृषि क्षेत्रमा सीपयुक्त जनशक्ति र कृषि उद्यमीलाई गुरु किसानको रूपमा विकास गरी उद्यमी बन्न चाहने युवालाई प्रोत्साहन गरिनेछ। कृषि बजार प्रवर्धनमा जोड दिइनेछ। उच्च मूल्ययुक्त गैर काष्ठजन्य उत्पादनमा लगानी अभिवृद्धि गरिनेछ।

**पर्यटन विकासः** गुणस्तरीय पर्यटन पूर्वाधार विकास गरी नेपाललाई आकर्षक पर्यटक गन्तव्यको रूपमा विकास गरिनेछ। थप आर्थिक, सांस्कृतिक एवं मनोरम प्राकृतिक तथा पर्यटकीय गन्तव्यको पहिचान गरी पूर्वाधार विकास गरिनेछ। प्रमुख पर्यटकीय क्षेत्रमा पर्यटन पूर्वाधार विकास गर्नुको साथै पर्यटन पूर्वाधार निर्माणमा प्रोत्साहन गरिनेछ। पोखरा र भैरहवा

विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालनमा ल्याउन देखिएका अड्चनहरूलाई हटाइनेछ। निजगढ विमानस्थलको लगानी ढाँचा टुङ्गो लगाई निर्माण प्रक्रिया अगाडि बढाइनेछ। निजी क्षेत्रसँगको सहकार्यमा पर्यटन क्षेत्रका लागि आवश्यक जनशक्ति विकास तथा मौलिक कला, संस्कृति, सम्पदा र रैथाने उत्पादनलाई पर्यटनसँग आबद्ध गरिनेछ।

**सूचना प्रविधिको विकासः** प्रचुर सम्भावना बोकेको सूचना प्रविधि क्षेत्रमा पूर्वाधार विकास सहुलियत र प्रोत्साहन दिने नीतिलाई निरन्तरता दिइनेछ। डिजिटल नेपाल फ्रेमवर्कलाई कार्यान्वयन गर्दै सूचना प्रविधि उद्योगलाई सफ्टवेयर र सेवा निर्यात तथा रोजगारीको आधारका रूपमा विकास गरिनेछ। सूचना प्रविधिको उपयोगको माध्यमबाट सेवा प्रवाहलाई सरलीकरण गरिनेछ। Innovation center र startup को प्रवर्द्धन र विकासमा जोड दिइनेछ। डिजिटल भुक्तानी लगायतका सेवा विस्तार गर्न सार्वजनिक डिजिटल पूर्वाधार निर्माण तथा विस्तार गरिनेछ।

**औद्योगिक विकास र निजी क्षेत्र प्रवर्धनः** निजी क्षेत्रलाई आर्थिक विकास इन्जिनको रूपमा विकास गर्न आवश्यक नीतिगत प्रबन्ध गरी अनुकूल वातावरण बनाइनेछ। उद्योग स्थापना र सञ्चालनमा वित्तीय पहुँच सहज बनाइनेछ। औद्योगिक विकासमा वैदेशिक लगानी प्रवर्धन गरिनेछ। औद्योगिक क्षेत्र पूर्ण क्षमतामा सञ्चालन गर्न आवश्यक सहयोग, समन्वय र सहजीकरण गरिनेछ। उद्योग सञ्चालनका लागि आवश्यक जग्गा प्राप्ति प्रक्रियालाई सरलीकरण गरिनेछ। बन्द भएका सार्वजनिक संस्थानलाई निजी क्षेत्रको सहभागितामा सञ्चालन गर्न पहल गरिनेछ। निजी क्षेत्र प्रतिस्पर्धी भएका क्षेत्रमा रहेका सार्वजनिक संस्थानको सेयर बिक्री वा व्यवस्थापन करारको माध्यमबाट सार्वजनिक  संस्थानको विनिवेश गरिनेछ। वैदेशिक रोजगारीलाई सुरक्षित मर्यादित र व्यवस्थित बनाउँदै विप्रेषणको औपचारिक आप्रवाह बढाउन थप सरलीकृत गरिनेछ।

**पूर्वाधार विकासः** राष्ट्रिय गौरवका र रणनीतिक महत्वका आयोजनाहरूमा देखिएका समस्यालाई समाधान गरिनेछ। काठमाडौं तराई मधेश द्रुतमार्ग, पूर्वपश्चिम जोड्ने लोकमार्गहरू, उत्तर दक्षिण जोड्ने करिडोर समयमा निर्माण सम्पन्न गर्न जोड दिइनेछ। भौतिक पूर्वाधारका आयोजनालाई पर्यटन केन्द्रसँग जोड्ने अधिक जनसङ्ख्यालाई लाभ पुग्ने नयाँ सहर उत्पादन केन्द्रलाई जोड्ने र टेवा पुग्ने गरी अगाडि बढाइनेछ। निर्माणाधीन अवस्थामा रहेका आयोजनाको सङ्ख्या अधिक रहेकाले यस्ता अधुरा आयोजनाको निर्माणमा स्रोत सुनिश्चितता गरेर मात्र नयाँ आयोजनाहरू सुरु गरिनेछ। प्रमुख राजमार्गहरूको विस्तार, स्तरोन्नति तथा नियमित संभार कार्यलाई गुणस्तरीय र समयबद्ध रूपमा सम्पन्न गरिनेछ। सडक यातायातलाई थप सुरक्षित र भरपर्दो बनाइनेछ। प्रमुख राजमार्गहरूमा नयाँ सहर स्थापना गर्नेगरी सहरी पूर्वाधार विकास

गरिनेछ। अव्यवस्थित सहरलाई व्यवस्थित गर्ने र नयाँ ठाउँमा सम्भाव्य बस्तीलाई व्यवस्थित सहरको रूपमा विकास गरिनेछ। रणनीतिक महत्वका पूर्वाधारहरू सार्वजनिक निजी साझेदारीमा निर्माण गर्न आवश्यक कानुनी तथा संस्थागत व्यवस्था गरिनेछ।

**सामाजिक क्षेत्रको विकासः** आम नागरिकलाई सरल र सहज रूपमा आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराइनेछ। विशिष्टकृत स्वास्थ्य सेवा प्रदान गर्न लगानी अभिवृद्धि गरिनेछ। बीमा सिद्धान्तको अवधारणा अनुरूप स्वास्थ्य बीमा कार्यक्रम अगाडि बढाइनेछ। गुणात्मक स्वास्थ्य सेवा मार्फत बढीभन्दा बढी जनसङ्ख्यालाई स्वास्थ्य सेवा पुर्याइनेछ। सार्वजनिक विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार गर्दै जीवन उपयोगी, सीपयुक्त, रोजगारीमूलक शिक्षामा जोड दिइनेछ। विद्यार्थी संख्याको आधारमा सार्वजनिक विद्यालयहरूको पुनः नक्साङ्कन गरी विद्यालयलाई सुविधा सम्पन्न बनाइनेछ। प्राविधिक र व्यावसायिक धारमा गुणस्तरीय उच्च शिक्षा प्रदान गर्न जोड दिइनेछ। उच्च शिक्षालाई अनुसन्धानमा आधारित बनाउन जोड दिइनेछ। आधारभूत र गुणस्तरीय खानेपानी सेवामा सबै नागरिकको पहुँच स्थापित गरिनेछ। नेपाली युवाको क्रिकेट लगायतका खेलमा देखिएको बढ्दो अभिरुचिलाई मध्यनजर राखी प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न सरकारले थप लगानी गर्नेछ। खेलकुद पूर्वाधार विकासमा जोड दिनेछ।

**सामाजिक न्यायः** सामाजिक सुरक्षा र संरक्षण कार्यक्रममा रहेको दोहोरोपना, हटाउँदै सामाजिक सुरक्षा र संरक्षण कार्यक्रम दिगो र लक्षित वर्गमा केन्द्रित गरिनेछ। स्रोत र साधन एवं अवसरमा सीमान्तकृत समुदाय र समूहको पहुँच अभिवृद्धि गरिनेछ। लैङ्गिक विभेद र महिला हिंसा न्यूनीकरण कार्यलाई थप प्रभावकारी बनाइनेछ। अपाङ्गता, वर्गीय, जातीय, क्षेत्रीय, भाषिक र लैङ्गिक आधारमा हुने विभेद र सबै प्रकारका छुवाछुत र कुरीतिको अन्त्यमा जोड दिइनेछ। उत्पादन र वितरणको उचित संयोजन गरी आय असमानता कम गर्ने र गरिबी निवारण गर्ने कार्यक्रमलाई प्राथमिकतामा दिइनेछ। भूमिको एकीकृत र डिजिटल अभिलेखका आधारमा सेवालाई सहज र सरल बनाइनेछ।

**हरित तथा उत्थानशील विकास र विपत् व्यवस्थापनः** जलवायु परिवर्तनबाट सिर्जना हुने विपद न्यूनीकरण गरिनेछ। जलवायु परिवर्तन अनुकूलनका कार्यक्रमहरू सञ्चालन गरिनेछ। क्षेत्रगत नीति तथा कार्यक्रममा जलवायु परिवर्तनको विषयलाइ आन्तरिकीकरण गरिनेछ। मानवजन्य र प्राकृतिक विपत् बाट हुने क्षति र जोखिम न्यून गर्न पूर्व तयारीमा विशेष जोड दिनेछ। जलवायु परिवर्तन प्रभावले सिर्जना हुने आकस्मिक दायित्व व्यवस्थापनका लागि नविनतम वैकल्पिक वित्तीय उपकरणहरूको विकास गरिनेछ। दिगो वातावरण संरक्षणका

कार्यक्रम सञ्चालन गरिनेछ। वन जङ्गलको संरक्षण र व्यावसायिक उपयोगलाई प्रवर्धन गरिनेछ। मानव तथा वन्यजन्तु मैत्री भौतिक पूर्वाधार विकास गरिनेछ।

**जनसांख्यिक लाभको उपयोग र युवा शक्तिको परिचालनः** युवा लक्षित उद्यमशीलता विकास र आन्तरिक रोजगारी सिर्जना गर्दै युवाहरू कामका लागि बिदेसिनु पर्ने परिस्थितिलाई कम गर्दै लगिनेछ। युवाहरूलाई व्यवसायिक सिप एवं प्राविधिक शिक्षा प्रदान गरी सिपयुक्त बनाइनेछ। खेलकुद प्रतियोगिता सञ्चालन र खेलाडीको क्षमता विकासमा जोड दिइनेछ। सार्वजनिक र निजी क्षेत्रमा युवा जनशक्तिको क्षमता उपयोग गर्न इन्टर्नसिप कार्यक्रम सञ्चालन गरिनेछ।

**वित्तीय क्षेत्र सुदृढीकरणः** वित्तीय क्षेत्रको नियमन र सुपरिवेक्षण थप प्रभावकारी बनाई स्वस्थ प्रतिस्पर्धी र भरपर्दो वित्तीय क्षेत्र विकास गरिनेछ। बैंक तथा वित्तीय संस्था, लघुवित्त बीमा र पुँजीबजारका नियमक निकायको व्यावसायिकता वृद्धि गर्नुको साथै पारदर्शिता र जवाफदेहिता सुदृढ बनाइनेछ। सहकारी क्षेत्रको नियमनका लागि आवश्यक कानुनी र संस्थागत व्यवस्था मिलाइनेछ। सहकारीमा बचतकर्ताको लगानी सुरक्षाको व्यवस्था मिलाइनेछ।

**कानुनी शासन र शान्ति सुरक्षाः** संविधानको कार्यान्वयन मार्फत कानुनी शासन प्रवर्द्धन तथा शान्ति सुरक्षाको प्रत्याभूति गरिनेछ। सार्वजनिक सेवा प्रवाहलाई सेवाग्राही मैत्री एवं भरपर्दो बनाइनेछ।

**अन्तर्राष्ट्रिय सहयोग र सम्बन्धः** छिमेकी एवं मित्रराष्ट्रहरूसँग सन्तुलित र आपसी हित अभिवृद्धि गर्दै पारस्परिक लाभका आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध स्थापित गरिनेछ। आर्थिक कूटनीतिको माध्यमबाट विकसित एवं उदियमान अर्थतन्त्रबाट प्राप्त हुन सक्ने लाभको उपयोग गरिनेछ। विदेशस्थित नेपाली नियोगहरूलाई वैदेशिक लगानी वृद्धि, पर्यटन तथा व्यापार प्रवर्धनमा परिचालन गरिनेछ। अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको उपस्थिति सबल बनाइनेछ।

सम्माननीय अध्यक्ष महोदय, मैले माथि उल्लेख गरेका सिद्धान्त र प्राथमिकताका आधारमा बजेटको बाँडफाँट गर्दा उत्पादन वृद्धिलाई टेवा पुग्ने गरी प्राथमिकता प्राप्त आयोजनामा सार्वजनिक खर्च केन्द्रित गरिने छ । चालु खर्चलाई नियन्त्रण गर्दै दोहोरो कार्यक्षेत्र भएका संरचना क्रमशः खारेज गर्दै लगिनेछ। निर्माणाधीन आयोजना सम्पन्न गर्न स्रोत सुनिश्चितता गरेका आयोजनालाई आवश्यक रकम विनियोजन गरिनेछ। आयोजना वर्गीकरणको आधार तथा मापदण्ड पुरा भई पूर्व तयारी सम्पन्न भएका आयोजनालाई मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ। सरकारको खर्च बेहोर्ने प्रमुख स्रोतको रूपमा रहेको राजस्व परिचालनलाई प्रभावकारी बनाइनेछ। व्यवसाय र लगानीमैत्री कर नीति लिइनेछ। कर प्रणाली पुनरावलोकन गर्न गठित

समितिको सुझाव समेतका आधारमा कर प्रणालीमा आवश्यक सुधारका कार्य अगाडि बढाइनेछ। राजस्व प्रशासनमा आधुनिक प्रविधिको अधिकतम उपयोग गरी राजस्व प्रशासन व्यावसायिकता अभिवृद्धि र करदाताको व्यावसायिक लागत घटाउने गरी कर प्रणाली सुधारका कार्य अगाडि बढाइनेछ। करको दायरामा नआएका नयाँ व्यवसायिक क्षेत्र लक्षित गरी बजार अनुगमन र कर परीक्षण प्रभावकारी बनाइनेछ। कर चुहावट नियन्त्रणमा संस्थागत समन्वय सुदृढ बनाइनेछ। अन्तमा आगामी आर्थिक वर्षको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताको जगमा तर्जुमा हुने बजेटले मुलुकको समष्टिगत आर्थिक स्थायित्व कायम गर्न सघाउ पुर्‍याउनुका साथै अर्थतन्त्रले गति लिने विश्वास लिएको छु। सङ्घीय प्रणालीले सिर्जना गरेको सम्भावनाको उपयोग गरी तीव्र आर्थिक वृद्धि तथा सन्तुलित र समावेशी आर्थिक विकासको माध्यमबाट आम नागरिकमा आर्थिक सामाजिक लाभको समतामूलक वितरण गर्न मार्ग प्रशस्त हुनेछ। प्रस्तुत सिद्धान्त तथा प्राथमिकता उपर माननीय सदस्यज्यूहरूबाट रचनात्मक सल्लाह, सुझाव र सहयोग प्राप्त हुने अपेक्षा गरेको छु। माननीयज्यूहरूको सल्लाह, सुझाव र सहयोगमा आगामी आर्थिक वर्षको बजेट तर्जुमाका लागि महत्वपूर्ण मार्गदर्शनको रूपमा रहने विश्वास दिलाउन चाहन्छु। सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथि सभामा छलफल गरियोस् भन्ने प्रस्ताव सम्माननीय सभासमक्ष प्रस्तुत गर्दछु। धन्यवाद ।

(१४:२० बजे) **<u>सम्माननीय अध्यक्ष</u>:-** माननीय सदस्यहरू आगामी आर्थिक वर्ष २०८१/८२ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथि यही मिति २०८० साल फागुन १७, २७, २९ र ३० गते राष्ट्रिय सभाको बैठकमा छलफल गर्ने र छलफलमा उठेका प्रश्नको जवाफ माननीय अर्थमन्त्रीले फागुन ३० गते दिनुहुने व्यहोरा माननीय सदस्यहरूलाई जानकारी गराउँदछु। माननीय सदस्यहरू आगामी आर्थिक वर्ष २०८/१८२ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथिको छलफलमा विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका विषयमा मात्र केन्द्रित भई छलफल हुने र छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूको नाम दलीय प्रतिनिधित्वको आधारमा छलफल हुने दिन भन्दा एक दिन अगावै कार्यव्यवस्था शाखा राष्ट्रिय सभामा उपलब्ध गराइदिनुहुन जानकारी गराउँछु। माननीय सदस्यहरू आगामी आर्थिक वर्ष २०८१/८२ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका सम्बन्धमा माननीय सदस्यले उठाउनुहुने विषयहरूलाई सभामा उपस्थित भई टिपोट गरेर अर्थ मन्त्रालयलाई निर्देशन गर्दछु।

माननीय सदस्यहरू राष्ट्रिय सभाको अर्को बैठक २०८० साल फागुन १७ गते बिहिबार बिहान ११ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८० साल फागुन १७ गते बिहिबार बिहान ११ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १४ः२० बजे ।**